# अमर ज्योति

५३

साहित्यिक त्रैमासिक



पूर्व कर्मचारी विशेषांक, फाल्गुण-२०७८

जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : १८, पूर्णाङ्क ५३
(२०७८ पुस–फागुन)

**संरक्षक**
कुलमान घिसिङ

**प्रधान सम्पादक**
कृष्णदेव रिमाल 'शब्दसेना'

**कार्यकारी सम्पादक**
विष्णुप्रसाद आचार्य 'अतृप्त'

**सम्पादक समिति**
रमेश सागर
आविष्कार कला
रीता चालिसे
यादवराज घले

**व्यवस्थापक**
सङ्गीता अधिकारी
शारदा पोखरेल
बलराम पुडासैनी

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत मातृदास

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
चतुर्भुज गौतम, मकवानपुर
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

**प्रकाशक**
**विद्युत्कर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

**सम्पर्क**
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१–४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौँ ०१–४२४४५९७ द्वारा मुद्रित

# अनुभव, अनुभूति र सिर्जनारूपी खजानाको खोजीनीति

सुत्केरी हुनु अनुभव हो; सुँडेनी बनेर सुत्केरीको प्रसव-व्यथालाई महसूस गर्नु अनुभूति हो । यसरी सर्सर्ती बुझ्दा अनुभव भौतिक भोगाइको उत्पादन हो । अनुभूतिचाहिँ अनुभवीको अनुभवलाई साधारणीकरण र आन्तरिकीकरण गर्ने पद्धति हो । अलि गहिरो बुझाइ राख्दा अनुभव पाँच इन्द्रिय, मन र बुद्धिको माध्यमबाट प्रत्यक्षीकरण हुने स्थूल ज्ञान हो भने अनुभूति छैटौँ इन्द्रिय जागृत हुँदा बोध हुने सूक्ष्मतम मानसिक अनुभव हो ।

अनुभवले अनुभूति जन्माउन सक्छ; केबुलकार चढेको अनुभवले हवाईजहाज चढ्दा हुने अनुभूतिको पूर्वाभास गराउन सक्छ । फेरि सघन संवेदनशीलता र त्यसको गहिरो अनुभूतिले मान्छेलाई अनुभवको नजिक पुऱ्याउन बल पनि प्रदान गर्छ । त्यसैले यी दुईमा ‘को आमा, को छोरी हो त ?’ भनेर विवाद गर्नु व्यर्थ छ । वास्तवमा छोरी नै आमा र आमा नै छोरी हो ! एकले अर्कालाई जन्म दिने भएकाले यी दुवै सृष्टिस्वरूपा जननी नै हुन् । शब्दकोशीय अर्थ खोतल्दा पनि यी दुई अन्तरआबद्धित, सजातीय तर बेग्लाबेग्लै शब्द हुन् भन्ने बोध हुन्छ ।

भनिन्छ– अनुभव प्राप्त भएपछि तत् विषयसँग सम्बन्धित प्रश्नहरू निख्रन्छन्; वस्तु-तथ्य छर्लङ्ग हुन्छ । प्रश्नै-प्रश्न छ तर उत्तर छैन भने त्यहाँ अनुभव-पक्षको कमी छ भन्ने स्वतः सिद्ध हुन्छ । मानव-आयु त्यति पर्याप्त छैन ता कि आफ्नो विषय-क्षेत्रको सबै ज्ञान आफ्नै अनुभवबाट मात्र आर्जन गर्न सकियोस् । अनुभव प्राप्तिको यही कमी परिपूर्तिका लागि अनुभव गर्नबाट वञ्चित भइने वा अनुभव गर्नै नसकिने कतिपय विषयलाई पराई अनुभवको साधारणीकरण गरेर वा आफ्नै तार्किक अनुमानका आधारमा पनि बुझ्नुपर्ने अवस्था आउँछ, जुन अनुभूति पक्षसँग सम्बन्धित हुन्छ । सिकाइ, सिर्जना आदि अनुभव र अनुभूतिकै उपज हुन् । अनुभव र अनुभूतिबाट आर्जन हुने सिकाइ व्यवहारोपयोगी र टिकाउ हुन्छ, सिर्जना कलामय र हितकारी हुन्छ ।

उठान गरिन लागेको प्रसङ्ग पाकाको अनुभव र अनुभूतिको हो; सँगै उहाँहरूको सिर्जनात्मक साधनाको पनि हो । यस अङ्कमा हामीले केही फरक र नौलो प्रयोग गर्न खोजेका छौँ । त्यसो त कसैले नगरेको सर्वथा नौलो प्रयोग भनेर धाक लगाउने पक्षमा हामी छैनौँ । तर, यतिचाहिँ निर्धक्क भन्छौँ– विद्युत्कर्मी साहित्यिक समाजको इतिहासमा यो नयाँ प्रयोग हो । यस अङ्कमा हामीले नेपाल विद्युत प्राधिकरणको सेवामा प्रवेश गरी हालः सेवानिवृत्त जीवन-यापन

गरिरहेका पूर्व कर्मचारीहरूको वैयक्तिक/संस्थागत अनुभव र अनुभूति एवम् उहाँहरूको साहित्यिक-मूल्ययुक्त सिर्जनालाई सार्वजनिक रूपमा उजागर गर्न खोजेका छौँ । पाका पुस्ताका ज्ञान सीप, अनुभव, धारणा र सिर्जनालाई सङ्गृहीत गरी वर्तमान र भावी पुस्तालाई हस्तान्तरण गर्ने पुलको काम हामीले गर्न खोजेका छौँ यसपालि ।

हाम्रो यो खोजमूलक कार्यमा जोडिन समुन्द्रपारदेखि देशका विभिन्न भूभागबाट दुई दर्जनभन्दा बढी स्रष्टा र द्रष्टा व्यक्तित्वहरू आइपुग्नुभएको छ । त्यसैले यो अङ्कको सामग्रीमा विधागत विविधता र समावेशीपनको सुगन्ध पाउन सकिने कुरामा हामी विश्वस्त छौँ । यस अङ्कमा डायस्पोरिक लेखनदेखि अनुसन्धानात्मक लेखनसम्मका विषयहरू सङ्कलित छन् । 'अतिथि कलमबाट' शीर्षकअन्तर्गत संस्कृत भाषाको एउटा आलेखसमेत थपिनाले यो अङ्क बहुभाषिक सामग्रीको संयोजन गर्ने साहित्यिक दस्तावेज पनि बन्न पुगेको हामीले मानेका छौँ ।

टेलिफोनमा कुराकानी भएकै आधारमा वा सामाजिक सञ्जालबाट रचना आह्वान गरिएकै भरमा यति छोटो समयमा हाम्रा अग्रजहरूबाट विविध विधा र बान्कीका यति धेरै रचनाहरू प्राप्त हुँदा हामी गौरवले ८८४८.८६ मिटरको उपल्लो हदसम्मै चुलिएका छौँ । अग्रज पुस्तामा बाँचिरहेको यो साहित्यिक मोहले हाम्रो वर्तमान पुस्तालाई 'पूर्वज पुस्ता' हुने बेलासम्म सक्रिय रूपमा सिर्जन कर्ममा लागिरहन थप ऊर्जासमेत मिलेको छ । हामीले यस अङ्कमार्फत आफ्नै संस्थाको साहित्यिक इतिहासको गहिरो गर्तबाट अमूल्य साहित्यिक खजानाहरू खोजेर ल्याएका छौँ । प्रयासअनुसारकै प्राप्ति भएको छ र यो विशेषाङ्क सार्थक र सङ्ग्रहणीय बनेको छ भन्ने हाम्रो ठम्याइ छ ।

यस अङ्क प्रेसमा जाँदै गर्दा नेपाली साहित्यले प्रसिद्ध व्याकरणकार, समालोचक, स्वनामधन्य व्यक्तित्व एवम् झर्रोवादी आन्दोलनका प्रवर्तक ताना शर्मालाई गुमाएको छ । यस रिक्तताको परिपूर्ति नेपाली साहित्यले कहिल्यै गर्न सक्ने छैन । अतः यस दुःखद घडीमा हामी कीर्तिशेष हुनुभएका मूर्धन्य वाङ्मय-साधक ताना शर्माको स्वर्गीय आत्माको सायुज्य मुक्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा शोकलाई सहने शक्ति प्राप्त होस् भन्ने कामना पनि गर्दछौँ ।

हामीले कोशिश गरेका थियौँ । यो कोशिशमा अग्रजहरूको आशिष् पनि थपिएकाले नै आज पुस्तक यो रूपमा तपाईँहरूको हातमा उपलब्ध हुन सकेको छ । यहाँहरूले हामीलाई विश्वास गरेर आफ्ना अमूल्य रचना उपलब्ध गराउनुभएकै कारण अग्रजहरूको पदचाप पछ्याउने, उहाँहरूले गर्नुभएका असल कामलाई निरन्तरता दिने र थप केही नयाँ काम गर्ने 'विद्युत्कर्मी साहित्यिक समाज'को सङ्कल्पमा प्राणसञ्चार भएको अनुभूति भएको छ । अतः रचना उपलब्ध गराउनुहुने तमाम अग्रज साहित्यकारहरूप्रति कृतज्ञता जाहेर गर्दै लेखक/पाठक/समीक्षकज्यूहरूबाट रचनात्मक सुझावको अपेक्षा गरेका छौँ । पत्रिकाको वस्तुनिष्ठ समीक्षा गर्दै हाम्रो प्रयासले रिझायो कि बिझायो ? सो बारेमा पृष्ठपोषणका साथै सकारात्मक दिशानिर्देश गरिदिनुहुने नै छ ।

– *अतृप्त*

# यस अङ्कमा

## लेख / निबन्ध


कुलप्रसाद पराजुली ५
मोहिनीप्रसाद कोइराला (गुरु विश्वमोहनी) २७
कुसुम ज्ञवाली ३४
मोहनकृष्ण उप्रेती ४३
प्रमोद अमात्य ५१
आर. आर. चौलागाईं ५७
प्रेम देवकोटा ७५
नवराज लामिछाने ९९


## कथा


सबनम मुखिया ६१
राजु शर्मा ७८
मातृका पोखरेल ८१
दीपक दाहाल ९३


## गीत / गजल


डा. विजय सुब्बा ३९
वीरेन्द्र पाठक ५०


## कविता / हाइकु / छेस्का


मोहनबहादुर कायस्थ २२
विष्णु उपाध्याय २३
केशवप्रसाद रूपाखेती २५
विष्णुबहादुर सिंह २६
मञ्जुलाल श्रेष्ठ ४१
पुण्य घिमिरे ५६
राजेन्द्र आचार्य ६०
दुःखी माइला ७४
गङ्गा अधिकारी ८८
कृष्णहरि दाहाल 'अनबहत' ८९
कमला श्रेष्ठ ९१



कुलप्रसाद पराजुली

# 'विद्युत्तरङ्गदेखि अमरज्योतिसम्मको अथकयात्री 'विद्युत्कर्मी साहित्यिक समाज' सङ्क्षिप्त आकलन

**१. प्राक्कथन :**

प्रत्येक देशका आफ्नै संविधान र नियम-कानुनहरू हुन्छन् । संविधान देशको मूल कानुन हो । त्यो मूल कानुनले अख्तियारी गरेको प्रावधानअनुसार देशमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका स्थापना गरिएका हुन्छन् । व्यवस्थापिका देशभरिबाट कानुनतः निर्वाचित र मनोनित भएर आएका राजनीतिक जनप्रतिनिधिहरूले काम गर्ने थलो हो । कार्यपालिका देशमा शासन सञ्चालनका लागि गठित मन्त्रीहरूले काम गर्ने निकाय, जसलाई मन्त्रिपरिषद् पनि भनिन्छ । यसको गठन व्यवस्थापिकाले नै गरिदिएको हुन्छ । न्यायपालिकाचाहिँ देशको न्याय-व्यवस्था सञ्चालन गर्ने/गराउने मूल निकाय हो । यसले व्यवस्थापिकाले बनाएका नियम कानुनअनुसार कार्यपालिकाले ठीकसँग काम गरे/गराएको छ वा छैन भनी हेर्दछ र तिनको पालना गराउने काम पनि गर्दछ ।

व्यवस्थापिकाको मूल काम कानुन निर्माण गर्ने हो । उसले कार्यपालिका अर्थात् मन्त्रिपरिषद् गठन गरेर आफूले बनाएका कानुनको पालना गरी देश विकासका लागि प्रशासनिक कार्य सञ्चालन गर्न/गराउन आदेश दिन्छ । कार्यपालिकाले आफ्नो काम सञ्चालनका लागि विभिन्न मन्त्रालयहरू गठन गर्दछ । ती मन्त्रालयहरूअन्तर्गत विभाग र विभागहरूअन्तर्गत पनि विभिन्न सरकारी कार्यालयहरूको स्थापना गरिएका हुन्छन् ।

सरकारी कार्यालयको स्थापना तथा गठन र विस्तार गरेर विकास-निर्माणका काम सरकारले गर्दछ । मन्त्रालयहरूअन्तर्गत विभिन्न सङ्घ/संस्थान र समितिहरू गठन गरी विकास-निर्माणका कार्य गर्नुका साथै देशलाई आवश्यक पर्ने सामानहरूको आपूर्ति समेत गरे/गराएको हुन्छ । त्यस्ता सङ्घ संस्थानहरूमा खाद्य, दूरसञ्चार, विद्युत् आदि पर्दछन् ।

माथि भनिएका सरकारी कार्यालयहरू सङ्घ/संस्थान र समितिहरूमा स्वदेश र विदेशका विभिन्न विश्वविद्यालय तथा शिक्षालयहरूबाट विभिन्न शैक्षिक

उपाधि हासिल गरेका कर्मचारीहरू लोकसेवा उत्तीर्ण गरी पदीय व्यवस्थाअनुसार तोकिएका कार्य गर्दछन् । देशको सरकारी काम-कारबाही यसैगरी सञ्चालन भइरहेको हुन्छ ।

## २. साहित्य र विद्युत्कर्मीहरूमा साहित्यिक प्रेमाङ्कुर

नेपाल विद्युत् प्राधिकरण देशका लागि आवश्यक विद्युत् उत्पादन, प्रसारण र वितरण लगायतका कार्य गरी देशमा विद्युत्को आपूर्ति, वितरण र व्यवस्थापनको क्षेत्रमा काम गर्ने संस्थान हो । नेपाल विद्युत् प्राधिकरण ऐन २०४१ अनुसार वि.सं. २०४२ साल भदौ १ गते स्थापित यो सार्वजनिक संस्थान तत्कालीन पूवाञ्चल विद्युत् कर्पोरेसन र नेपाल विद्युत् कर्पोरेसनलगायत विद्युत् क्षेत्रका विभिन्न कार्यालय समायोजन भई स्थापना भएको संस्थान हो । यस संस्थानमा स्थायी र अन्य गरी लगभग दश हजार कर्मचारी काम गर्दछन् । ती कर्मचारीहरू पनि स्वदेश र विदेशका विभिन्न विषयमा विभिन्न उपाधि प्राप्त गरेपश्चात् लोकसेवासमेत उत्तीर्ण गरी प्राधिकरण सेवामा प्रवेश गरेका राष्ट्रसेवक हुन् ।

व्यक्ति पहिले विद्यार्थी र पछि कर्मचारी बनेको हुन्छ । पढेलेखेको व्यक्तिले आफू विद्यार्थी हुँदा पनि कुनै न कुनै रूपमा साहित्यको अध्ययन गरेकै हुन्छ । साहित्य सबैका लागि सधैँ प्रिय छ, सेवनीय छ । साहित्य र सङ्गीतविनाको मानव जीवनलाई सिङ-पुच्छर नभएको पशुसित तुलना गरेका छन् विज्ञहरूले । साहित्यका मौखिक र लिखित रूप हुन्छन् । मौखिक साहित्यअन्तर्गत लोकसाहित्य पर्दछ भने लिखित साहित्यमा शास्त्रीय तथा आधुनिक साहित्यका गद्य-पद्यआदि विविध रूप पर्दछन् । यी दुवै विधा उत्तिकै लोकप्रिय रहँदै आएका छन् ।

मौखिक तथा लोकसाहित्य लोकजीवनको धुकधुकीका रूपमा मुखमुखै जीवन्त रहन्छ । लोकजीवनका सुख-दुःख, आँसु-हाँसो, पीडा र छटपटी लोकसाहित्यमा सहज रूपमा मुखरित हुन्छन् । यसका स्रष्टा र उपभोक्ता पनि जनता आफैँ हुन् । लिखित साहित्यको जग पनि लोकसाहित्य नै हो । यो अलिखित साहित्य पनि औपचारिक शिक्षा लिएका वा नलिएका दुवै पक्षलाई उत्तिकै प्रिय हुन्छ । कार्यालय जीवनमा पनि साहित्यले कर्मचारीलाई उत्तिकै आकर्षित गर्नु स्वाभाविक भएकोले उसले अवसरको प्रतीक्षा गरिरहेको हुन्छ ।

दश हजारको हाराहारी कर्मचारी कार्यरत नेपाल विद्युत् प्राधिकरणजस्तो ठूलो संस्थाका कर्मचारीका अन्तर्दिलमा पनि साहित्यप्रतिको भोक नहुने कुरै थिएन । त्यो भोक यस संस्थाको चौथो वार्षिकोत्सवका अवसरले पूरा गरिदिएको सुनौलो अवसर हरेक साहित्यप्रेमी कर्मचारीले सधैँ सम्झनुपर्दछ ।

### ३. विद्युत् प्राधिकरणभित्र साहित्यिक बीजाधान

'एकश्चन्द्र तमो हन्ति न च तारा शतैरपि' शास्त्रको यो प्रतीकात्मक उद्घोष हो । प्रत्येक राम्रा काम र सुधारको सुरुवात एउटै सचेत र दूरद्रष्टा व्यक्तिले मात्र पनि गर्न सक्छ भन्ने आशय हो यो भनाइको ।

प्राधिकरणमा त्यस्तै भएछ । आर्थिक वर्ष २०४५/२०४६ मा नेपाल विद्युत् प्राधिकरण व्यवस्थापनले वरिष्ठ साहित्यकार पोषण पाण्डेलाई प्रेस सल्लाहकारका रूपमा प्राधिकरणमा नियुक्त गरेछ । साहित्य विधामा सशक्त कलम चलाउँदै नेपाली साहित्यको सेवामा समर्पित स्वर्गीय पाण्डेले प्राधिकरणको चौथो वार्षिकोत्सवका अवसरमा प्राधिकरणव्यापी प्रतियोगितात्मक कविता-वाचन कार्यक्रम पनि आयोजना गर्न व्यवस्थापनलाई सल्लाह दिएर सो प्रतियोगिता सुरु गराएका रहेछन् । वि.सं २०४६ मङ्सिरमा यी पङ्क्ति लेखकको प्रवेश प्राधिकरणको प्रशासन सेवामा भयो । त्यसपछिका प्राधिकरणका वार्षिकोत्सव कार्यक्रमहरूमा पनि सो कविता-वाचन कार्यक्रमले निरन्तरता पाई नै रह्यो ।

### ४. विद्युत्कर्मी साहित्यिक समाजको स्थापना र सान्दर्भिकता

प्राधिकरणका वार्षिकोत्सव कार्यक्रमहरूले औपचारिक रूपमा मान्यता दिएको सोही साहित्यिक कार्यक्रमको पृष्ठभूमि भविष्यका लागि औधि सकारात्मक बन्यो । फलतः कालान्तरमा यी पङ्क्ति लेखकको नेतृत्वसहित त्यहाँ कार्यरत साहित्यप्रेमी कर्मचारी मित्रहरूको संयुक्त पहलमा विद्युत्कर्मी साहित्यिक समाजको जग उभिन गएको विशेष स्मरणीय छ ।

शिक्षाको विकास र आधुनिक राज्य-व्यवस्थाको उदयपछि शिक्षित तथा पढेलेखेको मानव-समुदाय राज्यका विभिन्न पेशामा कार्यरत रहँदै आएको सत्य सबैका सामु छर्लङ्ग छ । नेपालको सार्वजनिक प्रशासन व्यवस्थाअन्तर्गत सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारी-वर्ग पनि साहित्यिक रचना-सिर्जनाप्रति विशेष रुचिका साथ लागिपर्दै आएका छन् भन्दा असत्य बोलेको ठहर्दैन । चाहे नेपाल राष्ट्र बैङ्कको 'मिर्मिरे', कृषि विकास बैङ्कको 'समष्टि' आदि पत्रिकाका साहित्यिक अभियान हुन् वा गोरखापत्र संस्थानका 'मधुपर्क', 'मुना', 'युवामञ्च' आदिका प्रकाशन । ती सबैको श्रेय त्यहाँका साहित्यानुरागी कर्मचारी र उनीहरूलाई सहयोग गर्ने साहित्यप्रेमीहरूकै प्रयासका सुखद परिणति हुन् । नेपाल विद्युत् प्राधिकरणका 'विद्युत्तरङ्ग', 'ज्योति', 'सरोवर', 'विद्युत्-सन्देश' आदि प्रकाशनहरूका साथै अन्य विभिन्न सार्वजनिक संस्थानहरूद्वारा सञ्चालित विभिन्न साहित्यिक गतिविधिहरूबाट समेत त्यसको पुष्टि भइसकेको छ । शिक्षित व्यक्ति कार्यरत

संस्थामा साहित्यिक रचना सिर्जना र साहित्यिक गतिविधि सञ्चालित हुनु नौलो कुरा होइन । सर्जक जहाँ, जुन अवस्थामा होस्– ऊ जस्तै सुख्खा मौसममा पनि दुबोले जरा हालेझैँ रचना सिर्जना गरेरै छाड्छ भन्ने दरो प्रमाण 'दायित्व वाङ्मय प्रतिष्ठान' नेपालद्वारा २०६१ वैशाखमा प्रकाशित निजामती साहित्यकार विशेषाङ्क ('दायित्व' वर्ष १८, पूर्णाङ्क ४८) पनि हो ।

**५. संस्थागत साहित्यिक प्रयासमा प्राधिकरणका कर्मचारी**

नेपाल विद्युत् प्राधिकरणमा करार सेवाअन्तर्गत प्रेस सल्लाहकारको रूपमा कार्यरत वरिष्ठ साहित्यकार स्वर्गीय पोषण पाण्डेको प्राधिकरणमा प्रवेशपछि औपचारिक मान्यता पाएको साहित्यिक गतिविधिले साहित्यप्रति रुचि राख्तै आएका यस संस्थामा कार्यरत कर्मचारीहरूमा जुर्मुराहट आएको आयै भयो । ताउलो नताती बिँड तातेर मात्र परिकारको परिपाक हुँदैन भन्ने नेपाली लोकोक्ति यहाँ सम्झनु जरुरी छ । साहित्यकार पोषण पाण्डेको अवधारणा र प्रयासमात्र पर्याप्त नभएर साहित्यप्रति रुचि राख्ने प्राधिकरणका कर्मचारीहरूको साथ र सहयोग पनि उत्तिकै अनिवार्य थियो । तत्काल प्राधिकरणमा कार्यरत स्व.पुष्पनाथ शर्मा भण्डारी, स्व. ठाकुरराज पाण्डे, स्व.रमापति पराजुलीका साथै श्री मोहनबहादुर कायस्थ र श्री रत्नकाजी तुलाधरआदिले त्यसमा अग्रसरता लिए; तत्कालीन प्रशासनले त्यसमा सहयोग गऱ्यो र कविता-वाचन कार्यक्रम पनि सफल भएको कुरा मननीय छ ।

माथि भनेबमोजिम यो पङ्क्तिकारले प्रशासकीय अधिकृतका रूपमा प्राधिकरणको प्रशासनिक सेवामा प्रवेश गरेपछिका दिनहरूमा साहित्यिक कर्मचारी मित्रहरूसित क्रमिक घुलमिल गर्न थाल्यो । विभिन्न अवसरमा कतै कोठे त कतै औपचारिक छलफल र साहित्यिक गतिविधि सञ्चालन भए । क्रमिक रूपमा भए/गरिएका ती प्रयासले सबैका मनमा एउटा स्थायी साहित्यिक मञ्चको आवश्यकता छ भन्ने मानसिक सङ्कल्पको जन्म भयो । एकातिर हाम्रा सतत् प्रयासका चाहनाको विकासले थप जरा हाली नै रह्यो भने अर्कातिर वि.सं. २०४६ देखि २०५३/२०५४ सम्मका प्राधिकरणका वार्षिक कार्यक्रमहरूमा कविता-वाचन कार्यक्रमले क्रमिक रूपमा मान्यता पाई सञ्चालन भई नै रह्यो ।

परिपाकको आवश्यकता हरेक कुरामा पर्छ नै । त्यस्तो परिपाक समयले आफैँ गराउँछ । त्यसैले भनिएको हो– समय सधैँ, सबैको गुरु हो । 'शनैः कन्थाः, शनैः पन्थाः शनैः पर्वत लङ्घनं, शनैः विद्या शनैः वित्तं पञ्चैतानि शनैः शनैः ।' । जीर्ण वस्त्र सिलाउने, लामो बाटो हिँड्ने, पहाड चढ्ने, विद्या र धन सञ्चय गर्ने

लगायतका महत्त्वपूर्ण काम तत्काल सम्भव नभएर बिस्तारै क्रमिक रूपमा हुन्छन् भन्ने यो सदूक्तिबमोजिम हामी विद्युत्कर्मीहरूको बुद्धि, विवेक र सोचमा पनि क्रमिक परिपाक हुँदै गयो । फलतः वि.सं .२०५४ सालदेखि वार्षिकोत्सवमा वाचित कविताहरू सङ्ग्रह गरेर एउटा कृति प्रकाशित गर्ने निधो गर्‍यौँ र काम पनि थाल्यौँ । कृतिको नाम जुराउने कामको जिम्मा मलाई दिइएकोले 'विद्युज्ज्योति' र 'विद्युत्तरङ्ग' दुई वटा नाम प्रस्ताव गरकोमा 'विद्युत्तरङ्ग'ले समर्थन पायो । यो कवितासङ्ग्रह प्रकाशित भएपछि हामीले निकै स्याबासी र हौसला पनि पायौँ । हामी अझ उत्साहित भएर प्राधिकरणभित्र साहित्यिक कार्यक्रमलाई संस्थागत गर्ने निर्णयका साथ काम गर्न पनि थाल्यौँ ।

'उत्साह सम्पन्नमदीर्घसूत्रं क्रियाविधिज्ञं व्यसनेष्वशक्तं । सूरंकृतज्ञ दृढसौहृदञ्च लक्ष्मीः स्वयं याति निवास हेतोः ।' यो नीतिवचनले भन्छ– उत्साही, फटाफट काम-कर्तव्य निर्वाह गर्ने, कामको मेलोमेसो बुझ्ने, आलस्यरहित, शूरवीर, अरूको सहयोगप्रति कृतज्ञ रहने र मित्रप्रति प्रगाढ विश्वासी व्यक्तिका घर वा कार्यमार्गमा निवास गर्न लक्ष्मी आफैँ आउँछिन् । आखिर त्यस्तै भयो पनि । प्राधिकरणको उच्च तहका कर्मचारी मित्रहरू पनि हाम्रो अभियानमा रहनुभएकोले साहित्यिक समाज स्थापनाको कुरा व्यवस्थापनमा पुग्न प्रशस्त सहज भयो । प्रस्ताव पेश भएका २/३ दिनभित्रै व्यवस्थापनले हाम्रो प्रस्तावलाई सकारात्मक रूपमा लिएर 'नेपाल विद्युत् प्राधिकरण विद्युत्कर्मी साहित्यिक समाज' नामकरण गरी साहित्यिक गतिविधि अघि बढाउने स्वीकृति प्रदान गरेर हामीलाई व्यवस्थापनले ठूलो गुन लगायो ।

### ६. विद्युत्कर्मी साहित्यिक समाजको वैधता

अबका दिनमा हामीभित्र हौसलाको बाढी नै आयो । कुनै विलम्ब र लामो छलफलमा नअलमलिई समाजको प्रस्तावित विधानमा सामान्य परिमार्जन गरेर प्राधिकरणको सिफारिससहित जिल्ला प्रशासन कार्यालय, काठमाडौँको द.नं. ४७/०६०।०६१ मा यो समाज दर्ता गर्न सफल भयौँ । हाम्रा साहित्यिक सपना-जपनाका सामूहिक प्रयासले वैधानिक रूपमा पूर्ण सफलता पाएको भुल्नै नसकिने त्यो सुनौलो अवसर २०६० साउन ९ गते शुक्रवार कामिका एकादशीको दिन थियो ।

### ७. विद्युत्कर्मी साहित्यिक समाजका सङ्क्षिप्त गतिविधि

ने.वि.प्रा.का सहकर्मी साहित्यिक साथीहरूको सहयोग र सल्लाहमा सो समाजको संस्थापक अध्यक्ष म आफैँ हुने सौभाग्य पाएँ । कविता-वाचन कार्यक्रम

निरन्तर चल्दै गयो । बीचबीचमा साहित्यिक भेला, गोष्ठी पनि गर्दै गयौँ । प्रतिवर्ष वसन्त काव्यगोष्ठीहरू पनि आयोजना गरी सम्पन्न भए । ती कार्यक्रमहरूले अझै निरन्तरता पाइरहेको सुखद अवसर छ भने अन्य थुप्रै रोचक साहित्यिक तथा मनोरञ्जनात्मक कार्य पनि समाजले गरिरहेकै छ । प्राधिकरणभित्रका र विभिन्न संस्थान, विश्वविद्यालय र निजामती क्षेत्रलगायत साहित्यिक क्षेत्रका विभिन्न साहित्यकारहरूलाई पनि कविता-वाचन र साहित्यिक कार्यक्रमहरूमा निम्त्याएर आफूभित्र साहित्यिक ऊर्जा थप्तै गयौँ ।

हाम्रा औपचारिक कार्यक्रमहरूका प्रमुख अतिथि र अतिथिको रूपमा राष्ट्रकवि स्व. माधवप्रसाद घिमिरे, वरिष्ठ लोककवि स्व. धर्मराज थापालगायत अन्य ख्यातिप्राप्त विशिष्ट साहित्यकारहरू भइसक्नुभएको छ । उहाँहरूलाई क्रमिक रूपमा निम्त्याएर हाम्रो साहित्यिक अभियान अघि बढाउँदै जाँदा हाम्रो प्रकाशन 'विद्युत्तरङ्ग'ले पनि मेरो कार्यकालमा १३ औँ अङ्कको यात्रा पार गरिसकेको थियो । यो समय ने.वि.प्रा.को २४ औँ वार्षिकोत्सव २०६६ भाद्रको हो ।

समाज दर्ताको कार्य सम्पन्न भएपछिका अवधिमा यो समाजले विद्युत्कर्मी साहित्यिक समाजको सदस्यता प्रदानलगायतका सङ्गठन विस्तार, प्रचारप्रसार र कविता-वाचन कार्यक्रम पनि गर्दै आयो । आन्तरिक रूपमा 'विद्युत्तरङ्ग' र 'ज्योति' साहित्यिक पत्रिकाको प्रकाशन र साहित्यिक गतिविधि सञ्चालन गर्नुका साथै रेडियो नेपालको साहित्यिक कार्यक्रमलगायत विभिन्न सञ्चारमाध्यममा पनि यो समाजलाई हामीहरूले पुऱ्यायौँ । प्राधिकरणबाहिरका साहित्यिक माहोलमा आफूलाई स्थापित गर्ने हाम्रो सफलता निकै आनन्ददायी बनेकोले हाम्रो अभियान तीव्रतासाथ अघि बढ्दै गयो ।

वि.सं.२०६६ चैत २० गते उमेरको हदले प्राधिकरण सेवाबाट मेरो अनिवार्य अवकाश हुनुअघि 'विद्युत्तरङ्ग'का १३ अङ्कका साथै २०६१ भदौमा 'ज्योति' साहित्यिक पत्रिकाको पहिलो अङ्क र २०६२ भदौमा दोस्रो अङ्क मेरै प्रधान सम्पादकत्वमा प्रकाशित गरिसकेको सुखद अवस्थामा हामी थियौँ ।

## ८. विद्युत्तरङ्गदेखि अमरज्योतिसम्मका प्रकाशन

### (क) सम्पादनसम्बन्धी सङ्क्षिप्त विवरण:

| प्रधान/कार्यकारी सम्पादक | प्रबन्ध सम्पादक | प्राधिकरणका वार्षिकोत्सव | अङ्कको नाम | संरक्षकको नाम |
|---|---|---|---|---|
| संयोजक मोहन ब. कायस्थ | कविता समिति | १२ औँ २०५४ भाद्र | विद्युत्तरङ्ग कविता अङ्क | कीर्तिचन्द ठाकुर |

| | | | | |
|---|---|---|---|---|
| " | " | १३ औँ २०५५ भाद्र | " | देवीप्र. वास्तोला |
| कार्यकारी सम्पादक कुलप्रसाद पराजुली | | १४ औँ २०५६ भाद्र | " | डा.भोला चालिसे |
| " | केशवप्र. रूपाखेती | १५ औँ २०५७ भाद्र | " | विष्णुवम मल्ल |
| " | केशवप्र. रूपाखेती | १६ औँ २०५८ भाद्र | " | " |
| " | " | १७ औँ २०५९ भाद्र | " | डा.जनक कर्माचार्य |
| " | " | १८ औँ २०६० भाद्र | " | " |
| प्रधानसम्पादक कुलप्रसाद पराजुली | " | १९ औँ २०६१ भाद्र | " | " |
| " | कार्यकारी सम्पादक पुण्यप्रसाद घिमिरे प्रबन्ध सम्पादक केशवप्र. रूपाखेती | २० औँ २०६२ भाद्र | " | " |
| " | कार्यकारी सम्पादक कृष्णमो. जोशी प्रबन्ध सम्पादक सरिता शर्मा | २१ औँ २०६३ भाद्र | " | अर्जुनकुमार कार्की |
| " | कार्यकारी सम्पादक रामेश्वर राउत प्रबन्ध सम्पादक केशवप्र. रूपाखेती | २२ औँ २०६४ भाद्र | " | " |
| " | " | २३ औँ २०६५ भाद्र | " | " |
| " | " | २४ औ २०६६ भाद्र | " | डा.जीवेन्द्र झा |
| भगवती प्रसाईँ | " | २५ औँ २०६६ भाद्र | " | " |
| प्रधानसम्पादक कुलप्रसाद पराजुली | कार्यकारी सम्पादक मातृका पोखरेल | १९ औँ २०६१ भाद्र | ज्योति वर्ष १, अङ्क १ | डा.जनक कर्माचार्य |
| " | " | २० औँ २०६२ भाद्र | वर्ष २, अङ्क २ | " |
| प्रधानसम्पादक केशव प्र.रूपाखेती | " | २१ औँ २०६३ असार | वर्ष ३, अङ्क ३ | अर्जुनकुमार कार्की |

| | | | | |
|---|---|---|---|---|
| ” | कार्यकारी सम्पादक विष्णुबहादुर सिंह | २०६३ माघ | वर्ष ३, अङ्क ४ | ” |
| ” | कार्यकारी सम्पादक कुसुम ज्ञवाली | २२ औँ ०६४ साउन | वर्ष ४, अङ्क ५ | ” |
| प्रधान-सम्पादक विष्णुबहादुर सिंह | कार्यकारी सम्पादक मातृका पोखरेल | २३ औँ ०६५ असोज | वर्ष ५, अङ्क ६ (त्रैमासिक ) | ” |
| ” | ” | २०६५पुस | वर्ष ५, अङ्क ७ | ” |
| ” | ” | २४ औँ ०६६साउन | वर्ष ६, अङ्क ८ | डा.जीवेन्द्र झा |
| ” | ” | २०६६ माघ | वर्ष ६, अङ्क ९ | ” |
| ” | ” | २५ औँ ०६७ साउन | वर्ष ७,अङ्क १० | ” |
| ” | ” | २०६७ फागुन | वर्ष ७, अङ्क ११ | ” |
| प्रधान-सम्पादक वीरेन्द्र पाठक | ” | २६ औँ ०६८ साउन 'ज्योति' वार्षिक | वर्ष ७, अङ्क १२ | दीपेन्द्र शर्मा |
| ” | ” | २०६८ पुस | वर्ष ७, अङ्क १३ | ” |
| ” | ” | २०६९ वैशाख | वर्ष ८, अङ्क १४ | ” |
| ” | ” | २७ औँ ०६९ साउन | वर्ष ८, अङ्क १५ | महेन्द्रलाल श्रेष्ठ |
| ” | ” | २०६९ मङ्सिर | वर्ष ८, अङ्क १६ | रामेश्वर यादव |
| ” | ” | २०७० वैशाख | वर्ष ९, अङ्क १७ | ” |
| प्रधान-सम्पादक पुण्यप्रसाद घिमिरे | ” | २०७० असार | वर्ष ९, अङ्क १८ | ” |
| ” | ” | २८ औँ ०७० भदौ | वर्ष ९, अङ्क १९ | ” |
| ” | ” | २०७० मङ्सिर | वर्ष ९, अङ्क २० | अर्जुनकुमार कार्की |
| ” | कृष्णदेव रिमाल | २०७० फागुन | वर्ष ९, अङ्क २१ | ” |
| ” | ” | २०७१ वैशाख | वर्ष ९अङ्क २२ | ” |
| ” | ” | २९ औँ ०७१ साउन | वर्ष ९, अङ्क २३ | ” |
| ” | ” | २०७१ कार्तिक | वर्ष १० अङ्क २४ | मुकेशराज काफ्ले |
| ” | ” | २०७१ माघ | वर्ष १०, अङ्क २५ | ” |
| ” | ” | २०७२ वैशाख | वर्ष १०, अङ्क २६ | ” |
| ” | ” | ३० औँ ०७२ साउन | वर्ष ११, अङ्क २७ | ” |
| ” | ” | २०७२ मङ्सिर | वर्ष ११, अङ्क २८ | ” |

| | | | | |
|---|---|---|---|---|
| " | " | २०७२ फागुन | वर्ष ११, अङ्क २९ | " |
| प्रधानसम्पादक रामेश्वर राउत | " | अमरज्योति २०७३, जेठ | वर्ष ११, अङ्क ३० | " |
| " | " | ३१ औँ ०७३ असार-भदौ | वर्ष ११, अङ्क ३१ | " |
| " | " | ०७३ असोज-मार्ग | वर्ष ११, अङ्क ३२ | कुलमान घिसिङ |
| " | " | ०७३ पुस-फागुन | वर्ष ११, अङ्क ३३ | " |
| " | " | ०७४ चैत-जेठ | वर्ष ११, अङ्क ३४ | " |
| " | " | ३२ औँ ०७४ असार-भदौ | वर्ष ११, अङ्क ३५ | " |
| " | " | ०७४ असोज-मङ्सिर | वर्ष ११, अङ्क ३६ | " |
| " | " | ०७४ पुस-फागुन | वर्ष ११, अङ्क ३७ | " |
| " | " | ०७४ चैत-जेठ | वर्ष ११, अङ्क ३८ | " |
| " | " | ३३ औँ ०७५ असार-भदौ | वर्ष ११, अङ्क ३९ | " |
| " | " | ०७५ असोज-मार्ग | वर्ष ११, अङ्क ४० | " |
| " | " | ०७५ पुस-फागुन | वर्ष ११, अङ्क ४१ | " |
| " | " | ०७५ चैत-०७६जेठ | वर्ष ११, अङ्क ४२ | " |
| प्रधानसम्पादक कृष्णदेव रिमाल | कार्यकारी स. विष्णु प्र. आचार्य | ३४ औँ ०७६ असार-भदौ | वर्ष १६, अङ्क ४३ | " |
| " | " | ०७६ असोज-मार्ग | वर्ष १६, अङ्क ४४ | " |
| " | " | ०७६ पुस-फागुन | वर्ष १६, अङ्क ४५ | " |
| " | " | ०७६चैत-०७७ जेठ | वर्ष१६, अङ्क ४६ | " |

| | | | | |
|---|---|---|---|---|
| ” | ” | ३५ औँ ०७७ असार-भदौ | वर्ष १७ अङ्क ४७ | ” |
| ” | ” | ०७७ असोज-मार्ग | वर्ष १७, अङ्क ४८ | ” |
| ” | ” | ०७७ पुस-फागुन | वर्ष १७, अङ्क ४९ | हितेन्द्रदेव शाक्य |
| ” | ” | ०७७चैत-०७८जेठ | वर्ष १८ अङ्क ५० | ” |
| ” | ” | ३६ औँ ०७८ असार-भदौ | वर्ष १९अङ्क ५१ | कुलमान घिसिङ |
| ” | ” | ०७८ असोज-मार्ग | वर्ष १९, अङ्क ५२ | ” |
| ” | ” | ०७८ फागुन-चैत | वर्ष१९, अङ्क ५३ | ” |

## (ख) विद्युत्कर्मी साहित्यिक समाजका सहसंरक्षकहरू:

| क्रम | नाम, थर | क्रम | नाम, थर | कम | नाम, थर |
|---|---|---|---|---|---|
| १ | श्री मोहन ब. कायस्थ | २ | श्री विष्णुबहादुर सिंह | ३ | श्री डम्बरबहादुर नेपाली |
| ४ | श्री गोविन्दकुमार के.सी. | ५ | श्री बद्रीविनोद ढुङ्गाना | ६ | श्री रत्नकाजी तुलाधर |
| ७ | डा. लक्ष्मीभक्त शिल्पकार | ८ | लोकमान मास्के | ९ | श्री शम्भुप्रसाद उपाध्याय |
| १० | श्री रामचन्द्र पाण्डेय | ११ | श्री हरिबहादुर गसी. | १२ | श्री शेरसिंह भाट |

## (ग) विद्युत्कर्मी साहित्यिक समाजका आजीवन सदस्यहरू

### (१) संस्थापक आजीवन सदस्य

| क्रम | नाम, थर | कम | नाम, थर | क्रम | नाम, थर |
|---|---|---|---|---|---|
| १ | श्री कुल प्र. पराजुली | २ | श्री केशव प्र.रूपाखेती | ३ | श्री कृष्णमोहन जोशी |
| ४ | श्री पुण्य प्र.घिमिरे. | ५ | श्री कमला श्रेष्ठ | ६ | श्री गङ्गा अधिकारी |
| ७ | श्री भगवती प्रसाइँ | ८ | श्री मातृका पोखरेल | ९ | श्री रमेशप्रसाद तिमल्सिना |
| १० | श्री रमेश प्र. न्यौपाने | ११ | श्री रामेश्वर राउत | | |

**(२) संस्थापकबाहेकका थप आजीवन सदस्यः**

'अमरज्योति' वर्ष १८ , पूणाङ्क ५२/२०७८ असोज-मङ्सिर अङ्कअनुसार क्रमसङ्ख्या ०१ का श्री विष्णुप्रसाद उपाध्यायदेखि क्रमसङ्ख्या २९२ का श्री विष्णुप्रसाद देवकोटासम्म २९२ जना र संस्थापक आजीवन सदस्य ११ जनासमेत जम्मा आजीवन सदस्य सङ्ख्या ३०३ पुगेको छ ।

**(घ) 'ज्योति'का विशेष अङ्कहरू**

निरन्तरताका अथक प्रयासै प्रयासका बीचमा विद्युत्कर्मी साहित्यिक समाजले ज्योतिका निम्नलिखित विशेष अङ्क पनि प्रकाशित गऱ्योः

| प्रकाशनको नाम | पूर्णाङ्क र प्रकाशन समय | विशेष अङ्कको नाम |
|---|---|---|
| ज्योति त्रैमासिक | वर्ष ४, पूर्णाङ्क ५, २०६४ साउन | लघुकथा अङ्क विशेष |
| " | वर्ष ७, पूर्णाङ्क १२, २०६८ साउन | ठाकुरराज पाण्डे विशेष |
| " | वर्ष ८, पूर्णाङ्क १५, २०६९ साउन | अम्बरप्रसाद रिजाल विशेष |
| " | वर्ष ९, अङ्क १९, ०७० भदौ | स्व.पुष्पनाथ शर्मा विशेष |
| " | वर्ष ९, पूर्णाङ्क २२, २०७१ वैशाख | झिल्टुङ विशेष |
| " | वर्ष ९, पूर्णाङ्क २३, २०७१ साउन | रमापति पराजुली विशेष |
| " | वर्ष १०, पूर्णाङ्क २७, २०७२ साउन | मोहनबहादुर कायस्थ विशेष |
| अमरज्योति | वर्ष ११, पूर्णाङ्क ३०, २०७३ जेठ | यो अङ्कबाट अमरज्योति भएको |
| " | वर्ष ११, अङ्क ३१/०७३ असार-भदौ | विष्णुबहादुरसिंह विशेष |
| " | वर्ष ११, पूर्णाङ्क ४०, ०७५ असोज-मङ्सिर | योगी नरहरिनाथ विशेष |
| " | वर्ष १६, पूर्णाङ्क ४४, ०७६ असोज-मङ्सिर | नियात्रा विशेष |
| " | वर्ष १६, पूर्णाङ्क ४६, ०७६ चैत-०७७ जेठ | कोरोना सचेतना विशेष |
| " | वर्ष १७, पूर्णाङ्क ४९, ०७७ पुष-फागुन | पहिलो ऐतिहासिक पावरहाउस फर्पिङ विशेषाङ्क |
| " | वर्ष १८, पूर्णाङ्क ५३, ०७८ पुष-फागुन (तपाईंको हातमा) | नेविप्रा पूर्वकर्मचारी विशेषाङ्क |

### (ङ) 'ज्योति'भित्र प्रकाशित केही विशेष विषयवस्तु

| अङ्क | विषयवस्तुको शीर्षक | लेखक |
|---|---|---|
| १ | साहित्य, सङ्गीत र कलाको सामञ्जस्य | स्वामी चन्द्रेश |
| | संस्थानभित्रका साहित्यिक गतिविधि | कुलप्रसाद पराजुली |
| २ | मधुगङ्गा मेला | स्व.पुष्पनाथ शमा |
| | कषि विकास बैङ्कका साहित्यिक गतिविधि | |
| | नेपाल वि.प्राधिकरणभित्र अङ्कुरित साहित्य र स्रोतको खोजी | कुलप्रसाद पराजुली |
| ३ | बैङ्क, विद्युत् र विद्युत्कर्मी साहित्यिक समाजका गतिविधि | हिरण्यलाल ज्ञवाली |
| ९ | सामाजिक राजनीतिक परिवर्तनमा स्रष्टाको भूमिका | मधुसूदन पन्थी |
| | धरावासीको 'राधा' पूर्वआधुनिकदेखि उत्तरआधुनिक विस्तारसम्म | प्रा.कृष्ण गौतम |
| २५ | सुन्दरको गञ्जागोल र ईश्वरको रोदन | डा.पद्म देवकोटा |
| २६ | अराजताको चक्रव्यूहमा नेपाली भाषा | शरच्चन्द्र वस्ती |
| ३० | श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको विजययात्रा | प्रा.जगमान गुरुङ |
| | नेपाली साहित्यकारका मातापिताको अध्ययन परम्परा | डा.भूपहरि पौडेल |
| | महाभूकम्पले अपहरण गरेको धरहरा | डिल्लीराम मिश्र श्रमजीवी |
| ३१ | जुरेलीको ज्ञान कविता | लक्ष्मीप्रसाद देवकोटा |
| ३२ | विश्व कविता दिवस | डा.अमर गिरि |
| | किन यति निरंकुश ? | डा.गोविन्दराज भट्टराई |
| | अमरज्योतिको खोजी | डा.बमबहादुर जिताली |

### (च) ज्योतिको फेरिंदो रूप

| क्रम | विषयवस्तु |
|---|---|
| १ | आर्थिक वर्ष ०६०।०६१ मा यो समाज दर्ता भएपछि भने विद्युत्तरङ्गले यो समाजको मुखपत्रको उपाधि पाएर ने.वि.प्रा.को २४ औँ वार्षिकोत्सव २०६६ सम्म प्रकाशित हुँदै आयो । |
| २ | प्रधानसम्पादक श्री केशव रूपाखेतीको कार्यकालमा प्रकाशित पाँचौं लघुकथा अङ्क–०६४ साउनदेखि ज्योतिले अर्द्धवार्षिक रूप लिन पुग्यो । |
| ३ | प्रधानसम्पादक श्री वीरेन्द्र पाठकको कार्यकालमा ज्योतिको १२ औँ अङ्क–२०६८साउनदेखि ज्योतिले साहित्यिक त्रैमासिक रूप लियो । |

| | |
|---|---|
| ४ | २०५४ भदौदेखि २०६७ भदौसम्म १४ वर्ष प्रकाशित वार्षिक कविता विशेषाङ्क विद्युत्तरङ्गको इतिहासलाई गाभेर 'ज्योति साहित्यिक त्रैमासिक' प्रकाशित गर्दाको यो अवसर नेपाल विद्युत् प्राधिकरणले आफ्नो २६ औँ वार्षिकोत्सव मनाइरहेको थियो । अब विद्युत्तरङ्गको प्रकाशन बन्द हुन गएकोले यो अवधिपछिका वर्षहरूमा विद्युत्तरङ्गको प्रतिनिधित्व ज्योति साहित्यिक त्रैमासिक प्रकाशनले गर्दै आयो । |
| ५ | आर्थिक वर्ष २०७१/२०७२ सम्म विद्युत्तरङ्ग र ज्योतिको ३० औँ अङ्कले २०७३-जेठदेखि 'अमरज्योति'को नाम पाएर प्रकाशित भएपछि ज्योतिको इतिहास अमरज्योतिसित गाँसियो । |

### (९) स्रष्टाको कदर-सम्मान

विद्युत्कर्मी साहित्यिक समाजले उक्त कार्यक्रममा मात्र सीमित रहेर चित्त बुझाएको छैन । साहित्यिक कार्यक्रमका साथै स्रष्टा सम्मानका कार्यक्रमलाई पनि यसले जारी राखेको सुखद पक्ष हाम्रा सामु छर्लङ्ग छ । एकअर्काको योग्यता, क्षमता, सल्लाह सहयोग र योगदानको उचित कदर, सम्मान तथा अभिनन्दन गर्नु हाम्रो पूर्वीय जीवनपद्धतिको दर्शन र सभ्यता नै बन्दै आएको छ । यो परम्परालाई पनि यो समाजले भुलेको छैन । यो विशिष्ट चिन्तन परम्परालाई मनन गरी यो समाजले प्राधिकरण सेवाबाट अवकाश प्राप्त ने.वि.प्रा.का स्रष्टा एवम् सहयोगीलाई केही आर्थिक रकमसहित 'अमरज्योति कदर-सम्मान' प्रदान गरेको छ, जसको विवरण यसै पुस्तकको पृष्ठ ११२ मा प्रकाशित छ ।

### (१०) कृतिको प्रकाशन/विमोचनका काम

कार्यसमितिले विद्युत्कर्मी साहित्यिक समाजका साहित्यिक गतिविधिको निरन्तरताका क्रममा स्रष्टाहरूका कृतिको प्रकाशन र विमोचनका काम पनि गरेर स्रष्टाका रचनात्मक कार्यको कदर, सम्मान गर्नुका साथै प्रोत्साहन पनि गरेको गरेको छ, जसको विवरण यसै पुस्तकको पृष्ठ ११२ मा प्रकाशित छ ।

### (११) विद्युत्कर्मी साहित्यिक समाजका कार्यसमितिहरू

विद्युत्कर्मी साहित्यिक समाजको संस्थापक कार्यसमिति २०५६ मा चयन भएको थियो । त्यसपछि प्रथम कार्यसमिति-२०६२, दोस्रो कार्यसमिति-२०६४, तेस्रो कार्यसमिति-२०६७, चौथो कार्यसमिति-२०७०, पाँचौँ कार्यसमिति-२०७३, छैटौँ कार्यसमिति-२०७३ मा निर्वाचित भए । जसको विवरण यसै पुस्तकको पृष्ठ १०६ मा प्रकाशित छ ।

## (१२) निष्कर्ष

| | |
|---|---|
| (क) विद्युत्कर्मी साहित्यिक समाजका संरक्षक | वि.सं.२०७८ सम्मको अवधिमा नेपाल विद्युत प्राधिकरणले आफ्नो ३६ औँ वार्षिकोत्सव मनाइसकेको सुखद अवस्था छ । यस अवधिमा प्राधिकरणको प्रशासकीय कार्यकारी पदमा माथि ८ (क) मा उल्लेख गरिएअनुसार श्री कीर्तिचन्द ठाकुरदेखि श्री कुलमान घिसिङसम्म १७ जना कार्यकारी निर्देशकको कार्यकाल समाप्त भई १८ औँ कार्यकारी निर्देशकको कार्यकाल चलिरहेको भए पनि दोहोरिएका नाम गणना नगर्दा १३ जना कार्यकारी निर्देशक तथा विद्युत्कर्मी साहित्यिक समाजका संरक्षकले जिम्मेवारी वहन गरिसक्नुभएको छ । |

(ख) पत्रिका प्रकाशनको क्रमः २०५४ देखि २०६६ भदौसम्ममा विद्युत्तरङ्गका १४ अङ्क, २०६१ देखि प्रकाशन सुरु भएको ‘ज्योति’ २०७३ जेठदेखि ‘अमरज्योति’मा परिणत भएपछि २०७८ फागुन-चैतसम्मका ५३ अङ्क प्रकाशनको क्रम यस्तो रह्यो :

| ने.वि.प्रा.का वार्षिकोत्सव | प्रधानसम्पादक | पत्रिकाका नाम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | विद्युत्तरङ्ग | | ज्योति | | |
| | | अङ्क | संख्या | अङ्क | संङ्ख्या | २५ औँ वार्षिक दिवसपछि विद्युत्तरङ्ग बन्द भई ‘ज्योति’मात्र प्रकाशन |
| १२—१३ | श्री मोहन कायस्थ | १—२ | ०२ | | | |
| १४—२४ | श्री कुलप्र.पराजुली | ३—१३ | ११ | | | |
| २५ | श्री भगवती प्रसाइँ | १४ | ०१ | | | |
| १९—२० | श्री कुलप्र.पराजुली | | | १—२ | ०२ | |
| २१—२२ | श्री केशवप्र.रूपाखेती | | | ३—५ | ०३ | |
| २३—२५ | श्री विष्णुबहादुरसिं | | | ६—११ | ०६ | |
| २६—२७ | श्री वीरेन्द्र पाठक | | | १२—१७ | ०६ | |
| २७/२८—३० | श्री पुण्यप्र. घिमिरे | | | १८—२९ | १२ | |
| ३०/३१—३३ | श्री रामेश्वर राउत | | | ३०—४२ | १३ | ३० औँ वार्षिक दिवसपछि ज्योति अमरज्योति भई दर्ता |
| ३४—३६ | श्री कृष्णदेव रिमाल | | | ४३-५३ | ११ | |

| | |
|---|---|
| ग) समाजका विशेष साहित्यिक गतिविधिः | विद्युत्कर्मी साहित्यिक समाजको सुरुको प्रकाशन 'विद्युत्तरङ्ग' र 'ज्योति' हुँदै 'अमरज्योति'को यो ५३ औँ अङ्कको यात्रासम्म आइपुग्दा हाम्रो प्रकाशन १८ वर्षको उम्दो युवा, भइसकेको सुखद स्थिति छ । वरिष्ठ साहित्यकार स्व.पोषण पाण्डेले रोप्नुभएको साहित्यिक बिरुवालाई ने.वि.प्रा.का साहित्यप्रेमीहरूले मलजल गरी हुर्काउँदै, बढाउँदै लाने क्रम जारी नै रह्यो । विगत र वर्तमानको यो अवधिमा विद्युत्कर्मी साहित्यिक समाजका प्रधानसम्पादकहरूका नेतृत्वमा सम्पन्न विशेष साहित्यिक गतिविधिः |
| १ | १९ औँ वार्षिकोत्सव २०६१ मा 'विद्युत्तरङ्ग' वर्ष ८, अङ्क ८-२०६१ देखि प्रधानसम्पादकको व्यवस्था भई २०६१, भदौदेखि 'ज्योति'को वर्ष १ पूर्णाङ्क प्रकाशन सुरु हुनु, |
| २ | २२ औँ वार्षिकोत्सवमा श्री केशवप्रसाद रूपाखेतीको प्रधानसम्पादकत्वमा प्रकाशित 'ज्योति'को पाँचौँ लघुकथा अङ्क-०६४ साउन |
| ३ | श्री विष्णुबहादुरसिंहको प्रधानसम्पादकत्वमा 'ज्योति त्रैमासिक' को रूपमा परिणत भएर थप साहित्यिक माहोल निर्माण , |
| ४ | श्री वीरेन्द्र पाठकको कार्यकाल २०५४ भदौदेखि २०६७ भदौसम्म १४ वर्ष निरन्तर प्रकाशित वार्षिक कविता विशेषाङ्क विद्युत्तरङ्गको इतिहास ज्योति साहित्यिक पत्रिकामा गाभिएको, |
| ५ | ज्योति वर्ष ९ पूर्णाङ्क २२/२०७१ वैशाख झिल्टुङ विशेषाङ्क |
| ६ | २६ औँ वार्षिकोत्सव २०६८ ज्योति, वर्ष ७ पूर्णाङ्क १२, २०६८ साउन स्व.ठाकुरराज पाण्डे विशेषाङ्क |
| ७ | २७ औँ वार्षिकोत्सव २०६९ ज्योति, वर्ष ८ पूर्णाङ्क १५, २०६९ साउन स्व.अम्बरप्र.रिजाल विशेषाङ्क |
| ८ | श्री पुण्यप्र. घिमिरेको कार्यकाल २०७२ मङ्सिरमा २८ औँ अङ्क, कथा अङ्क प्रकाशन , |
| ९ | २९ औँ वार्षिकोत्सव २०७० ज्योति, वर्ष ९ पूर्णाङ्क २३, २०७१ साउन स्व.रमापति पराजुली विशेषाङ्क |
| १० | ३० औँ वार्षिकोत्सव २०७२ ज्योति, वर्ष १०, पूर्णाङ्क २७, २०७२ साउन मोहनब. कायस्थ विशेषाङ्क |
| ११ | श्री रामेश्वर राउत मातृदासको कार्यकाल ०७३ को तीसौँ अङ्कबाट 'ज्योति त्रैमासिक' 'अमरज्योति त्रैमासिक' भएर प्रकाशित हुनुका साथै काठमाडौँ जिल्ला प्रशासन कार्यालयको दर्ता नं.१७७/०७२/०७३ मा दर्ता हुन पुगी नेपाली साहित्यको बगैँचामा जगमगाउन पुग्नु, |

| | |
|---|---|
| १२ | अमरज्योति, वर्ष ११, पूर्णाङ्क ४०/०७५ असोज-मङ्सिर स्व.योगी नरहरि विशेषाङ्क |
| १३ | अमरज्योति, वर्ष १६ पूर्णाङ्क ४४/०७६ असोज-मङ्सिर नियात्रा विशेषाङ्क |
| १४ | विद्युत्तरङ्ग र ज्योति तथा अमरज्योतिका प्रधानसम्पादकतर्फ दोहोरिएका नाम कटाउँदा पनि श्री कुलप्रसाद पराजुलीदेखि श्री कृष्णदेव रिमालसम्म ८ जना प्रधानसम्पादकको कार्यकाल समाप्त भएर नवौँ प्रधानसम्पादकको कार्यकाल चलिरहेको अवस्था छ । |
| १५ | २०७६ सालमा सम्पन्न समाजको निर्वाचनबाट कार्यसमितिको अध्यक्षको जिम्मेवारी समाल्न पुग्नुभएका जोशिला, साहित्यिक लडाकु एवम् नयाँनयाँ कार्यशैलीमा साहित्यिक कार्यक्रम सञ्चालन र व्यवस्थापन कुशल, मिलनसार कवि श्री कृष्णदेव रिमालको कार्यकाल यसर्थ पनि बढी स्मरणयोग्य रह्यो कि ! |
| क) | अमरज्योतिको ४४ औँ अङ्क र सोपछिका अङ्कहरू website मा राख्ने काम भएकोले विश्वका जुनसुकै कुनामा रहेर पनि अमरज्योतिको अध्ययन गर्न पाइने सुविधा भयो । |
| ख) | अमरज्योतिको वर्ष १६ पूर्णाङ्क ४६/०७६ चैत-०७६ जेठ कोरोना सचेतना अङ्क, ४८ औँ अङ्क नियात्रा अङ्क र ४९ औँ अङ्क फर्पिङ अङ्कको रूपमा प्रकाशित हुनु, ५३ औँ अङ्क पूर्वकर्मचारी विशेषाङ्कको रूपमा प्रकाशन हुनु । |
| ग) | नेपाल प्रज्ञा-प्रतिष्ठानको कार्ययोजनानुसार विद्युत्कर्मी साहित्यिक समाजको प्रगति प्रतिवेदनसहितको प्रस्ताव प्रतिष्ठानमा पेश गरी अमरज्योति पत्रिकालाई उक्त प्रतिष्ठानमा दर्ता गराएर २०७७ सालमा सो प्रतिष्ठानबाट (क) वर्गको मूल्याङ्कनमा समावेश गरेर रु १६००० र २०७८ सालमा (ख) वर्गको मूल्याङ्कनस्वरूप रु. १२०००।- पुरस्कार प्राप्त गर्न सफल हुनु लगायतका महत्त्वपूर्ण साहित्यिक गतिविधि श्री रिमालका कार्यकालमा हुँदै आउनु पनि यस समाजका उल्लेखनीय गतिविधि हुन् । |

अन्त्यमा, विद्युत्कर्मी साहित्यिक मित्रहरूको अहोरात्रको ठूलो सत्प्रयासले प्राधिकरणभित्र पवित्र साहित्यिक माहोल खडा भएको छ । राष्ट्रकवि स्वर्गीय माधवप्रसाद घिमिरेले समेत प्रमुख आतिथ्यग्रहण गरी हामी साहित्यप्रेमीहरूलाई आशीर्वाद दिइसकेको प्राधिकरणभित्रको यो पवित्रतम माहोल प्राधिरकणका साहित्यिक साधकहरूलाई चिन्ने, प्राधिकरणका गतिविधिलाई जनसमक्ष ल्याउने र आफूलाई साहित्यिक राजमार्गमा हिँड्ने सुअवसर पनि बनेको छ । अग्रजहरूको

संरक्षण र पथप्रदर्शनमा बीजाधान गरी संस्थागत समेत गरेर हुर्काए/बढाएको सर्वहितैषी यो साहित्यिक वृक्ष प्राधिकरणभित्र मौलाइरहेको सुखद अवस्था पाउनु संस्थापक अध्यक्ष बन्न पाएको मेरा लागि औधि हर्षको विषय बनेको छ ।

साहित्य आफैँमा सरस, अतिकोमल, आनन्ददायक र प्रेरणादायी हुन्छ । सबैका लागि सधैँ जीवन-सञ्जीवनी, धर्म-सम्बाहक यो साहित्यिक अक्षय वटवृक्षलाई मेरो कार्यकालपछिका विद्युत्कर्मी मित्रहरूले गोडमेल र सिञ्चन गर्दै अघि बढिरहेको प्रत्यक्ष देख्न र उपभोगसमेत गर्न पाउँदा मेरो हृदय हर्षविभोर छ । अबका दिनहरूमा प्राधिकरणभित्र अझ स्तरीय साहित्यिक गतिविधि सञ्चालनसाथ विद्युत्कर्मी साहित्यिक समाज निरन्तर अघि बढिरहने छ भन्ने विश्वास गर्ने प्रशस्त आधारहरू खडा भइसकेका छन् । साहित्यिप्रति रुचि राख्ने विद्युत्कर्मी साहित्यिक कर्मचारी मित्रहरूको ठूलो जमात पनि तयार भइसकेको यो सुखद घडीमा यो मञ्च साहित्यिक बाटोमा हिँडिरहेका र हिँड्न चाहने सम्बन्धित सबैको काव्य-साधनाको उम्दा पाठशाला बनोस् । साहित्यिक कार्यको उद्देश्यले स्थापित यस्तो सिर्जनशील साहित्यिक समाज स्थापना गरी रचनात्मक कार्यक्रम गर्न अनुमति प्रदान गर्ने नेपाल विद्युत् प्राधिकरण व्यवस्थापनप्रति आभार व्यक्त गर्दै यस साहित्यिक अभियानमा प्रत्यक्ष/अप्रत्यक्ष पसिना बगाउने सबै साहित्यिक मनहरूप्रति साधुवादसहित हार्दिक बधाई ज्ञापन गर्दछु । वि.सं. १९६८ मा 'चन्द्रज्योतिगृह' नामबाट स्थापना भई कालान्तरमा 'नेपाल विद्युत् प्राधिकरण'मा परिणत भएर देशमा प्रकाशज्योति फिँजाइरहेको संस्थान प्राधिकरणभित्र जगमगाएको यो साहित्यिक ज्योति निरन्तर बलिरहोस् ! हार्दिक मङ्गलमय शुभकामना !

■■

**मोहनबहादुर कायस्थ**

# अदालतको घाउ



१.
पोथी–पोथीको
सेक्स जुहारी चल्दा
हाँस न चल्ला !

२.
इज्जत के हो ?
घुसर खार छेर्नु
विष वमन !

३.
पढेगुनेको
वकिल बनेँ भन्थेँ
पिटापिटको !

४.
आकाशे वर्षा
मुखभरि सेकुवा
स्वादिलो रक्सी !

५.
प्रधान शब्द
घमण्ड आत्मसात
ऐन–कानुन !

६.
धीर मान्छेको
अधीर अहङ्कार
भ्रष्ट समाज !

७.
लर्के जोवन
भ्रष्टाचार, आचार
अदालतमा !

८.
नेताको गोजी
नेपाली मुद्रा भरी
झुटो कहानी !

९.
नाङ्गा खुट्टामा
चप्पल गनाउने
बुट पालिस !

१०.
कौसीमा बस्दै
विदेशी रक्सी धोक्दै
तरुनी मोल्दै !

११.
प्रतिष्ठित रे
सुन्दरी खेलाउँदै
यौनिक चित्र !

१२.
यौनले माते
खुच्चिङ गर्दै भागे
आकाशे बज्र !

१३.
प्रकृति नानी
बेसारे बोली बक्छे
तन्नेरी मख्ख !

१४.
राजसी ठाँट
घुस खाने आँटले
आँखा चिम्लने !

विष्णु उपाध्याय

# भविष्यको खप्की



यौटा सुन्दर देश थियो, त्यहाँ नेपाली बस्थे अरे
त्यै देशभित्र बसेर त्यो समूहले नेपाली बोल्थ्यो अरे
आत्मादेखि निकाली भाव, तिनले साहित्य रच्थे अरे
सारा शान्त हिमालका कुसुमले सुवास भर्थे अरे ॥१॥

उषाको हिमलालीमा सँगसँगै साहित्य उठ्थ्यो त्यहाँ
पन्छी, खोला, नदी, हावा नभ सबै साहित्यझैँ थियो त्यहाँ
सोझा, स्वच्छ, उदार दिल-रूपका बोल्थे त्यहाँ जीवन
थाहा नै नभई ती सूर्य डुब्थे साहित्य लेपीकन ॥२॥

छन्दोबद्ध गरी ती काव्य रचना गर्ने गरेका थिए
ठूला कोमल शास्त्रका निधिहरू पद्यैमहाँ बन्दथे
बिहेबारीमहाँ ती श्लोकहरू नै ठाँटपारी भन्थे अरे
साह्रै सौम्य थिए र ती जनहरू 'म्युजिक' के भन्दथे ॥३॥

बिस्तारै कविताहरू शहरमा 'पाखे' बनेछन् अरे
नेपाली कविता त्यहाँ दिनदिनै खिल्ली हुँदै गो अरे
केटाकेटीहरू नेपाली कविता जाँचमा रुँदै रट्दथे
छन्दैमा कविता त वाचनु परे अत्यन्त लाज मान्दथे ॥४॥

ताराबाजी, घुकुटी-बासुटी त्यहाँ गीतमा रहेनन् अरे
नर्सरी धूनले ती ठाउँहरूमा बस्ती जमायो अरे
केक काटीकन जन्म-उत्सव बने चिरञ्जीवीको पूजा
एक-दुई भन्न नजानी वान्-टु अति भो, साहित्यको के कुरा ॥५॥

टट्टुटाट परी दुखित दिलले साहित्य लेख्थ्यो त्यहाँ
नौह काव्य रचे पनि बबुरोको पेट, भोक भो झन् त्यहाँ
तिन्ले मेहनतले नेपाली कविता फुक्ला भनी केही गरे
ती सो साधक थे कठै ! तिनीहरू भोकभोकै रुँदै मरे ॥६॥

बाहिरी चिन्तन त्यहाँ फुरुङ्ग हुन गो, चिन्तित थे सब कवि
गोहीको मुख बाई 'भाइ' बनदै खायो नेपाली छवि
दिन-परदिन युगसँग काव्य फूलको थुँगा निमोठ्यो अरे
सो देख्दा इतिहासले पनि कठै ! आँसु चुहायो अरे ॥७॥

विराट् रूप लिएर बोल्न नसकी साधकहरू काँ गए !
धिक्कार त्यस जमातलाई जसले साहित्य चाहेन रे !
आफ्नै दृष्टि अगाडि प्यारी बहिनी साहित्य नेपालकी
बलात्कार अरूबाट भोगिरहँदा मूक भै बसे ती कवि ॥८॥

के 'साहित्य नेपाली उत्तम छ है' भन्नै सकेनौ कि हो ?
के तिम्रा ती मधुर काव्य रचना वैशाखी अर्कै थियो ?
के लक्ष्मी अनि लेखनाथ, धरणी मात्रै चलेका थिए ?
के नेपाली कवि बनेर उठने त्यसै मरेका थिए ? ॥९॥

माथिका यी सबै कुराहरू पछि भविष्य बोल्ला नि है !
त्यस्तो दिन नआउने तरफ है लाग्नुपरेको छ है !
आजैदेखि ल आऊ काव्यविधिको रक्षा गरौँ सब गुणी
त्यसो गर्न सके ती भावी दिनले स्याब्बासी देला पनि ॥१०॥

■■

*२०५५/५/५, त्रिशूली*



## केशवप्रसाद रूपाखेती

# शुभेच्छा



बिउझैँ अक्षर बचोस्, सिर्जना अमर बनोस्
स्रष्टाको सम्मान होस्, अभियान सफल रहोस्
साहित्य, सङ्गीत, कला त्रिवेणीझैँ बगिरहोस्
सूर्यको किरणजस्तै सबैतिर छाइरहोस् ।

कलाका पारखी पाउ जीवन्त भै घुमिरहोस्
सर्जकका मनैबाट आशीर्वाद मिलिरहोस्
छरिएका सबै फूल एकै माला भइरहोस्
सिर्जनाका अभियान निरन्तर चलिरहोस् ।

जनक र बुद्धजस्तै ज्ञानको ज्योति बलिरहोस्
हिमालका नदीजस्तै स्वच्छ भई बगिरहोस्
शिखरको आरोहण पाइला अघि बढिरहोस्
सिर्जनाको साधना यो अविच्छिन्न चलिरहोस् ।

अन्नपूर्ण भकारी यो अविच्छिन्न चलिरहोस्
बाह्रैमास वसन्तले हरियाली बनिरहोस्
जन्मभूमि नेपालको सक्दो सेवा भइरहोस्
सिर्जनाको अभियान सधैँसधैँ चलिरहोस् ।

विष्णुबहादुर सिंह

# केही छेस्काहरू



१.
हाम्रो हिमाल
देशको शान
ज्युँदो मसाल ।

२.
आजको खेल
राजनीतिमा
छ्या जालझेल ।

३.
स्वर्गीय पल
युवा अवस्था
मन चञ्चल ।

४.
गोरेटो बाटो
अग्लो पहाड
गाउँको माटो ।

५.
हाम्रो जीवन
घुम्तीमा लड्दै
जान्छ यौवन ।

६.
मान्छे विचित्र
समयसँग
देखिन्छ भित्र ।

७.
मायाको पोको
लजालु आँखा
मनको धोको ।

८.
अतीतसँग
आस्थाको खेल
छेपारे रे ।

९.
दिन र रात
समय चक्र
गर्दैन घात ।

१०.
शान्त सागर
उर्लिने वेला
देख्छु जाँगर ।

११.
मनको व्यथा
जिन्दगीसँग
साटिन्छ कथा ।

१२.
नदीको धार
दुई किनार
बँच्ने आधार ।

■ *'छेस्का' कविता विधाको एउटा अङ्ग हो । यो ५-५-५ अर्थात् १५ अक्षरमा लेखिने नवीनतम विधा हुने क्रममा रहेको छ ।*

मोहिनीप्रसाद कोइराला (गुरु विश्वमोहनी)

# कुण्डलिनी : अभेद्य जीवन-शक्ति

यो विश्वब्रह्माण्डलाई जुन शक्तिले सञ्चालन गरिरहेकी छिन्, तिनै शक्तिले नै हाम्रो शरीरभित्र पनि सञ्चालन गरिरहेकी छिन् । यिनको मूल स्थानलाई मूलाधार भनिन्छ । यो स्थानमा जैविक विद्युत् शक्तिको भण्डार छ, भनौँ (पावरहाउस) छ । 'पद ब्रह्माण्डे तत् पिण्डे' । यो ब्रह्माण्डमा जे छ, त्यो हाम्रै शरीरभित्र पनि अवस्थित छ । मनुष्य अनेकानेक चमत्कारहरूद्वारा परिपूर्ण तथा यसैको सहायताले अष्टसिद्धि प्राप्त गर्दछ ।

वेदवर्णित जगत्व्यापी आधा शक्ति नै ब्रह्माशक्ति हुन् । अनन्तकोटी ब्रह्माण्ड दृश्य प्रपञ्च यिनै ब्रह्मशक्तिको विलास हो । अग्निको प्रकाश शक्ति अग्निभन्दा पृथक् हुँदैन । त्यसै प्रकार यो ब्रह्मशक्ति पनि ब्रह्मभन्दा पृथक् हुँदैन । ब्रह्ममा सदा लीन रहने यो शक्तिको नाम 'पराशक्ति' हो । जब यो शक्ति ' एकोऽहं बहुस्याम्' मा एकबाट अनेक बन्छ, यस प्रकारको इच्छा सम्पन्न हुन्छ । तब यो ब्रह्म आलिङ्गित महाशक्ति नै 'कारण' या 'माया शक्ति' कहलाउँछिन् । क्रमशः त्यही शक्ति, ब्राह्मी, वैष्णवी, तथा रुद्रशक्तिरूपद्वारा जगत्लाई सृष्टि, स्थिति र प्रलय गराउँछिन् । पश्चात् त्यो महाशक्ति अरू पनि स्थुल रूप धारण गर्दै स्थुल जगत्मा अनन्त भाव तथा अनन्त रूपमा आफ्नो लीला प्रक्ट गरिरहन्छिन् ।

यही शक्ति व्यष्टि रूपबाट मनुष्यमा 'जीवनशक्ति' हुन् । 'प्राणशक्ति' लाई नै 'जीवनशक्ति' भनिन्छ । शास्त्रहरूमा यी प्राणशक्तिहरूका केन्द्रीय भूत शक्तिलाई कुण्डलिनी-शक्ति भनिएको छ । शरीरस्थ समस्त गति र क्रियाशक्तिको आधार नै कुण्डलिनी शक्ति हुन् । जुन प्रकार कुण्डलिनी मनुष्यका शरीरमा हुन्छिन्, त्यस्तै नै महाकुण्डलिनी ब्रह्माण्डमा आदिकालदेखि व्याप्त छिन् । यो समष्टि-सृष्टिका कुण्डलिनीलाई 'महाकुण्डलिनी' भनिन्छ । सम्पूर्ण जगत्लाई जसले चलाउँछिन्, तिनी 'अव्यक्त कुण्डलिनी' हुन् ।

कुण्डलिनी स्वयम्मा एक यस्तो शक्ति हुन्, जसको वर्णन गर्नका लागि प्राचीन एवम् अर्वाचिन विद्वान्हरूले आफ्नो देश, काल एवम् परिस्थितिका अनुसार भिन्नभिन्न प्रकारका निकटतम रूपक प्रयोग गरेका छन् । कहीँ कुण्डलिनीलाई

नारी–पुरुषका सम्मिलित सत्ताका रूप दिनका लागि अर्धनारीश्वर भगवान्को कल्पना गरेका छन् । कहीँ त्यसका सर्प वृत्तिको ध्यान गरेर ‘साढे तीन फन्का कुण्डली मारेकी सर्प’ को संज्ञा दिएका छन् ।

आजको परिप्रेक्ष्यमा हामीले यसलाई विद्युत्शक्तिका समान नै एक शक्ति मान्न सक्दछौँ । विद्युत्शक्ति हिटरमा लगाउँदा गर्मी, कुलरमा लगाउँदा चिसो, टिभीमा चलचित्र, रेडियोमा गाना, रोगीमा स्वास्थ्य आदि दिन्छिन् । तात्पर्य यो हो कि शक्ति एउटै हुन् । त्यो बेग्लाबेग्लै विधिद्वारा प्रयोग गर्नाले भिन्नाभिन्नै कार्य सम्पन्न गर्न सक्दिछिन् । यसैप्रकार कुण्डलिनी शक्तिलाई विभिन्न प्रकारका सात्विक, राजसिक र तामसिक कार्यहरूका लागि प्रयुक्त गर्न सकिन्छ ।

विद्युत्शक्ति उत्पन्न गराउने अनेक विधिहरू वैज्ञानिकहरूले खोजेका छन् । जसमा कुनै उपयुक्त छन् र कुनै अनुपयुक्त । यो उपयुक्तता भन्ने कुरा देश, काल, परिस्थितिका आधारमा नै चल्दछ, जस्तो कि : जुन वस्तुबाट विद्युत् तयार गरिन्छ, त्यो पर्याप्त मात्रामा उपलब्ध छ अथवा छैन । जुनजुन उपकरणहरूको आवश्यकता पर्छ, त्यो त्यहाँ उपलब्ध गराउन सकिन्छ या सकिँदैन । आवश्यक सामानको उचित भण्डार गर्न सकिन्छ अथवा सकिँदैन । तपाईंहरूले विद्युत् तयार गर्ने धेरै संयन्त्र देख्नुभएको होला । जहाँ पानीबाट विद्युत् तयार गरिन्छ, थर्मल पावर प्लान्ट (जहाँ भाप अथवा गर्मीद्वारा विद्युत् तयार गरिन्छ, हावाबाट पानी आदि) ।

यदि चुम्बकलाई कुनै तामाको तारको छल्लामा अगाडिपछाडि गति दिएमा तब तारमा विद्युत् प्रवाहित हुन्छ थाल्छ । एक अन्य विधि : दुई असमान धातुहरूका एक जोडलाई तताएमा दोस्रो चिसो जोडसम्म विद्युत् प्रवाहित हुन थाल्छ । विज्ञानका भाषामा यसलाई ‘सी–ब्याक प्रभाव (seeback effect)’ भनिन्छ । विस्मथ तथा एन्टिमनी सबैभन्दा अधिक विद्युतीय ऊर्जा (इलोक्ट्रोनिक फोर्स) दिने धातुहरू हुन् ।

विद्युत् उत्पन्न गराउने विधिहरूका समान नै कुण्डलिनी शक्तिलाई उत्पन्न गराउनका लागि भिन्नभिन्न सम्प्रदायले भिन्नभिन्न प्रकारका विधिहरू अपनाउँछन् । कसैले प्राणायाम गरेर कुण्डलिनी जागृत गराउँदछन्, कसैले शक्तिपातका विविध विधि अपनाउँछन् । कसैले साम्भवी आदि मुद्राहरू प्रयोग गर्दछन् । कसैले भैरवीआदि चक्रहरूको प्रयोग गर्दछन् । कसैले भावातीत शैली अपनाउँछन् । कसैले नाद शैलीको अनुशरण गर्दछन् । विभिन्न शैलीहरू अपनाउनका लागि केही वशेष्ष सूत्र ध्यानमा राख्नुपर्छ । एक सम्प्रदाय चाहन्छ कि– कुण्डलिनी शक्ति यसप्रकार जागृत हुन् कि तिनी न त विस्फोट हुन् न त यति गतिशील

हुन् कि व्यक्तिका सामान्य कार्यक्रममा परिवर्तन आओस् । चाहे समय जति पनि जागोस् ।

दोस्रो सम्प्रदाय चाहन्छ कि– शक्तिको पहिलो झट्का यति विस्फोट होस् कि कुनै पनि प्रकार व्यक्तिले सहन सकून्, तत्पश्चात् साधकले शक्तिको रूपलाई जानेर-बुझेर आफ्नो कुण्डलिनी शक्तिमा उत्तरोत्तर वृद्धि गरून् ।

अर्को सम्प्रदाय चाहन्छ कि– सांसारिक कार्यहरूबाट मुक्त भएर नै शक्ति जागरणका चक्करमा पर्नुपर्छ । दोस्रो भन्छ– शक्तिलाई जीवनका प्रारम्भिक वर्षहरूमा नै जागृत गराइहाल, जसका शेष जीवनमा यसको उपयोग गरेर आनन्द लेऊ । अर्को सम्प्रदाय चाहन्छ कि– शक्ति यस्तो विधिले जाग्रण गर, जसबाट चिप्लिने डर नहोस् ।

यी सबै कुराहरूको विचार गरेपश्चात् पनि कुण्डलिनी शक्ति जाग्रणका समयमा साधक एक्लै पर्दछन् । त्यहाँ साम्प्रदायिकताको कुनै महत्त्व रहँदैन किनकि जन अनुभव तिनलाई हुन्छ, त्यो साधकको निजी हुन्छ । तिनले स्वयम् नै त्यसलाई बुझ्नु र भोग्नुपर्छ । गुरु अथवा आचार्य त एक दिशानिर्देशक (गाइड) मात्र रहन्छन् । यो त्यस्तै हुन्छ, जस्तो कि पौडी सिक्नका लागि विविध विधिहरू अपनाउन सकिन्छ तर पौडी सिक्नुको 'मूल' पौडी खेल्न नजानेमा पानीमा डुब्नु हो र त्यो ती डुबाइहरू नव-तैराकले नै बेहोर्नुपर्छ । यहाँ न त कुनै सम्प्रदाय न कुनै गुरु; जसले रोक लगाउँछन्, तिनले सिद्धि प्राप्त गर्न सक्दैनन् । यसै सन्दर्भमा आचार्य रजनीशले भन्नुभएको थियो कि, "धर्म एकदम निजी बात है जैसे प्रेम । "

कुण्डलिनीका दुई अवस्थाहरू हुन्छन्– जागृत र प्रसुप्त । प्रसुप्त कुण्डलिनीलाई स्वतः कुण्डलिनी पनि भनिन्छ । नित्यप्रति आफ्ना जीवनचर्यामा जुनकुनै कार्य हामीले गर्दछौँ, त्यो स्वतः कुण्डलिनी शक्तिको नै परिणाम हो । जति शक्ति हामीले नित्यप्रतिका कार्यहरूमा व्यय गर्दछौँ, त्यति नै शक्ति उत्पन्न गराउने तन्तुहरूलाई कार्यशील बनाउने शक्ति स्वतः कुण्डलिनीबाट प्राप्त हुन्छ । प्राचीन इसाई धर्मग्रन्थ 'द ग्नास्टिक गास्पैल्स' मा लेखिएको छ कि– "प्रत्येक मनुष्यका भित्र एक अनन्त शक्ति निवास गर्दछिन्, जसको दुई रूप छ– एक प्रकट र दोस्रो प्रसुप्त ।" प्रसुप्त रूपको अर्थ सुतेको होइन । उक्त वाक्यांशलाई यसप्रकार बुझ्ने प्रत्येक मुनष्यका भित्र एक अनन्त शक्ति निवास गर्दछिन्, जसले दुई रूपमा काम गर्दछिन्– बहिर्मुखी एवम् अन्तर्मुखी ।

बहिर्मुखी रूपमा कुण्डलिनीले हाम्रा इन्द्रियहरूद्वारा विभिन्न आधिभौतिक कार्य सम्पादन गराउँछिन् र अन्तर्मुखी रूपमा आध्यात्मिक संसारको अनुभूतिहरू गराउँछिन् । भिन्नभिन्न देशहरूमा कुण्डलिनीसम्बन्धी विवरण उनीहरूका आफ्ना-

आफ्ना व्यवहारका आधारमा मिल्दछ । जापानमा 'की' नामले कुण्डलिनी शक्तिको कुरा गरिन्छ । चीनमा 'ची' नामले । इसाईले 'होली स्पिरिट' भन्दछन्, कहीँ 'कस्मिक पावर' भनिन्छ । हिन्दूले 'चिती–शक्ति', देवीपूजकले 'चिरकुमारी–शक्ति' भन्दछन्, तान्त्रिकले 'उर्ध्वरेतशक्ति' र योगीले यसैले सर्प कुण्डलिनीको संज्ञा दिन्छन् ।

कुण्डलिनी जागरणका पश्चात् साधकमा दृष्टिकोणमा उद्भूत परिवर्तन आउँछ, जुन जीवनमा पहिले कहिले निराशापूर्ण र कठिन प्रतीत हुन्थ्यो, त्यो अब आनन्दपूर्ण र रमणीय लाग्न थाल्छ । साधकमा आफ्ना जीवनचर्याका प्रति एक नयाँ उत्साहले जन्म लिन्छ । जसले अहिलेसम्म सुन्दैआएका थिए कि मोक्षकामीलाई भोग मिल्दैन र भोगविलासीलाई मोक्ष मिल्दैन । तर, यिनै कुण्डलिनीका कृपाले भोगद्वारा नै मोक्षको आनन्द लिनमा समर्थ हुन्छन् । कुण्डलिनीका कृपापात्र धेरै महात्माहरू गृहस्थ थिए र छन् पनि ।

जो सेवानिवृत्त अथवा अन्य रूपहरूबाट तिरस्कृत व्यक्ति आफ्नो जीवनको उद्देश्य पूरा भयो भनेर जीवनका प्रति विरक्ति अनुभव गर्छन्, तिनीहरूलाई कुण्डलिनीले जीवनको साँचो रूपको उद्देश्य ज्ञान गराएर जीवनका प्रति नौलो स्फूर्ति उत्पन्न गराइदिन्छिन् । कुण्डलिनीले कसैलाई पनि परिवारबाट भिन्न गराउँदिनन् । तिनीले त व्यक्तिलाई परिवारको राम्रोसाथ हेरविचार गर्न अधिक सक्षम र योग्य बनाउँछिन् । कुण्डलिनीले तपाईंको बुद्धिलाई यसप्रकार विकसित गराउँछिन् कि तपाईँले आफ्नो व्यवसाय र व्यापार अधिक सफलताका साथ चलाउन सक्नुहुन्छ । कुण्डलिनीले विद्यार्थीहरूमा स्मरणशक्ति र एकाग्रता बढाउँछिन् । अधिकारी वर्गमा प्रशासनिक योग्यता, वैज्ञानिकमा आविष्कार क्षमताआदि प्रत्येक प्रकारमा गुणवत्ताहरू बढाउनमा कुण्डलिनी सक्षम छिन् र विभिन्न प्रकारका प्रेरणाहरू र सृजनात्मक शक्तिहरूको उदय गराउँछिन् ।

कुण्डलिनीका साधक नै साँचो अर्थमा 'संयमी' हुन्छन् । किनकि, संयम त्यसले गर्न सक्छ, जसमा शक्ति होस् । शक्तिहीन व्यक्तले केवल संयमका कुरामात्र गर्दछ, संयम गर्न सक्दैन । कुण्डलिनीले व्यक्तिलाई इन्द्रियहरूमाथि नियन्त्रण गर्न सक्ने शक्ति दिन्छिन्, जसका द्वारा मनुष्य सहज सन्तुष्ट रहन्छ । जो मनुष्य सन्तुष्ट हुन्छन्, ती इन्द्रियहरूका विभिन्न विषयहरूका आकर्षणबाट प्रभावित हुँदैनन् । यो आशयलाई राम्ररी बुझ्नुहोस् । कुनै वस्तुका लागि लालायित हुनु बेग्लै कुरा र आवश्यकताका समयमा प्रयोगमा ल्याउनु बेग्लै कुरा । जो विषयहरूका आकर्षणबाट प्रभावित हुन्छन्, तिनी लालायित कहलाउँछन्, विलासी कहलाउँछन्

र जसले आवश्यकताअनुसार इन्द्रियहरूका विषयहरूको आनन्द लिन्छन्, तिनी योगी कहलाउँछन् ।

आनन्द प्राप्तिको सूत्र– जुन क्षणमा व्यक्ति जति अधिक अन्तरात्माको निकट हुन्छ, त्यति नै अधिक आनन्दको अनुभव त्यस क्षणमा हुन्छ । यदि हामी अधिकभन्दा अधिक सयम अन्तरात्माको निकट रहन सकेमा तब अधिकतम समय सुख र आनन्दमा बिताउन सक्छौँ । सुख र दुःखमा अन्तर केवल अन्तर्मुख हुनु हो । जति तपाईं बहिर्मुखी हुनुहुनेछ, त्यति नै दुःख पाउनुहुनेछ । वस्तुहरू त्यही रहन्छन्, व्यक्ति पनि त्यही रहन्छन्, अन्तर हुन्छ तपाईँको प्रवृत्तिको । प्रवृत्तिको प्रेरक शक्ति 'कुण्डलिनी' हुन् र प्रेरक क्षेत्र 'संस्कार' ।

अन्तर्मुखी हुने अरू एक उदाहरण– तपाईं स्वादिष्ट भोजन गरिरहनुभएको छ । त्यस समय यदि तपाईंको ध्यान हिजो भएको वादविवादका तिर गयो भने अथवा कुनै आउने भित्रका तिर गएको भए तब त्यो सुस्वादु भोजन पनि तपाईंलाई निःस्वाद लाग्नेछ । कुस्वाद होइन कि निःस्वाद किनकि तपाईंको प्रवृत्ति भोजनमा छैन, तपाईंको ध्यान भोजनमा छैन । आफ्नो ध्यानलाई बाहिरी विषयहरूबाट हटाएर भोजनको थालमा लिएर आउनुहोस्, तब तपाईंलाई नुनिलो, पिरो, मसलाको आनन्द मिल्नेछ । अब थोरै ध्यानलाई भित्रतिर खैँचिनुहोस् र जिब्राको टुप्पोमा लानुहोस् । फेरि हेर्नुहोस्– भोजनका एकएक वस्तुका स्वादको अनुभूतिमा के अन्तर आउँछ ? यसैप्रकार एकएक बिन्दु (Point)मा भित्र आत्माका तिर सर्दै जानुहोस् र अन्तरात्माको अनुभूति प्रत्येक कार्यमा प्राप्त गर्दै जानुहोस् ।

जुन व्यक्तिले आत्मानुभूति प्राप्त गर्न थाल्दछ, तिनले स्व्यम् आफूलाई सम्मान गर्न जान्दछ । तपाईं नझस्किनुहोस्– स्वयम्को सम्मान ? हो, तपाईं स्वयम्, तपाईंको यो शरीर सम्मानयोग्य छ । यो दुनियाँले जति पनि सम्मान दिऊन्, ती सबै व्यर्थ हुन् । 'तपाईंले आफू स्वयम्लाई कति सम्मान दिनुहुन्छ, यो अर्थपूर्ण छ । यसलाई त्यति नै सम्मान दिनुपर्छ, जति तपाईंले आफ्नो मन्दिरलाई, आफ्नो पूजाघरलाई दिनुहुन्छ । यो त्यो ईश्वरको अद्भुत कृति हो, जसलाई तपाईंले दुनियाँमा खोज्दै हिँड्नुहुन्छ या यो सम्झिनुहोस् कि त्यो ईश्वरको निवास यही 'शरीर-मन्दिर' मा छ । यसलाई सम्मान गर्नु तपाईंको प्रथम एवम् पुनीत कर्तव्य हो ।

जुन व्यक्तिले स्वयम्लाई सम्मान गर्न सक्दैन, त्यसले सम्मानको मूल्य पाउँदैन । हिजोआज सम्मान दुई प्रकारबाट दिइन्छ– एक स्वार्थ अथवा भयका कारण र अर्को श्रद्धाका कारण । दुवैमा नै दबाव छ, परतन्त्रता छ । दबावमा परेर गरिएको कुनै पनि कार्य हिंसा हुन्छ, हिंसा जहिले पनि विनाशकारी हुन सक्छ

किनकि परतन्त्रता कुनै व्यक्तिमा थोपरिन्छ र स्वतन्त्रता व्यक्तिको स्वभाव हो ।

स्वतन्त्रतापूर्वक गरेको कार्य 'अहिंसा' हुन्छ । यस्तो अहिंसापूर्ण सम्मानलाई 'प्रेम' भनिन्छ । प्रेमा न भय हुन्छ, न श्रद्धा हुन्छ, अपितु 'सम-मान' हुन्छ । बराबरको मान हुन्छ । बराबरका मानको तात्पर्य हुन्छ– जो आफ्नो मान छ, त्यही अर्काको मान हो । जसको आफ्नो कुनै मान छैन, जसले आफूलाई कहिले पनि मान दिएको छैन, त्यसले अरूलाई के मान देला ? अर्काको सम्मानको के मूल्य जान्ला ? जसले परिवारहरूलाई सम्मान दिन सकेको छैन, उसले गाउँ, टोलवासीहरूको सम्मानको कुरा गर्नु व्यर्थ हुन्छ । जसले आफ्नो टोलवासीहरूको सम्मान गर्दैन, उसले ग्राम, नगर या देशका व्यक्तिहरूलाई सम्मान गरोस्, यो असम्भव हो । मानवतालाई पुनः प्राप्त गर्नका लागि यो आवश्यक छ कि मनुष्यले सर्पप्रथम आफ्नो आत्मस्वरूपलाई चिन्नुपर्दछ । आत्मानुभूतिको सैद्धान्तिक सूत्र तत्त्वज्ञान (Metaphysics) मा निहित हुन्छ र त्यसको क्रियात्मक रूप-योग व्यवहार हुन्छ । कुण्डलिनी विश्व-विद्युत्को सजातीय अत्यन्त प्रचण्ड शक्ति हुन् । कुण्डलिनीलाई सर्पाकार या वलयान्विता शक्ति भनिन्छ । किनकि, यसको गति वलयाकार सर्पजस्तै हुन्छ । योगाभ्यासी यतिका शरीरमा यिनी चक्राकारमा हिँड्दछिन् र शक्ति बढाउँछिन् । यिनी वैद्युत अग्निमय गुप्त शक्ति हुन् । यिनी प्राक्तन शक्ति हुन्, जो सेन्द्रिय निरिन्द्रिय सृष्ट पदार्थमात्रका मूलमा छिन् ।

कुण्डलिनीको गति प्रकाशको गतिको तुलनामा अधिक तेज हुन्छ । प्रकाश १८५००० माइल प्रतिसेकेन्डका गतिले चल्दछिन् र कुण्डलिनी ३४५००० माइल प्रतिसेकेन्डका चालले । यो कुण्डलिनी शक्तिलाई व्यापक परमात्मा शक्ति भनेर जान्नुपर्दछ । जो ब्रह्माण्डमा छ, त्यही यो पिण्डमा छ । 'कुण्डले' अर्थात् दुई कुण्डल– इडा र पिङ्गला । इडा नाडी बायाँतिर यो ठण्डा हुन्छ, यसलाई चन्द्रश्वर भनिन्छ । पिङ्गला नाडी दायाँतिर, यो गरम हुन्छ, यसलाई सूर्यश्वर भनिन्छ । यी दुई नाडीहरूका बीचमा जसको प्रवाह छ, त्यो सुषुम्ना नाडी ।

कुण्डलिनी शक्ति व्यक्त हुनासाथ वेग उत्पन्न हुन्छ । त्यसबाट जुन पहिलो स्फोट हुन्छ, त्यसलाई 'नाद' भनिन्छ । नादबाट प्रकाश हुन्छ र प्रकाशको व्यक्त रूप महाबिन्दु हो । नादका तीन वटा भेद हुन्छन्– महानाद, नादान्त र विरोधिनी । बिन्दुको पनि तीन वटा भेद छन्– इच्छा, ज्ञान र क्रिया; सूर्य, चन्द्र र अग्नि; ब्रह्मा, विष्णु र महेश । जीव-सृष्टिमा उत्पन्न हुने जुन नाद छन्, त्यही ॐकार हो । यस प्रकार सृष्टि रचनाका आरम्भमा पहिले ॐकारको नाद भयो, यसैलाई शब्दब्रह्मा भनिन्छ ।

ॐकारबाट बावन्न मातृकाहरू उत्पन्न भए– वर्णमालाका अ देखि क्ष, त्र ज्ञ सम्म । यिनीमध्ये पचास अक्षरमय हुन् । एकावन्न प्रकाश रूप हुन् र बावन्न प्रकाशको प्रवाह हुन् । उपर्युक्त पचास मातृकाहरू लोम-विलोम रूपले सय हुन्छ । यो नै सय कुण्डल हो । यी कुण्डलहरूलाई धारण गरेकी मातृकामयी कुण्डलिनी हुन् । यो कुण्डलिनीशक्तिद्वारा चैतन्यमय जीव देह, इन्द्रियहरू आदिबाट युक्त जीव-रूप धारण गर्दै प्राणशक्तिलाई सँगै लिएर स्थूल शरीर अर्थात् अन्नमय कोषको स्वामी हुन्छन् । यो जीवलाई जीवत्वको चेतना सहस्रार चक्रबाट अनाहत अर्थात् हृदयचक्रमा आएका हुन्छन् । सहस्रार चक्रमा अव्यक्त नाद हुन्छ । त्यही आज्ञाचक्रमा आएर ॐकार रूपले व्यक्त हुन्छन् । यो ॐकारबाट उत्पन्न हुने पचास मातृकाहरूका अव्यक्त स्थितिको स्थान सहस्रार चक्रमा हुन्छ । यो स्थानलाई 'अकुल स्थान' भनिन्छ । यो नै शिवशक्तिको स्थान हो । श्री शिवशक्ति अर्धनारीनटेश्वर हुन् । शक्ति व्यक्त र शिव अव्यक्त हुन्छन् । यस कुण्डलिनी शक्ति जागृत गराउन सकेमा र मूलाधार चक्रदेखि सहस्रारचक्रसम्मको यात्रालाई नै धर्म-साधना भनिन्छ र परमेश्वर तत्त्व प्राप्त हुन्छ ।

मित्रगण, ईश्वरसँग प्राथना गरौँ कि– यसै जीवनमा मार्गदर्शक प्राप्त हुन् र महानिर्वाण प्राप्त गर्न सकौँ ।

■■



कुसुम ज्ञवाली

# समुद्रपारिको नेपाली भाषा र आशा



२०७८ को जनगणनाअनुसार दक्षिण एसियाभन्दा बाहिर वैदेशिक रोजगारीमा रहेको जनसङ्ख्या झण्डै २२ लाख रहेको छ । यो जनगणनामा नागरिकता त्यागिसकेका र विदेशमा बसोबास गरिरहेका नेपाली-भाषीहरूको जनसङ्ख्या छुटेको छ । विश्वयुद्धताका देखि नेपालीलाई लाहुर जाने ढोका खुलेको थियो । शताब्दी बितिसकेको छ, वैदेशिक रोजगारीको पछिल्लो बृहद् चहल-पहल । बुद्ध, भृकुटी, अरनिकोलगायतको प्राचीन इतिहास पनि छँदै छ ।

'नेपाली भाषी' भनेर क्यानडाको जनगणनामा झण्डै २० हजार नेपाली देखिन्छन् । यसमा पनि नेपालीबाहेक नेपालमा बोलिने अरू भाषाका मातृभाषीको सङ्ख्या आउँदैन । हाम्रा यतै विदेशमा जन्मेको पुस्ताले नेपाली भाषा हो मेरो भनेर भन्दैनन् । ठूलै जनसङ्ख्याको गणना त्यहाँ पनि छुट्छ । यो अवस्था क्यानडाको मात्र होइन, युरोप, अस्ट्रेलिया र बढी जनसङ्ख्या भएको अमेरिकामा पनि उस्तै छ । यसरी हेर्दा नेपाली भाषिक गणनाचाहिँ गर्नै बाँकी छ विदेशमा ।

जम्मा नेपाली मूलका मानिस कति छन्, तत्तत् विदेशमा कुनै पनि देशका एनआरएनका कार्यसमितिसँग एकिन गरेर भन्न सक्ने गरी तथ्याङ्क छैन । जहाँ तथ्याङ्कै छैन, त्यहाँ तत्सम्बन्धी के आवश्यकता छ भन्ने पहिचान हुने कुरा भएन ! विनातथ्याङ्क इच्छा त गर्न सकिन्छ तर त्यो आवश्यकता पहिचान हुँदैन । दालभात खान पाए हुन्थ्यो भन्ने चाहना हो तर एक सयको जनसङ्ख्यालाई दैनिक एक छाक भात खान मासिक दश क्विन्टल चामल चाहिन्छ भन्नु आवश्यकता पहिचान हो । खाने मुखको सङ्ख्या एकिन नभईकन कसरी आवश्यकता पहिचान हुनु ? त्यसैगरी तथ्याङ्कै नभएपछि नेपाली भाषाको बारेमा विदेशमा के गर्नुपर्छ भन्ने आवश्यकता पहिचान हुने कुरो भएन । तथ्याङ्कै त छैन, आवश्यकता पहिचानका लागि गफगाफले मात्र त परियोजना बन्दैन ! आवश्यकता पहिचान नभएपछि त्यो पूरा गर्न बन्नुपर्ने योजना पनि बन्न सम्भव भएन । हो, यसो गर्ने, त्यसो गर्ने भन्ने चुनावी कल्पनाजस्तो सपना देख्न सकियो । गोष्ठी, छलफल गर्न सकियो । भाषा-साहित्यको कार्यक्रम गर्न सकियो तर ती सबै मेहनतले के उद्देश्य, कति प्राप्त गर्ने, कति प्राप्त भयो भन्ने कुरा भएन ।

अर्को रमाइलो कुरो के छ भने– नेपाली भाषा-साहित्य उन्नयनका लागि हरेकजसो सय, डेढ सय नेपाली मूलको जनसङ्ख्या रहेको बस्तीमा नेपाली साहित्य समाज बनेका छन् । कतिपय शहरमा त एउटा, दुइटा होइन, दर्जनौँ भाषा-साहित्य र संस्कृति उत्थानका लागि संस्था खोलिएका छन् । हुन त लोकतन्त्रवादी नेपालीहरू रहेको ठाउँमा बहुदल हुनु जति सामान्य हो, बहुसंस्थाको अस्तित्व हुनु पनि सामान्य नै मान्नुपर्छ । यत्रा धेरै सङ्ख्यामा रहेका संस्थाको पहिलो कार्यभार त नेपाली भाषा-साहित्यकै उन्नयन होला भनेर कल्पना गर्नु कुनै ऊँचनीच नहुनुपर्ने हो । उन्नयन गर्न त पहिले तथ्याङ्क, दोस्रो आवश्यकता पहिचान, तेस्रो कार्ययोजना, चौथो कार्यान्वयन र पाँचौँ उपलब्धि मूल्याङ्कन हो । हामी तथ्याङ्कमै कुहिरोको काग भएका छौँ, त्यसपछिका कुरा त गर्नै परेन ।

साहित्यिक संस्थाका सत्प्रयासलाई राम्रो मूल्याङ्कन गर्नै पर्छ । सबै प्रवृत्तिलाई एकै डालोमा हाल्नुहुँदैन । तर, एउटा आमप्रवृत्ति भनेको २-४ जना सकेसम्म आफन्त वा नजिकका साथी (नाइँ भन्न नसक्ने) लिएर साहित्य समाज दर्ता गर्ने, अध्यक्ष, महासचिवजस्ता ठूला सुनिने पद धारण गर्ने, गहतको झोलमा फालिने जातजस्ता सहयोग लिएर साहित्यसेवाका नाममा ठूलो योगदान गरेको तर मुलुकले मेरो योगदान कदर गरेन भनेर अनन्त रोदन गर्ने रहरबाट कुण्ठाका आँसुबाहेक अरू अपेक्षा गर्न सकिने कुरो पनि भएन । कार्यक्रम गर्नु र भाषा-साहित्यमा ठोस योगदान गर्नुभन्दा पनि सामाजिक सञ्जालमा अल्छीलाग्दो बिस्कुन सुकाउनचाहिँ यस्ता कार्यक्रम सफल हुन्छन् ।

यत्रा संस्थाहरू भएपछि एकीकृत रूपमा काम गर्ने, गर्नुपर्ने हो भन्ने पनि लाग्न सक्छ यसो सम्झील्याउँदा । त्यसैले त, विश्व नै संयोजन गरेर एकीकृत रूपमा भाषा-साहित्यको सेवा गर्ने धेरै ठूलाठूला संस्था खोल्ने प्रयासहरू पनि भएका छन् । नेपालका संसद्मा रहेका सबै ठूला दल एक-एक वटाका नजिकमा हुने गरी बनेका विश्वसाहित्य महासङ्घ पनि प्रशस्तै छन्, दलको नजिक नभएका त जनाधार नभएका निरीह भैहाले नि विदेशमा पनि ! खसेको ३ प्रतिशत मत ल्याएपछि मात्र राष्ट्रिय पार्टी बन्नेजस्तो बन्धन भाषा-साहित्यको सेवाजस्तो अद्वितीय सेवा गर्नेलाई नियम लगाउन पनि मिलेन । फेरि अन्तर्राष्ट्रिय साहित्य महासङ्घजस्तो कुरो, लुरेतुरे हुने पनि भएन आफैँमा । त्यस्ता महान् विश्वसङ्गठनहरूलाई पनि नियममा बाँधिने, अनुशासित हुने, विधिपद्दति मान्ने जस्ता ससाना कुरा त हैसियतका हिसाबले पनि सुहाएन । २/४ देशका भनेर हेप्न पनि सक्छन् भनेर कसैले पनि अन्तर्राष्ट्रिय सङ्घसंस्था बनाउँदा दर्जनबढी देशको सहभागिता गराइएको हुन्छ कार्यसमितिमा । दर्जनबढी देशका सहभागी हुने भएपछि न नियमित बैठकको विधि-पद्दति चाहियो, न आवधिक अधिवेशनको

भ्याउलो । बस, अब त अध्यक्ष, उपाध्यक्ष (फलानो महादेश), सचिव (फलानो क्षेत्र), महासचिव (ब्रह्माण्ड), उपमहासचिव आदिइत्यादि भनेर रिबनले सजाइएको ब्याच छातीमा टाँसेपछि साहित्यको उन्नयन नभईकन नेपाली भाषा-साहित्य यसै थामिनै सक्दैन । काम भएकै छैन, खालि संस्था खोल्ने र पद बाँडफाँड र सामाजिक सञ्जालमा फोटोसेसन प्रतियोगितामात्र भएका छन् कि साहित्य समाजमा भन्ने पनि नपरोस् । काफी राम्रा र उल्लेख्य काम भएका छन् । अहिले टेलिकन्फेरेन्स विधिको सहजतासहित सबै महादेश समेटेर गोष्ठी गर्नु त मामुली कुरो भएको छ । नत्र, सन् २०११ मा अनेसासले पहिलो पल्ट नेपाली कविताको अन्तर्राष्ट्रिय टेलिकन्फेरेन्स-गोष्ठी टोरन्टोबाट गरेर ५ वटै महादेशबाट सहभागिता गराउने र त्यसको प्रत्यक्ष प्रसार गर्ने कुरा महत्त्वको विषय थियो । नेपाली भाषाको विदेशमा जन्मेर हुर्कँदै गरेका नानीबाबूलाई पढाउने पाठ्यक्रम बनाउने, पाठ्यपुस्तक लेख्ने जस्ता काम क्यानडाजस्तो सानो (जनसङ्ख्याको हिसाबले नेपालजत्रो) ले गर्नु, उल्लेख्य नै हो ।

सिक्काको अर्को पाटो हेर्दा भने दृश्य भिन्न छ । विदेशमा नेपाली भाषा विस्तार गर्न, भाषा शिक्षणका लागि अनगिन्ती अनुसन्धान गर्नुपर्ने विषय असरल्ल परेका छन्, तर अर्कोपट्टि त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषा अनुसन्धानको टपिकसमेत सिद्धिएर ८-१० हजारमा थेसिसको फोटोकपी गरेर डिग्री हासिल गर्नुपर्ने बाध्यता आइपरेको छ । अनुसन्धानका नगरी नभएका धेरै महत्त्वका मुद्दामा प्रमुख ५ विषय यस्ता छन्–

नेपालीमूलको परिवारमा विदेशी भूमिमा बाबु-आमा दुवै नेपाली-भाषी भएका र परिवारमा नेपाली बोलिने वातावरणमा जन्मेर ६-७ वर्ष हुँदासम्म (अक्षरारम्भको उमेर हुने बेलासम्म) परिवार र तत्तत् समाजबाट कति शब्द बालबालिकाले सुनेका हुन्छन् ? कति याद गरिसकेका हुन्छन् र प्रयोग गर्न सक्ने ल्याकत राख्छन् ? बाबु वा आमा नेपाली भाषी नहुँदा वा नेपाली भाषा बोलिने परिवार नहुँदा कस्तो हुन्छ बालबालिकाको नेपाली शब्दज्ञानको अवस्था ?

यदि वातावरण नेपाली-भाषी छैन भने कम्तीमा आधारभूत शिक्षा (कक्षा ८) सम्म पढ्ने उमेर हुने वेलासम्मका ती ८ वर्षमा हरेक वर्ष कति वटा कुनकुन शब्द सिकाउने हो भने बालकले नेपाली भाषामा आधारभूत रूपमा बातचित, लेखन र पठन गर्न सक्छन् ?

हरेक वर्ष सिक्नुपर्ने ती शब्दका ज्ञानका लागि कस्तो पाठ्यपुस्तक, कस्तो श्रव्यदृश्य सामग्री, कस्तो प्रशिक्षणको प्रविधि र कस्ता शैक्षिक क्रियाकलाप उपयुक्त हुन्छन् ? भाषा-साहित्यको मानकीकरणका लागि कस्तो प्रविधि, ग्याजेट वा सिस्टम विकास गर्नुपर्छ ?

नेपाली भाषा-शिक्षाको लक्ष्य हासिल हुँदा बालबालिकामा हुने सांस्कृतिक, सामाजिक र व्यक्तित्व विकासमा फाइदा के-के हुन् ? त्यसको दूरगामी प्रभाव के हो ? त्यो प्रभावको सामाजिक र आर्थिक मूल्य के हो, कति छ ?

नेपाली भाषा, साहित्य र संस्कृतिको पुस्तान्तरण (पुस्ता हस्तान्तरण) ले समृद्ध पूर्वीय सभ्यताको उपलब्धिमा के-के प्रभाव पर्छ ? त्यसको विदेशी भूमिमा रहेको नेपाली पुस्तामा के महत्त्व छ ? यो महाअभियानमा नेपालको सरकारी निकायले, नेपाली समुदाय र एउटा व्यक्तिले के-कस्ता भूमिका गर्नु आवश्यक छ ? यससम्बन्धी लेखाजोखा हुन बाँकी छ ।

कथा रोचक छन् नेपाली साहित्यका । धेरै वटा शहरमा बस्ने, काम गर्ने र घुम्ने अवसर मिल्दा त्यहाँका गतिविधिमा साहित्य, भाषाको बारेमा सोधखोज हुनु रुचिको विषय बन्यो । केही प्रसङ्ग भन्न सान्दर्भिक होला ।

एउटा शहरमा एक जनाले नेपाली सामुदायिक संस्थामा नेतृत्व नपाएको झोकमा नेपाली साहित्य समाज खोलेछन् । कुरो त राम्रो हो, उनले गरिराखेको जागिरबारे नेपालमा भन्दा 'इज्जत जाने' अवस्था भएछ । तबैतारे, साहित्य संस्था खोलेर अध्यक्ष भएछन् । साहित्यको सेवा गर्ने कुरा लिएर प्रवासमा खट्दा सहयोग गर्ने सहृदयी पनि भेटिने नै भयो । राम्रो काम गर्छु भन्दा गच्छेअनुसार सहयोग गर्ने अग्रसरता कुनै पनि असल मानिसमा देखिन्छ नै । केही वर्ष अध्यक्ष भए । न कुनै खास गतिविधि भए, न कुनै उपलब्धि भए साहित्य संस्थामार्फत । अध्यक्षका पुस्तक पब्लिकेसनका लागि त साहित्यिक संस्था किन चाहियो र ! व्यक्तिगत रूपमै गरे भैहाल्यो ! अनि, अध्यक्ष भनेर कुनै पनि जमघटमा जुँगामा ताउ लाउनुभन्दा बढी केही हुन सकेन । खासमा गर्न खोजिएकै पनि त्यहाँभन्दा बढी केही थिएन । साथीभाइहरूले यत्रो वर्ष तिमीले केही गरेनौ, तिमीले अध्यक्ष पद छाडेर नयाँ युवालाई चान्स देऊ भनेर भन्न थालेपछि उनलाई पनि एकप्रकारको सामुदायिक दबाव भएछ । एक जना युवा भर्खरै नेपालबाट आएका, नेपालमा लेखन र साहित्य अभियानको व्यवस्थापनमा राम्रै अनुभव भएकाले मैले अध्यक्ष समाल्छु भनेपछि जिम्मा त दिएछन्– लाजकाज अधिवेशनको जमघट गरेर ।

संस्थाको नाममा युवा अध्यक्षले स्रोत पनि जुटाएछन् तर बैङ्क खाता र जम्मा भएको रकम कार्यक्रमका लागि खर्च गर्न नदिएर आफूले लिएछन् संस्थापक अध्यक्षले । नयाँ आएपछि गर्छ भन्थ्यौ, केही गरेन भनेर नाक जोगाउने उपाय निकालेछन् । छैन त गजबको 'साहित्यिक' भन्न मिल्ने प्रवृत्ति ?

अर्को शहरका एक वृद्धले साहित्यिक गतिविधि सुरु गरेछन् । उनीहरूको पवित्र मनले निरन्तर गतिविधि गरेको देखेर स्थानीय निकाय (नगरपालिका)ले आर्थिक सहयोग गर्न थालेछ । आर्थिक स्रोतलाई दुरुपयोग नगरेपछि गतिविधि

बढ्नु स्वाभाविकै भयो । यो कुरा अर्को शहरका वर्षौंदेखि चलिरहेको, आफूलाई जेठो ठान्ने संस्थाका पदाधिकारीसम्म पनि पुगेछ । अनि, नगरपालिकाबाट सहयोग पाउने संस्थाका संस्थापक जो कार्यकारीमै पनि थिएनन्, उनलाई राति अभद्र शैलीमा फोन गरेर नगरपालिकाले गरेको सहयोगको प्रतिशत कमिसन नदिए साहित्यको नाममा संस्थाबाट पैसा लिएर खायो भनेर नेपाली समुदायमा बेइज्जत गरिदिन्छु भनेर धम्क्याउन थालेछन् । संस्थापक वृद्ध लेखकलाई अनुचित फाइदा लिनु थिएन । नगरपालिकाबाट लिएको सहयोगको कमिशन ती धम्कीदार साहित्यकारलाई दिन जरुरी पनि भएन । किनकि, उनले विधिविधान-अनुसार नयाँ युवा इन्जिनियर नेतृत्वलाई संस्थाको जिम्मा सुम्पेर बसेका थिए । नयाँ इन्जिनियर अध्यक्षले कमिशन माग्ने पल्लो शहरका कथित साहित्यकारको सात्तो खाएछन् । साहित्यको नाममा दलाली, ब्ल्याकमेलिङ र असुलीसम्बन्धी घटनासम्बन्धी कुरा धेरै लेख्दा उति सुन्दर नदेखिने रहेछ । यो प्रसङ्ग मैले यहीँ नै रोकेँ ।

अर्को शहरमा रहेको संस्थामा जब साहित्य समाजको नेतृत्व फेर्न चुनाव हुन थाल्छ, तब अशिष्ट र अभद्र शैलीमा गालीगलौज र आरोप-प्रत्यारोप हरेक पल्ट गरिने कुरा त तपाईंले पनि जान्नुभएकै छ । मैले यहाँ हलेदो कोट्याउन चाहिनँ । सामान्य शिष्टता र भाषाको न्यूनतम सामाजिक मर्यादा नजान्ने सोल्टा-सोल्टिनाहरूलाई भाषा-साहित्यको उत्थानको त्यो उन्माद साँच्चै दिगमिगलाग्दो गरी चढ्छ । यत्ति भन्न सकिन्छ– ...लाई भन्दा देख्नेलाई लाज । बस, यो प्रसङ्ग पनि यत्तिमै रोकौँ ।

साहित्यका नाममा प्रवासमा धेरै विकृतिहरू छन् । त्यसो भनेर सबै खत्तमै छ, सबै बर्बादै छ, अब केही आशा बाँकी छैन, गएर समुद्रमा डुबेर आत्महत्याको विकल्प छैन भन्ने भाव व्यापार गर्न खोजेको भने किमार्थ होइन । मात्र, गर्नुपर्ने कार्यभार र हाम्रा प्रयासहरूमा तादात्म्यता आउन बाँकी छ, ध्यान यता केन्द्रित गरौँ न है ! भन्नमात्र खोजेको हो । परिवर्तनको पहिलो शर्त भइरहेको अवस्थासँग सीमितताको बोध हुनु हो । मेरो उद्देश्य मात्र त्यही सीमितताको बोध गर्ने कुरामा लक्षित थियो ।

माथि उल्लेख गरिएका मूल मुद्दाहरूको वरिपरि रहेर नेपाली भाषा, साहित्य र संस्कृतिका लागि गर्नुपर्ने धेरै काम बाँकी छन् विदेशमा । धेरै श्रम/साधन खर्चिन बाँकी छ । धेरै उपलब्धि प्राप्त भएको निधो गर्नु छ । तर, हाम्रो प्रयासले त्यो सही बाटो समातेको छ त ? सोचौँ ! सोच्दा पैसा लाग्दैन । कुतिको बाटो पक्डेर पनि काशी त पुगिन्छ तर पृथ्वी नै एक फन्को मार्नुपर्छ । यसो गर्दा निकै ढिला भइसक्न सक्छ । एक लट गफ त गरौँ, काम त गर्दै गरौँला नि ! बितेकै के छ र ! कि कसो ? ■■ *क्यालगरी, क्यानडा*

डा. विजय सुब्बा


# नेपाल आमा



चोट लाग्दा आमालाई, छामी कोही रुन्नौँ भने
देशभक्ति शब्द किन नेपाली नै हुन्नौँ भने ?

माटो भन्दै सीमारेखा भित्र आफैँ सार्दै आयौँ
बन्द बाटो मिचाहालाई फराकिलो पार्दै ल्यायौँ
बलभद्र, भक्ति थापा सम्झिनेलाई काट्न थाल्यौँ
आ-आफ्नालाई पर सारी यौटै छाती फाट्न थाल्यौँ

केको देश, केको जनता अरूकहाँ धाउनेलाई
देश हाँक्ने साइतको टीका अन्तै लाउनेलाई !



# हार्दिक श्रद्धाञ्जली !

नेपाली यात्रासाहित्यका शीर्ष व्यक्तित्व

सुप्रसिद्ध लेखक

## डा. तारानाथ शर्मा

२०७८ फागुन ३ गते दिवङ्गत हुनुभएको
खबरले हामी अत्यन्त मर्माहत भएका छौं।
उहाँका परिवारजनप्रति
समवेदना प्रकट गर्दै डा. शर्माप्रति
हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं।

**विद्युत्कर्मी साहित्यिक समाज**

नेपाल विद्युत् प्राधिकरण



मञ्जुलाल श्रेष्ठ

# आशिष्



मैले दिएर मात्र
हुने हो भने तिमीलाई
यस्तो आशिष् दिन्थेँ म–
मतलबी कहिल्यै नबन्नू
स्वार्थले गाँजेको मान्छेजस्तै
बेमतलबी मान्छेजस्तै
जसलाई थाहा नै हुँदैन
आफूले बोलेका शब्दहरूले
कत्तिको मनमा डढेलो लाग्छ
जिउँदै मरेतुल्य बनी
बेहोसीमा ढल्न पुग्छ
सँगसँगै हिँडेका अनमोल साथहरू
कहिल्यै नछुट्ने वाचाका हातहरू
धागो चुँडिएको चङ्गाजस्तै
छुट्टिएर जानेछन् सँधैका लागि
अनि सोच्न सक्दैन ऊ
आफ्नै भौतिक शरीर
बिस्तारै-बिस्तारै टुक्रिएर गएको
मेरो आशिष् छ तिमीलाई
यस्तो कहिल्यै नबन्नू ।

मान्छे जन्मेपछि मर्नुपर्छ
यो कटु–सत्य हो
मर्नुको पछाडि पनि त
केही शब्द अनि अर्थ

लुकेको हुन्छ र भन्छन्–
'ऊ कुकुर मरेसरह मऱ्यो
कति सताउँथ्यो हामीलाई
मरेको राम्रो भयो ।'
हो, यस्तो काल कहिल्यै नआओस्
मरिसकेपछि पनि
अपशकुनका शब्दहरूले
लाशमाथि नछोपिऊन् ।

'विचरा !
अझै केही वर्ष बाँचे हुन्थ्यो
दुःख-सुखमा
आपद्-विपद्मा पनि
सबैलाई हाँसीहाँसी सहयोग गर्थ्यो
समाजको सेवामा हुरूक्क हुने
यत्ति छिट्टै मरेछ
उसको आत्माले शान्ति पाओस् !'
यस्तै-यस्तै अमरत्व पाउनू ।

यहाँ हरेक काम-कुरामा दुई वटा अर्थ लुकेको हुन्छ
जब कुनै बिरुवा साछौँ, तब मनमा चिन्ता बढ्छ–
यो सर्छ कि सर्दैन
जब फल फल्न थाल्छ, तब दिमाग चल्न थाल्छ–
मीठो हुन्छ कि हुँदैन ।
आशिष् छ तिमीलाई
तिम्रो मुखबाट निस्कने बोली
कसैका लागि गोली नबनोस्
तिमीले बोल्ने हरेक कुरा
कसैको छाती घोप्ने छुरा नबनोस्
तिमीले चाल्ने प्रत्येक पाइलामा
सँधै सफलताले चुमोस् ।
■■

मोहनकृष्ण उप्रेती

# आयोजना अनुगमनका केही प्रसङ्ग



त्यति वेला म एसियाली विकास बैङ्कको सल्लाहकारको भूमिकामा थिएँ । मेरो मुख्य काम आयोजना र दातृनिकायबीच सहजकर्ताको भूमिका निर्वाह थियो । विद्युत् प्राधिकरणको प्रशारण तथा वितरण आयोजनाको पूर्वाञ्चल र मध्यमाञ्चलको आयोजनास्थल स्थलगत अनुगमनका लागि भ्रमणमा निस्केको थिएँ । स्थलगत भ्रमणको पहिलो दिन चन्द्रगढी र बनियानी सबस्टेशन परेका थिए । म काठमाडौँबाट चन्द्रगढीतिर लागेँ । विमानबाट चन्द्रगढीमा ओर्लिएपछि थाहा भयो– त्यस दिन लिम्बुवान बन्द रहेछ । सडकमा सवारी साधन चलेका थिएनन् । झापा जिल्ला पनि लिम्बुवान क्षेत्रमा पर्ने रहेछ । विमानस्थलबाट बाहिर निस्कन समस्या पर्ने देखियो । भद्रपुर वितरण केन्द्रमा फोन गरेँ । कार्यालय-प्रमुखले मोटरसाइकल लिएर आफ्ना कर्मचारी विमानस्थलमा पठाए । चन्द्रगढी विमानस्थलबाट ती कर्मचारीले मोटरसाइकलमा मलाई कार्यालयमा पुऱ्याए ।

**चन्द्रगढीमा गुणस्तरको चिन्ता :**

कार्यालयसँगै रहेको चन्द्रगढी सबस्टेशनको निरीक्षण गर्न कुनै समस्या भएन । ठेकेदारले सबस्टेशनमा उपकरणको जग निर्माण सकेर स्ट्रक्चर जडानको काम गरिरहेका रहेछन् । तर, कामको गुणस्तर नियन्त्रण गर्ने आयोजनाको कोही कर्मचारी त्यहाँ थिएनन् । एसियाली विकास बैङ्कको ऋणमा सञ्चालित आयोजनामा कामको गुणस्तर कसरी कायम हुने होला भन्ने लाग्यो । स्थानीय कार्यालयलाई त्यो जिम्मेवारी दिएको भए पनि त हुन्थ्यो । भोलि ती संरचना र उपकरणको सञ्चालन पनि त तिनै कर्मचारीले गर्ने हुन् । कार्यालय-प्रमुखले सबस्टेशनका विविध समस्या बयान गरे । मौजुदा सबस्टेशनको सुरक्षाप्रणाली अति नै कमजोर रहेकोले यथाशीघ्र नयाँ उपकरण सञ्चालनको पहल गरिदिन उनले मलाई अनुरोध गरे । आयोजनाको सिविल कामको गुणस्तरबारे उनले चिन्ता जाहेर गरे ।

बनियानी सबस्टेशन भने निक्कै टाढा पर्ने रहेछ । बन्दको समयमा कार्यालयको गाडी चलाउँदा तोडफोड हुनसक्ने भनेर उनले चिन्ता व्यक्त

गरे । उनको त्यो चिन्ता स्वाभाविक थियो । मैले त्यही दिन बनियानी सबस्टेशनको निरीक्षण पूरा गर्ने सोच बनाएको थिएँ । भाडामा एउटा गाडीको व्यवस्था गरिदिन मैले कार्यालय-प्रमुखलाई अनुरोध गरेँ । उनले मेरा लागि भाडाको एउटा निजी गाडीको व्यवस्था गरिदिए । उनी आफैँ पनि निरीक्षण अभियानमा मेरा सहयात्री बने ।

चन्द्रगढीदेखि बनियानीसम्मको नवनिर्मित लाइनमा धेरै स्थानमा वितरण-लाइन र ३३ केभी प्रशारण-लाइनको क्रसिङ परेको रहेछ । दुई लाइनबीच उपयुक्त क्लियरेन्स नभएको कारणले लाइन निर्माण सम्पन्न भएर महिनौँ बितिसक्दा पनि सञ्चालनमा आएको थिएन । समस्या समाधानको विषयमा स्थानीय कर्मचारी तथा स्थानीय मानिससँग छलफल भयो । आयोजनाप्रमुख निर्माणस्थलमा समयमा नआउने कुरा स्थानीय मानिसले सुनाए । स्थानीय कार्यालय त निर्माणस्थलमै थिए तर तिनलाई निर्णय वा अनुगमनको अधिकार दिइएको रहेनछ । यसरी आयोजनाको काम बेवारिसे बनेको देखियो ।

बनियानी सवसटेशनको काम भने ठेकेदारले धेरै पहिले सम्पन्न गरेको देखियो । निर्माण काम सकेर पनि ठेकेदारले भुक्तानी नपाएको जानकारी मैले पाइसकेको थिएँ । निर्माण सकेर उपकरण परीक्षण गरेर सञ्चालनमा ल्याउने जिम्मा पनि तिनै ठेकेदारको क्षेत्रमा परेको रहेछ । तर प्रसारण-लाइनको निर्माण नसकिएसम्म विद्युत् उपलब्ध नहुने देखियो । विद्युत् उपलब्ध नभएको अवस्थामा उपकरणको परीक्षण हुने कुरै भएन । आयोजना सञ्चालनको अपरिपक्व निर्णयले आयोजना एकअर्कामा जेलिएका थिए । एउटाको कारणले अर्को दण्डित हुने अवस्था थियो । समस्याको समाधान सहज थिएन । दातृ-निकायको प्रतिनिधि ठानेर होला, सबैले समस्या निराकरणका लागि मसँग अनुरोध गरे । आफूले सक्दो पहल गर्ने आश्वासन बाँडेर म त्यहाँबाट दमक वितरण-केन्द्रको लागि बिदा भएँ ।

**तिलस्मी खण्डहरमा एक क्षण :**

आयोजना अनुगमनको सिलसिलामा दोस्रो दिन बुलुचोक सबस्टेशन मेरो अर्को गन्तव्य थियो । उक्त सबस्टेशन दमक वितरण-केन्द्र अन्तरगत पर्ने रहेछ । म त्यो सबस्टेशनको कन्ट्रोलरुममा पुग्दा कुनै पुरानो तिलस्मी खण्डहरमा पुगेको अनुभव भयो । उच्च भोल्टेजको प्रशारण सबस्टेशन त्यस रूपमा सञ्चालन हुन्छ भनेर मैले कल्पना गरेको थिइनँ । तर, धरातलीय यथार्थ मेरो सामुमा उभिएर मलाई नै गिज्याइरहेको थियो ।

एक जना कर्मचारी तथाकथित प्रणाली नियन्त्रण-कक्षमा गन्जी र कट्टुमात्र लगाएर खाटमा सुतिरहेका थिए । बाहिर टन्टलापुर घाम लागिसकेको

थियो । तराईको गर्मीम त्यो तिनको बाध्यता पो थियो कि ? टुटेफुटेको उपकरणका टुक्रा र फोहरमैला जताततै छरिएका थिए । आफैँले चौबिसै घण्टा त्यहाँ बसेर काम गर्नुपर्ने ठाउँको सरसफाइमा पनि कर्मचारीको ध्यान गएको देखिएन । आयोजनाले खरिद गरेका केही नयाँ उपकरणका बाकस भवनको बाहिरपट्टि राखिएका थिए । स्विचयार्डको जमिन भने अग्लो घाँसले ढाकिएको देखियो । म सबस्टेशन निरीक्षणमा आएको थाहा पाएपछि ती कर्मचारी उठेर लुगा लगाए ।

अलिक पर क्वार्टरअगाडि हाफपेन्ट लगाएर एकजना सज्जन उभिएका थिए । उनले मलाई नियालिरहेका थिए । तर, सबस्टेशनमा आएर अन्य कुराको सोधखोज तिनले पनि गरेनन् । ती सज्जन त्यो सबस्टेशनका हाकिम होलान् भन्ने लाग्यो । उनको हाउभावले मेरो अनुमानको पुष्टि गर्दथ्यो । आयोजनाको ठेकेदारले त्यहाँ काम गर्ने कार्यक्रम रहेकोले तिनले हामीलाई ठेकेदारकै मानिस सम्झेका थिए होलान ।

त्यो दिनको मेरो भ्रमणको बारेमा दमक वितरण-केन्द्रका प्रमुखलाई अग्रिम जानकारी दिएको थिएँ । निरीक्षणको समय निर्धारित गरिएको थियो । त्यस समयमा जिम्मेवार पदाधिकारी सबस्टेशनमा उपस्थित रहन मैले जानकारी गराएको थिएँ । तर, त्यो समयमा सबस्टेशनमा कोही उपस्थित थिएनन् । 'कानो गोरुलाई औँशी न पूर्णे' भन्ने कहावत चरितार्थ भएको थियो ।

त्यहाँ उपस्थित कर्मचारीबाट धेरै जानकारी प्राप्त भएन । तिनलाई सामान्य निर्देशन दिएर म दमक वितरण-केन्द्रको कार्यालयतिर लागेँ । कार्यालयमा पुग्दा अफिस समय सुरु भएको थियो । कर्मचारीहरू हाजिर गरेर एकअर्कासँग गफमा जमिसकेका थिए । सेवाग्राहीहरू आइसकेका थिएनन् ।

त्यहाँ एक घण्टा पर्खंदा पनि जिम्मेवार प्राविधिक फेला परेनन् । कार्यालय-प्रमुख भने राजधानी गएछन् । निमित्तप्रमुख भने कतै टाढा ग्राहकको सेवामा गएको जानकारी त्यहाँ उपस्थित कर्मचारीले दिए । त्यो वेला भर्खर कार्यालय खुलेको थियो । तर ती अफिसमा आएका थिएनन् । बिहानैदेखि पो ग्राहकको सेवामा व्यस्त थिए कि ? कार्यालयमा आउनसमेत असमर्थता जनाएर ग्राहक सेवामा लागेका ती कर्मचारीको मानसिकता अचम्म लाग्ने खालको थियो । तिनको मोबाइलमा कार्यालयका कर्मचारीले मसँग सम्पर्क गराए । तर एक -दुई घण्टा अफिसमा आउन नसक्ने भनेर उनले मसँग असमर्थता देखाए । लेखा र प्रसासनका कर्मचारीले प्राविधिक कुराको जवाफ दिन सकेनन् । यो तिनको सरोकारको विषय पनि थिएन ।

बुलुचोक सबस्टेशनमा केही काम भइरहेको थियो । मौजुदा उपकरणको अवस्था हेर्दा सबस्टेशन सञ्चालनमा खटेका कर्मचारीको जीवनसमेत जोखिममा पर्ने देखियो । यसबारे सम्बन्धित कार्यालयका प्रमुखसँग छलफल गर्ने मेरो प्रयास सफल भएन । कार्यालय-प्रमुखले सबस्टेशन निरीक्षणको सूचना आफ्ना मातहतका कर्मचारीलाई दिएनन् । निमित्त कार्यालय-प्रमुखले पनि जिम्मेवारी निर्वाह प्राथमिकतामा राखेनन् । एसियाली विकास बैङ्कको ऋण सहयोगमा त्यस क्षेत्रमा प्रणाली सुदृढीकरणको काम हुँदै थियो । तिनका समस्या निराकरणका लागि म त्यहाँ गएको थिएँ । तर स्थानीय हाकिमको त्यसमा चासो थिएन । सबस्टेशनको अप्रेटरको जीवनसमेत जोखिममा देखेपछि मैले त सुझावसम्म दिन सक्थेँ । जिम्मेवारी त उनीहरूकै काँधमा थियो । मैले अर्को विकल्प नदेखेपछि आफ्नो बाटो लागेँ ।

**सापटी कर्मचारीबाट उपकरण मर्मत :**

म आयोजना अनुगमनको सन्दर्भमा दमक वितरण केन्द्रबाट निरास भएर बेलवारी वितरण-केन्द्रमा पुगेको थिएँ; मध्याह्नको समय भएको थियो । त्यहाँ पनि कार्यालय-प्रमुख कार्यालयमा थिएनन् । तिनको बारेमा सोधखोज गरेँ । तर, कसैले पनि हाकिमका बारेमा बताउन चाहेनन् । एक जना इन्जिनियर गजधम्म परेर आफ्नो कुर्सीमा विराजमान थिए । मैले सोधेका प्रश्नको ठीकसँग उत्तरसमेत दिएनन् । सायद तिनले मलाई उनकै क्षेत्रको एउटा ग्राहक सम्झिरहेका थिए । हाकिमको सामु ग्राहकको कुनै मूल्य थिएन । म त्यसै क्षेत्रको स्थानीय व्यक्ति थिएँ । तिनले मलाई चिनेनन् । ती नयाँ कर्मचारी होलान् भन्ने मैले अनुमान गरेँ ।

मैले तिनलाई आफ्नो परिचय दिएँ । दातृ निकायको प्रतिनिधि भन्ने थाहा पाएर होला, त्यसपछि ती केही सक्रिय भए । कार्यालय-प्रमुख सबस्टेशनमा भएको जानकारी उनले मलाई दिए । म विराटचोकस्थित सबस्टेशनतिर लागेँ । ती इन्जिनियर पनि आफ्नै काममा लागे होलान् । म हिँडेपछि ती पनि तनावमुक्त भए होलान् ।

सबस्टेशनको स्विचगेयरमा समस्या आएपछि कार्यालय-प्रमुख त्यहाँ पुगेका रहेछन् । दुहवी ग्रीड सबस्टेशनका केही कर्मचारी देखिए । उनीहरू त्यो सबस्टेशनमा उपकरण मर्मत गर्न लागेका थिए । वितरण कार्यालयमा उच्च भोल्टेज प्रणालीमा काम गर्ने दक्ष प्राविधिक नभएकाले ग्रीड सबस्टेशनका कर्मचारी त्यहाँ आएर काम गर्दै थिए । बाहिर स्विचयार्डमा ठेकेदारका मानिस काम गर्दै थिए । गुणस्तर नियन्त्रणको काम हेर्ने कर्मचारी त्यहाँ पनि थिएनन् । स्थानीय कार्यालयलाई त्यो जिम्मेवारी दिइएको थिएन । खरिद गरिएका नयाँ उपकरणहरू बाहिरपट्टि राखिएका रहेछन् ।

उपकरण मर्मत गर्दै गरेका कर्मचारीले ती नयाँ उपकरणको जडानको जिम्मेवारी आफूलाई दिलाइदिन मलाई अनुरोध गरे । ती कर्मचारी विगतमा मेरो मातहत रहेर काम गरेका चिरपरिचित थिए । त्यो नाताले तिनले मन मिचेर त्यो प्रस्ताव राखे होलान् भन्ने लाग्यो । ठेक्का लगाउने काम मेरो क्षेत्रमा पर्दैनथ्यो । ठेकेदार र कर्मचारीका बीच बिचौलियाको भूमिकामा रहन मेरो रहर पनि थिएन । त्यसबारेमा आयोजना-प्रमुखलाई आफ्ना कुरा राख्न मैले तिनलाई सुझाव दिएर त्यहाँबाट बाहिरिएँ ।

व्यक्तिगतरूपमा आफूलाई काम दिन सबस्टेशनका कर्मचारीले ठेकेदारलाई दवाव दिने चलन पुरानै हो । समयमा काम होस् भन्ने आसयले ठेकेदारले अलिकति बढी नै रेटमा कर्मचारीलाई काम दिन्छन् । तिनले काम गरेपछि वारेण्टी पिरियडमा आउने समस्याको निराकरण पनि तिनले नै गरिदिने रहेछन् । यो प्रक्रियाले केही विकृति जन्मिएका देखिए । ठेकेदारबाट कामको जिम्मा लिने कर्मचारीले ती काम आफैँले गर्ने भएपछि कति काम अधुरै रहेको अवस्थामा पनि काम सकिएको प्रमाणित गरिदिने रहेछन् । काम नसकिँदै ठेकेदार दाइत्वमुक्त हुने र वारेण्टी पिरियडको मर्मत-सम्भारमा पनि कार्यालयले थप लगानी गर्नुपरेको अवस्था देखियो । यो विषयमा आयोजना कार्यालयहरू सचेत रहनुपर्ने देखियो ।

ठेकेदारका पनि आफ्नै समस्या रहेछन् । कर्मचारीलाई काम नदिएको अवस्थामा समयमा सटडाउन नदिने, काल्पनिक समस्या खडा गरेर कर्मचारीले ठेकेदारलाई दुःख दिने गरेका कुरा भुक्तभोगी ठेकेदारले मलाई सुनाए । आफ्नो जागिरको अवधिमा धेरै पटक यस्ता गुनासोहरू मेरासामु आएका थिए । विराटचोक सबस्टेशनमा बेलवारी वितरण-केन्द्रका प्रमुखले आफ्ना क्षेत्रका समस्या सुनाए । उनले नयाँ प्रणाली यथासक्य छिटो सञ्चालनमा ल्याउन पहल गरिदिन मलाई अनुरोध गरे । सिविल कामको गुणस्तरको चिन्ता उनले पनि सुनाए । प्रणालीको मर्मतसम्भारको काम गर्ने दक्ष जनशक्ति नभएकाले अन्य कार्यालयका प्राविधिकको सहयोगमा काम गराउँदै गरेको गुनासो गर्न पनि तिनले भ्याए । जोखिमयुक्त काममा सधैँभरि कर्मचारी सापटी लिएर काम चलाउन सहज थिएन ।

**ट्रान्सफरमरको श्वास रोकिएछ :**

मोरङको बेलवारी वितरण-केन्द्र मातहत रहेको विराटचोक सबस्टेशनको अनुगमनपश्चात् म सिराहा जिल्लाको मिर्चैया सबस्टेशन पुगेको थिएँ । त्यहाँको नवनिर्मित सबस्टेशन सञ्चालन भइसकेको थियो । दक्ष

कर्मचारीको अभावमा सबस्टेशनको सञ्चालनमा आलाकाँचा केटाहरूलाई काममा खटाइएको रहेछ ।

म त्यहाँ पुगेको अघिल्लो रातको दुई बजे सबस्टेशनमा ठूलो समस्या आएको भनेर ती कर्मचारीले मलाई सुनाए । के समस्या आएको थियो ? भन्ने मेरो जिज्ञासामा तिनले भने "ट्रान्सफरमर वाज नट ब्रेथिङ," भने । उनको कुरा सुनेर मलाई हाँसो उठ्यो । "कहाँ, के भएको थियो ? देखाऊ त !" भनेपछि तिनले मलाई पावर ट्रान्सफरमर भएको स्थानमा लगे ।

सिलिकाजेल ब्रेदरबाट एयरबबुल निस्कँदै थियो । अघिल्लो रात त्यो उपकरणको श्वास रोकिएको भनेर उनले मलाई जानकारी दिए । त्यो रात उपकरणले श्वास फेर्न छोडेपछि ट्रान्सफरमर मरेको निष्कर्ष तिनले निकालेछन् । कुनै किसिमको प्राविधिक ज्ञान नभएको मानिसलाई त्यस किसिमको जिम्मेवारी दिँदा तिनले अरू के गर्न सक्थे र ! तिनले जे भने, मैले अन्यथा भन्न पनि मिलेन । त्यही समयमा स्थानीय कार्यालयका इन्जिनियर सबस्टेशनमा आइपुगे । तिनले अघिल्लो दिनको घटनामा कर्मचारीले फोन गरेपछि राति दुई बजे आएर कर्मचारीलाई सम्झाएर फर्केको जानकारी दिए । स्थानीय कार्यालयसँग समन्वय गरेर प्रणाली सञ्चालन गर्न खोजिएको भए नतिजा फरक हुन सक्थ्यो । आयोजना कार्यालय र स्थानीय कार्यालयबीच समन्वय नभएका घटना जतातते भेटिए ।

धनुषा जिल्लामा ढल्केवरदेखि धनुषाधामसम्मको ३३ केभी प्रसारण-लाइनको निर्माणमा स्थानीय मानिसको अवरोधको कारणले निर्माण कार्य रोकिएको थियो । धनुषाधाम सबस्टेशनको निर्माण सकिएको महिनौँ बितिसक्दा पनि त्यस समस्या किन निराकरण हुन सकेनन् ? यस्तै अनेक प्रश्न अनुत्तरित थिए । ढल्केवर क्षेत्रमा वर्षौँ पहिला गाडिएका विद्युत्का पोलहरू सडक बिस्तारसँगै बाटोको बीचमा परेका रहेछन् । ती पोल सडकबाट हटाएर अन्यत्र सार्न आयोजनालाई दबाव परेछ । स्थानीय मानिसले विभिन्न कार्यालयको सीमाक्षेत्र कहाँ बुझ्छन् र ! तिनले त विद्युत्का सबै कार्यालयलाई एउटै देख्छन् । सुरुका दिनमा आयोजना कार्यालय र स्थानीय कार्यालयले संयुक्तरूपमा स्थलगत अनुगमन गरेर ती समस्या समाधान गरेको भए समस्या लाइलाज बन्ने थिएन । तर, दुवै निकायबाट त्यस्तो पहल गरेको पाइएन ।

धनुषाधाम सबस्टेशनको सबै काम सकिएको महिनौँ भइसकेको रहेछ । प्रशारण-लाइनको ठेकेदारले काम नसकेकोले त्यो सबस्टेशन कमिसनिङ हुन नसकेको कुरा क्षेत्रीय-प्रमुखले सुनाए । । सबस्टेशनका विदेशी ठेकेदारले धेरै पहिले आफ्नो कम्पनीले काम सकेर पनि सबस्टेशन सञ्चालन गर्न नसकेको

गुनासो गरे । काम सकेर पनि समयमा भुक्तानी नपाएको र कम्पनीलाई आर्थिक दायित्व थपिँदै गएको कुरा पनि तिनले सुनाए ।

कुनै स्थानमा स्थानीय मानिसले मन्दिरका लागि भनेर ठूलै रकम चन्दा मागेछन् । कसै-कसैले निःशुल्क विद्युत्को माग पनि गरेछन् । सडक बिस्तार गर्दा सडकमा परेका पोल व्यवस्थापन गर्न ठूलै रकम आवश्यक पर्ने देखिएछ । त्यो जिम्मेवारी आयोजनाको जिम्मेवारीमा थिएन । स्थानीय कार्यालयलाई त्यो रकम जुटाउन स्रोत थिएन् । यी विविध समस्याको प्रमुख कारण समयमा पहल नभएको मात्रै हो भन्ने लाग्यो ।

आयोजनाको कार्यक्षेत्रमा स्थानीय कार्यालय र केन्द्रीय निकायको जिम्मेवारी स्पस्ट नभएर पनि समस्या बल्झेको रहेछ । आयोजना कार्यालय र स्थानीय कार्यालय फरक-फरक व्यक्तिको मातहत रहेकोले समन्वय गर्न कठिन भएको स्पस्ट भयो । आयोजना-प्रमुखको कार्यालय आयोजना-स्थलमा रहेको भए निश्चिय पनि यो समस्या त्यति धेरै लम्बिने थिएन । राजधानीकेन्द्रित धेरैजसो आयोजनामा यो नियति दोहोरिएको देखियो ।

■■

वीरेन्द्र पाठक

# गजल



थाहै छ नि तिमीलाई यो दिलको हाल
एकै पलमा तिमीविना हुन्छ कङ्गाल

आड यौटा नभई हुन्न बाँच्न संसारमा
तिम्रो भरोसामा देखेँ– कमालै कमाल

धन जति भए पनि मान्छे तृप्त हुन्न
तिमीलाई पाएदेखि म छु मालामाल

उमङ्गले मेरो बाटो बिर्सेको नै थियो
अचेल मनभरि छ उत्साहको छाल

भेट्न तिमीलाई साँच्चै सजिलो थिएन
भत्काएर सम्भव भो बीचको पर्खाल ।

*२२ माघ २०७८*

## प्रमोद अमात्य
# दुई लेख



## ऐजन-ऐजन

मेरो पहिलो जागिर विद्युत् विभागमा भएको थियो । पुराना मानिसहरू त्यसलाई बिजुली अड्डा भन्थे । मेरो टोलका काका पनि त्यसलाई बिजुली अड्डा नै भन्नुहुन्थ्यो । मलाई त्यो बिजुली अड्डा नाम मन पर्छ– सुन्दा पनि मौलिक र मीठो सुनिने । यस्तो राम्रो नाम फेरेर विद्युत् विभाग कसले र किन बनाए होलान् कुन्नि ? अहिले त अझ त्यसलाई विद्युत् प्राधिकरण बनाएका छन् । उच्चारण गर्न पनि कति गाह्रो 'विद्युत् प्राधिकरण' ।

मेरा उनै काकालाई मैले त्यो प्राधिकरणमा जागिर खाएको मनै परेको थिएन । एक दिन काकाले सोधे, "हैन बाबू, त्यो बिजुली अड्डामा किन जागिर खाएको ? पानी अड्डामा जागिर खाए पनि हुन्थ्यो !"

"किन र काका ?"

"अलि जोखिम छ नि ! बिजुलीले समात्यो भने बिजुलीको झट्का लाग्ने डर हुन्छ भनेको क्या !"

'बिजुली-पानी'को त झट्का नलाग्ने मलाई जाबो निमुखा बिजुलीको के डर ? भन्न भएन काकालाई । मखुला पासा ?

मलाई त्यो बिजुली अड्डाको जागिर अति पायक पर्थ्यो । जान-आउन पनि सजिलो । पाटन ढोकामा बस चढ्यो; रत्नपार्कमा फुत्त ओर्लियो । त्यसपछि फटाफट हिँडेर दुई मिनेटको बाटो । सजिलो छैन त ? त्यतिमात्र हो र ! दिउँसो अफिसबाट सुटुक्क निस्कियो– रत्नपार्कको नेपाल प्रसिद्ध पार्क क्याफेमा समोसा, चिया खान पाइने । म:म: खान मन लागे खुल्ला मञ्चको कङ्क्रिट बारमुनिबाट छिरेर पारि वीरअस्पतालछेउ महाबौद्ध पुग्यो । छोइला, कचिला खान मन लागे फसिकेब रञ्जना सिनेमा हल (अहिले बजार भएको छ) छेउको आर.सि. म:म: रेस्टुराँ पुग्यो । थुक्पा, चाउचाउ खान मन लागे बागबजारको तिब्बती रेस्टुराँ पनि नजिकै नै छ । मेरो अफिस त काइदाको थियो नि !

त्यतिमात्र कहाँ हो र ! गुच्चावाला सोडावाटर रञ्जना हलअगाडि नै थियो । सोडा पनि भनेभनेको पाइन्थ्यो– सादा सोडा, बिरेनुनवाला कागती-सोडा वा गुलियो मीठा-सोडा । दुई पाइला पर न्युरोड पीपलबोटमा बेच्न राखेको अखबार, पत्रिका लाज नमानेर पढ्न पाइन्थ्यो । तलब आएको दिन फर्माएर खान मन लागे नयाँ सडक (न्युरोड)को बैङ्लोर क्याफेमा घोटुवा कफी, डोसा पनि पाइन्थ्यो । पढ्छु भन्नेलाई इन्डियन लाइब्रेरी, अमेरिकन लाइब्रेरी, इन्टरप्राइज बुक्स सबै नजिकै थियो । त्यसैले बिजुली अड्डाका कर्मचारीहरूको घुमघाम अलि लामै हुन्थ्यो ।

कर्मचारीहरू धेरै नै बाहिर घुम्न थालेपछि विभागले कडाइ गर्न थाल्यो । पछिपछि आकस्मिक छड्के लिन थाल्यो । छड्के आउँदा अफिसमा सशरीर हाजिर देखिएन भने स्पष्टीकरण सोध्यो– किन ? कता ? के ? भनेर । विभागको छड्केबाट बच्न त हाकिमहरूसँग सधैँ एउटा उपाय हुन्थ्यो– ‘मन्त्रालय गएको थिएँ’ भन्ने तर अरूलाई भने दिमाग खियाउनुपर्थ्यो बच्ने उपाय निकाल्न । न्युरोड घुम्न गएको थिएँ भन्न मिलेन क्यारे !

पछि त मन्त्रालयबाट नै छड्के लिन थालेपछि हाकिमहरूलाई पनि बच्न धौ-धौ पर्न थालेको थियो । मन्त्रालयले लिएको छड्केमा ‘मन्त्रालय गएको थिएँ’ भन्न पनि मिलेन । त्यसपछि भने विभागले पनि थप कडाइ गर्न थाल्यो । अफिसबाहिर जान मूलढोकामा रहेको रजिस्टर कापीमा ‘कहाँ जाने’ र ‘किन जाने’ कारणसमेत लेख्नुपर्ने व्यवस्था गऱ्यो । जस्तै– ‘प्रमोद अमात्य, नेपाल बैङ्क नयाँ सडक, चेक साट्न जाने’ भनेर लेख्नुपर्ने भयो । यसरी पहिले निस्कनेले केही लेखेपछि पछि आउनेले त्यही पछ्याउने भए । अनि आफ्नो नाम लेखेर पहिलो व्यक्तिले लेखेकै कुरालाई ऐजन ऐजन (छोटकरीमा ऐ.ऐ. ) माने माथि लेखेको, लेख्ने बानी बस्यो सजिलोका लागि ।

एक दिन हाकिमले बाहिर जानेजति सबैलाई उनको आफ्नो अफिसमा बोलाए ।

“ल भन्नुस् त, तपाईंहरू सबैको श्रीमती एकै दिन कसरी सुत्केरी भए ? के सुत्केरी पनि सल्लाह गरेर एकै दिन भएको हो ?”

अब भने सबैजना वाल्ल परेर मुखामुख गर्न थाले । भएको के रहेछ भने पहिला निस्कने व्यक्तिले ‘श्रीमती सुत्केरी भएकोले प्रसूतिगृह जान लागेको’ लेखेको रहेछ । दोस्रो व्यक्तिले हेर्दै नहेरी ‘ऐ.ऐ.’ ठोकिदियो । तेस्रोले दोस्रोको ऐ.ऐ. को सहमतिमा अर्को ऐ.ऐ. जनाइदियो । यसरी लहरै ऐ.ऐ. भयो । माने, सबैका श्रीमती सुत्केरी हुनपुगेका थिए । म बिहे नभएको कुमार ठिटो, धन्न त्यो

दिन बाहिर गइनछु, नत्र म ठिटाको हुँदै नभएकी श्रीमती सुत्केरी हुनेथिइन् । र, त्यसको रेकर्ड मेरै हस्तलिखित अक्षरमा बस्थ्यो । त्यसैले 'ऐजन ऐजन' गर्दा माथि लेखिएको विवरण चार चोटि पढ्नुहोला । मखुला पासा ?

उपसंहारः फेसबुकमा पनि अरूको कमेन्ट कपिपेस्ट गर्नुअघि माथिको कथा सम्भनुहोला ।

## मेरो पहिलो जागिर

मेरा बाजे जागिरे थिए । जागिर थियो– शाही नेपाली सेनामा । खासमा चाहिँ त्यति वेलाको राणा सेनामा । चन्द्रशमशेर हुन् कि जुद्धशमशेर, ठोरी शिकार जाँदा हाम्रा बाजे पनि सँगै गएका थिए रे ! शिकार खेल्न होइन, छाउनीमा बन्दोबस्त मिलाउन । बाजे सेनाका सिपाही होइन, प्रशासनपट्टि थिए । बाजेको बिँडो थाम्दै बाले पनि जागिर नै रोजे, जीविकाका लागि । अनि, मैले पनि जागिरे परम्परा नै पछ्याएँ । त्यसैले म परैँ खानदानी अर्थात् 'सन अफ टिफिन क्यारिएर' जागिरे ।

जागिरमा मेरा धेरै अनुभवहरू छन् । नेपालमा मैले सरकारी, अर्धसरकारी, निजी र गैरसरकारी सबै क्षेत्रमा काम गरेको छु । सत्य ! धरोधर्म ! कसम खाएर भन्छु– काम गर्दा तलब-भत्ताबाहेक केही खाएको छैन । मेरो ऊ वेलाको दैनिक सत्र रूपैयाँ ज्यालाको कसम ! तर, सित्तै पाइने चिया-कफी भने एक कप पनि छोडेको छैन । युरोप र अमेरिकामा पनि सरकारी, गैरसरकारी, निजी क्षेत्रमा केही कामको अनुभव बटुलेको छु । व्यापार, उद्योग गर्न न पुँजी भयो न आँट, त्यसैले जागिरमा गिरियो । अहिले त जागिर पाउन पनि लगानी लगाउनुपर्छ अरे ! क्यास देऊ, जागिर लेऊ ! जमाना जो बदलिएको छ । मेरो त्यो वेला पुल्चोक क्याम्पसमा ओभरसियरको पढाइ सकिनासाथ जागिर पाइन्छ भन्ने थियो । परीक्षाको नतिजा पनि कुर्नु पर्थेन । हामी अल्लारे ठिटाहरू कसैलाई जागिर खान हतार थिएन । बाउले खान, बस्न र अलिअलि पकेटखर्च दिइहाल्थे, बस मजा नै मजा ।

हामी अल्लारे भनेको हरि, दीपक, उमेश, विपीन र म । जाँच सकेपछि हामी अल्लारे लाग्यौँ पोखरा घुम्न । यो ०३५ सालतिरको कुरा हो । काठमाडौँ, सुनधाराबाट बस चढेपछि दिनभर लगाएर बसले महेन्द्रपुल, पोखरा पुऱ्याउँथ्यो । मुग्लिनमा थकालीले बससम्म आएर, मान गरेर खान बोलाउँथे । शुद्ध, मगमग बास्ना आउने घिउ तात्तातो भातमा राखेर खाइवरि पुगियो पोखराको महेन्द्रपुल । पुलवारि ढुङ्गा-

काठका केही एकतले र दुईतले घर थिए । हुन त म बच्चा वेलामा पनि पोखरा गएको थिएँ हवाईजहाज चढेर, 'डेकोटा' जहाजमा, छाद्दै । त्यस हवाइजहाजले धेरै उफार्थ्यो । एभ्रो जहाज चलेपछि भने अलि सुविधा हुन थाल्यो । त्यो वेला पृथ्वी राजमार्ग बनेको थिएन, त्यसैले हवाईजहाज नै चढ्नुपर्थ्यो ।

बस्ने व्यवस्था महेन्द्रपुलछेउको कुनै एक लजमा मिलायौँ । खाना खान भने नजिकैको थकाली भोजनालयमा जान्थ्यौँ । भोजनालयको काउन्टरमा एक थकाल्नी ठिटी बस्थिन् । उनले खाना थपथाप गर्दिन्थिन् । हामी खाना थपी-थपी खान्थ्यौँ । उमेरले दिएको हो नि, हैन त ? हामी आफ्नै मातृभाषा नेवार भाषामा ती युवतीको बयान गर्थ्यौं, टीकाटिप्पणी गर्थ्यौं । एक दिन पैसा तिर्दै गर्दा ती युवतीले नेवार भाषामै जवाफ फर्काएपछि ठिटाहरू 'सेन्टिफ्ल्याट' भए ।

केही दिन पोखरा घुमेर फर्केपछि भने जागिर खोज्नतिर लागियो । हामी सबै एकै ठाउँमा जागिर खान चाहन्थ्यौँ, तर सम्भव होलाजस्तो भएन । मैले सडक विभागमा काम भेटेँ । काम थियो– जनसहभागितामा आधारित सडक आयोजनामा सवओभरसियर– त्यो पनि पोखरामा । तलब– दिनको दश रूपैयाँ । दश रूपैयाँले खान, बस्न सबथोक पुऱ्याउनुपर्थ्यो । त्यो जागिरले पोखराजस्तो अति महँगो शहरमा खानमात्रै पनि पुग्दैन होला भनी त्यो जागिर छाडियो, खाइएन ।

मेरा साथी हरिका बुवा कृषि विभागमा हुनुहुन्थ्यो । उहाँले कृषिऔजार हो कि कृषि सामग्री संस्थानको लाजिम्पाट अफिसले ओभरसियर खोज्दै छ भन्ने थाहा पाउनुभएछ । म र हरिका लागि उतै जागिर मिलाउनुभयो । जागिर त ठीकै थियो, तर हामीलाई पाटनढोकाको बसबाट रानीपोखरी ओर्लिने अनि दौडिँदै फेरि महाराजगञ्ज जाने मिनीबस/टेम्पो समातेर जानुपर्ने झन्झट थियो । बाटो लामो र टाढा लाग्यो । अहिलेजस्तो मिनेट-मिनेटमा माइक्रोबस पाइँदैनथ्यो । भनेपछि, त्यो जागिर पनि खाइएन ।

फेरि, कसैले विद्युत् विभागले जागिर दिन्छ भन्ने खबर ल्याएपछि दीपक र मैले 'फुलस्केप' पानामा हातले निवेदन लेखेर रत्नपार्कस्थित बिजुलीअड्डामा फ्याँकेर आयौँ । कसले कता निवेदन दिए, कसले कता । अहिलेजस्तो कम्प्युटरमा एउटा निवेदन लेख्यो अनि त्यसैलाई मिलाएर 'कपी पेस्ट' गर्न सकिँदैनथ्यो । कम्प्युटर त आएकै थिएन । टाइपराइटर पनि सबैलाई उपलब्ध थिएन । त्यसैले हामी तीन प्रति कार्बनपेपर राखेर एकै चोटि चार वटा निवेदन तयार गर्थ्यौं र चार ठाउँमा बुझाउँथ्यौँ ।

कार्बनवाला निवेदनको पछि पनि खासै लागिएन । पछि हरिले मौसम तथा जलवायु विज्ञान विभाग, उमेशले हवाई विभाग, विपीनले भवन विभाग

अनि दीपक र मैले विद्युत् विभागमा जागिर भेट्टायौँ । जागिरले घर खोज्दै आइपुग्यो, हामीलाई नियुक्ति दिन । रजिस्टर्डपत्र घरमा आएपछि म दौडिँदै पुगेँ, टुँडिखेलछेउको बिजुलीअड्डा ।

"हिजो आउनुभएको भए जागिर नपाउने तपाईंले ।" फाँटवालाले सुनाए ।

"किन होला ?" मलाई अचम्म लाग्यो ।

"तपाईं आजै अठार वर्ष पुग्नुभयो । यो पदको जागिर खान अठार पुग्न जरुरी छ ।" उनले भने ।

म त ट्वाँऽ ।

पद थियो– राजपत्रअनङ्कित प्रथम श्रेणी प्राविधिक । मतलब, ओभरसियर । तलब दैनिक सत्र (ज्यालादारी) रूपैयाँ मात्र । त्यो वेला पाटनढोकाको बस तीस पैसामा चढ्न पाइन्थ्यो । त्यसमा पनि कति पल्ट त पैसा नतिरी चढेका छौँ । अहिले सम्झिँदा गजब लाग्छ । जागिर खाएलगत्तै दशैँ आयो । अरूले दशैँ पेश्की पचाए, आफ्नो हातमा आधा तलब । तिहारपछि बल्ल अस्थायी गऱ्यो विभागले । छट्टु विभागले दशैँ-पेश्की बचाएको रहेछ, दशैँअघि अस्थायी नगरेर । कोही-कोही केटाहरू पनि छट्टु थिए– एक ठाउँमा दशैँ-पेश्की लियो अनि लगत्तै अर्को अफिसमा जागिर खायो र दशैँ-पेश्की पचायो । हामी पऱ्यौँ सोझा, बफादार कर्मचारी । त्यस्तो गरिएन ।

मलाई राम्ररी याद छ– पहिलो दशैँ-पेश्की लिएर म टेकुस्थित नेशनल ट्रेडिङ गएँ । टाइपराइटर किनूँ कि साइकल ? म अलमलमा परेँ । मन धेरै घुमेपछि अन्तिममा साइकल किन्ने निर्णय लिएँ । आफ्नै तलबले किनेको साइकल चढ्दा जुन मजा आएको थियो, त्यो पछि मोटरबाइक किन्दा, पछि गाडी किन्दा र चढ्दा पनि आएन । अद्भुत आनन्द र खुशीको अनुभव थियो त्यो ।

रमाइलो र यादगार कुरा के भने, यसपालि नेपाल जाँदा त्यो समयका तन्नेरी साथीहरू- हरि, दीपक, उमेश र विपीन सबैसँग भेट भयो । 'ऐ दोस्ती हम नहीँ तोडेंगे... !' यस्तो भेटको मजै अर्को हुँदोरहेछ, यो उमेरमा ।

हाम्रो समयभन्दा पहिला त ओभरसियर र इञ्जिनियरहरूलाई जागिर खान झनै सजिलो थियो । मेरा दाइ (पुष्पमान जोशी) सुनाउनुहुन्थ्यो– उहाँको पालामा लोकसेवा आयोगले अन्तर्वार्ता लिँदा पहिलो प्रश्न 'तपाईं चिया खानुहुन्छ कि कफी ?' भनेर सोध्थ्यो । सडक विभागले पाँच जना इञ्जिनियर मागेकोमा तीन जनाको मात्र दर्खास्त परेको थियो । तर अहिलेको जमाना बेग्लै छ । जागिरको कहानी बेग्लै छ । मखुला पासा ?

■■

पुण्य घिमिरे

# वसन्त वहार



सेता हिमालचुलीका हिउँ झर्न थाले
बाली र बोट बिरूवा पनि बढ्न लागे
छन् पुष्पका तन तयारी इ फूल्नलाई
बास्ना मिठा महकिला अब छर्नलाई । (१)

बढ्दो छ बागहरूमा नव रूपरङ्ग
नाचे र भुर्भुर गरे पुतली अनेक
आएर ती भ्रमरका दल ताँतिताँती
लागे विचर्न फूलका ती परागमाथि । (२)

ती माहुरी हुल लिई रस चुस्नलाई
उड्दै गए गमन पुष्प चहार्नलाई
नाचेर कोकिल उसै अब फूर्कंदै छन्
डाली बिषे बसिबसी कुहुँ कुर्लिंदै छन् । (३)

कुर्रे गरेर अब कुर्लन गो हलेसो
सुन्दै छु त्यो गित उता चरी धोविनीको
पाठाहरूसँग हिँडे मृगका बथान
उल्लास हुन्छ मनमा छ वसन्त गान । (४)

चिसो र हुस्सु कुहिरो अब भाग्न लाग्यो
न्यानो वसन्त तनमा अब लाग्न थाल्यो
जागे किसान अब लेक र ब्याँसिबाट
उस्तै तयारीसँग बस्दछ रे मदेश । (५)

जोडा इ ढुक्कुरहरू अब छन् मिलेका
यस्तै गरेर जिवका दिन छन् खुलेका
यो सार हो प्रकृतिको अब बुझ्नु पर्छ
छाडेर कल्मसहरू अब हिँड्नु पर्छ । (६)

■■

*चेरब भवन, लोकन्थली, भक्तपुर*

आर. आर. चौलागाईं

# खोलो तरेपछि



'खोलो तऱ्यो लौरो बिर्स्यो' । यो उखान नेपाली समाजमा निकै प्रचलित छ । चाहे खोलो होस्, चाहे छाँगो, चाहे समुद्र होस्, चाहे कुलो । पारि पुग्नका निम्ति यीमध्ये जो अगाडि बाधाको रूपमा आइपुग्छ, त्यसलाई तर्नैपर्ने हुन्छ अथवा नाघ्नैपर्ने हुन्छ । यस उखानमा खोलोको सट्टा छाँगो, समुद्र अथवा कुलो नभनी खोलो मात्रै किन भनियो होला ? भो ! यसमा टाउको नदुखाऊँ । यो त व्याख्याकार तथा भाषा विशेषज्ञहरूको काम हो । शायद सजिलोका निम्ति खोलो भन्ने चलन चलेको होला । टाउको बरू केमा दुखाऊँ भने खोलो तरेपछि मान्छेले प्रयोग गरेको लट्ठीचाहिँ किन बिर्सिन्छ ? यतातिर घोत्लियो भने बरू केही हात लाग्ला कि ! खोलो तर्ने महाशयहरू ! चित्तचाहिँ नदुखाउनोस् है !

खोलो भनेको समस्या, कठिनाइ, अप्ठ्यारो आदि-इत्यादि हुन सक्छ । यो भावनात्मक पक्ष हो । अर्को अर्थ लगाउने हो भने यो प्रतीकको एउटा रूप पनि हो । अनि तर्नु भनेको त्यसबाट पार पाउनु, छुट्कारा मिल्नु, मुक्त हुनु अथवा सफलता हासिल गर्नु जेसुकै पनि हुन सक्छ । खोलो एक्कासि तर्न सकिँदैन । कुनै माध्यम अवश्य चाहिन्छ- जसरी माथि पुग्न भऱ्याङको आवश्यकता पर्छ, जसरी हिमाल चढ्न डोरीको अनि कतै चाँडो पुग्न सवारी साधनको । त्यसैगरी खोलो तर्न लट्ठीको आवश्यकता पर्छ । लट्ठी भएन भने खोलामा चिप्लिन सक्छ र खोलाले बगाउन सक्छ ।

खोला नतर्ने कोही हुँदैन । जन्मेदेखि नमरुञ्जेलसम्म मानिसले कैयौँ खोलाहरू तर्नुपर्छ । सजग र सचेत भएर तर्नेहरू पारि पुग्छन् भने हेलचेक्र्याइँ र लापर्वाहीसाथ तर्नेहरू भुमरीमा पुग्छन् र बग्छन् । मलाई त के लाग्छ भने जिन्दगी नै खोलैखोलाको सङ्गम पो हो कि ! पूर्व-पश्चिम, उत्तर-दक्षिण चारैतिर खोलो । जताततै खोलैखोलो ।

खोलो तरेपछि मान्छेले आफूलाई मुक्त भएँ भन्ठान्छ । फेरि अर्को खोलो आइपुग्छ । त्यो पनि तर्छ । फेरि, अर्को आइपुग्छ । तर, हरेक पटक भने मान्छेले खोलो तरेको लट्ठीचाहिँ तर्नेबित्तिकै फ्याँक्छ र त्यसलाई बिर्सिन्छ । लट्ठी फेरि

चाहिन्छ भन्ने कुरा ऊ सम्झिँदैन । यदाकदा कोही सम्झिने होलान् । तर म त बिर्सिनेहरूकै बाहुल्य देख्छु । खोलो तर्नेबित्तिकै लट्ठी फ्याँकेर मात्तिनेहरूकै बढी राइँदाइँ देख्छु । खोलो तरिसकेर पनि लट्ठीलाई सुरक्षित राख्ने र लट्ठीलाई हेरचाह गर्नेहरूले जीवनमा धेरै सफलताहरू पाएको देखेको छु । तर, बिर्सनेहरूको हविगतचाहिँ नराम्रोसँग देखेको छु । आजकाल सम्झिनेहरूभन्दा बिर्सिने नै बढी भएकोले यो पो उत्तम हो कि जस्तो लाग्ला । तर हैन । समयको कालखण्डमा सम्झिनेहरूले नै अमरत्व प्राप्त गरेका छन् । बिर्सिनेहरूको क्षणिक चकचकी त मात्र पानीको फोका हो । त्यो कुनै पनि वेला फुट्न सक्छ । त्यो कुनै पनि वेला बिलाउन सक्छ ।

खोज्दै जाँदा धेरै प्रकारका खोलाहरू भेट्न सकिन्छ । राजनीतिक खोलो, सामाजिक खोलो, साहित्यिक खोलो, सांस्कृतिक खोलो– थुप्रैथुप्रै । गाउँ-शहर, कल-कारखाना, खेत-खलिहान, कार्यालय, देश-विदेश जतासुकै खोलो बगेको देख्न सकिन्छ । कोही आँट गरेर तर्छन्, कोही डरले फर्किन्छन् । कुरा त्यत्ति हो ।

राजनीतिक खोलो तरेर पारि पुग्नेहरू मतदाताहरूसँग गरेको कबुल बिर्सिन्छन् । पाँच वर्षसम्म हराउँछन् र जब चुनाव आउँछ, फेरि फर्किन्छन् । कबुल दोहोऱ्याउँछन् र बेपत्ता हुन्छन् । सामाजिक खोलो तर्नेहरू चन्दा बटुल्छन् र घर ठड्याउँछन् । साहित्यिक खोलो तर्नेहरू फक्रिन थालेका फूलहरू निमोठ्छन् र च्यातचुत पार्छन् अनि सांस्कृतिक खोलो तर्नेहरू सिकारु सांस्कृतिक-कर्मीहरूको घाँटी थिच्छन् र बेकम्मा पार्छन् ।

कारखानामा मजदुरहरू अहोरात्र खट्छन् । सामानहरू उत्पादन गर्छन् । मालिकले त्यसलाई बजारमा बेचेर मुनाफा कमाउँछ । तर, मजदुरले उचित ज्यालाको माग गर्दा मालिक रिसाउँछ, मजदुरलाई दमन गर्छ र कारखानाबाट निकाल्छ । तर, उसले यो बुझ्दैन कि त्यत्रो उत्पादन मजदुरहरू खटेरै भएको हो । यहाँनेर मालिकले खोलो तरेर लट्ठी बिर्सिने काम गर्छ ।

खेतबारीमा किसानहरू झरी, बादल, वर्षा केही नभनी रातदिन जोतिन्छन् । लहलह अन्न उब्जाउँछन् । जब बाली पाक्छ, जमिनदारले सावाँब्याज र ब्याजको समेत स्याजको हिसाब गरेर उसलाई एक गेडो पनि नदिईकन लैजान्छ र आफ्नो ढुकुटी भर्छ । यता किसान वर्षभरि पसिना बगाउँदा पनि भोकै र नाङ्गै हुन्छ । तर, जमिनदारले यो बुझ्दैन कि उसको त्यो ढुकुटी किसानले मेहनत गरेर नै भरिएको हो । यहाँनेर जमिनदारले पनि खोलो तरेर लट्ठी बिर्सिने काम गर्छ ।

एउटा विडम्बना के छ भने खोलो तरेर लट्ठी बिर्सिनेहरूलाई धारे लगाएर गाली गर्नेहरू नै जब आफू खोलो तरेर पारि पुग्छन्- उनीहरू पनि लट्ठी बिर्सिन्छन् र त्यो बिर्सिने परम्परालाई कायम राख्छन् । यसो नहुँदो हो त यो क्रम घट्थ्यो होला । यसरी दिन-प्रतिदिन बढ्नुको कारणचाहिँ त्यही क्रम दोहोरिएर होला ।

जबसम्म यहाँ खोलो तरेर लट्ठी बिर्सिने प्रथा जीवित रहन्छ- म किटेर भन्छु– तबसम्म यहाँ केही हुनेवाला छैन । तसर्थ, सुन्दर समाजको कल्पना गर्ने हो भने आजैदेखि खोलो तरेर लट्ठी बिर्सिने हैन कि खोलो तरिसकेर पनि लट्ठी सम्झिने बानी बसालौँ । हाम्रो अनि हाम्रो पिँढीको यसैमा कल्याण होला ।

■■

राजेन्द्र आचार्य

# तीन टुक्रा



१.
मसँग आस्था छ, विश्वास छ
कर्म र धर्मको आधार छ
इतिहासको सुनौलो कालखण्ड छ
मानवीय मूल्य र मान्यता
जिवनको पर्याय
विसङ्गतिविरुद्ध
एक्लो वृहस्पति
म पूर्णताको खोजीमा छु ।

२.
पैसा साधन हो, साध्य हुनै सक्दैन
मेरा पूर्वजले प्रमाणित गरेको तथ्य
लाखहरू, करोडहरू
आस्था र विश्वास किन्ने दु:स्वप्न
फेरि अर्को विभीषिका
बाटो फरक, विचार फरक
मेरो गन्तव्य सुनिश्चित ।

३.
खोक्रो आदर्श
महलभित्रका भान्छा सभाहरू
स्वार्थका गोलमेच सम्मेलन
अघोषित युद्धको तयारी
विचारको पजनी
आस्थाको अवसान
तिमीले युद्ध जित्दै छौ अरे !
ए, हो र ?



सबनम मुखिया

# ग्रन्च प्यान्टको उत्पत्ति



“साहुजी ! तपाईंले भन्नुभएको भन्दा अलि सानो केटो ल्याएको छु । साह्रै दुःख पाएको छ । बिचराको आमा अर्कीसँग पोइल गई, बाबुले तुरुन्तै अर्की स्वास्नी ल्याए । यो त आमाबाबु भएर पनि टुहुरोजस्तै छ ।” भन्दै बाटो छेउैको चिया पसलमा सानो आठ वर्षको केटोलाई भाँडा माझ्ने कामको लागि लिएर गाउँबाट अम्बरे आइपुगेको छ । साहुजी केटोलाई एक नजर हेर्छ । मैलो फाटेको लुगा, सानो पोका, मैलो शरीर ।

साहुजी : बस अम्बर । ओए केटो ! के हो तेरो नाम ?

केटो : (डराएको स्वरमा) खेतराम

साहुजी : हँ ?

केटो : खेतराम (अलि ठूलो स्वरमा)

साहुजी : (हाँस्दै) ए ए ल ल, काम त गर्न सक्छस् नि ?

केटो : हजुर

साहुजी : हेर अम्बर, केटो सानो नै छ । मैले त अलि ठूलो, जे काम पनि गर्न सक्ने खालको भनेको थिएँ । ठीकै छ, यसलाई पैसा चैँ कति दिनुपर्ने हो ?

अम्बर : साहुजी, एक–दुई वर्ष पैसा दिनुपर्दैन । खान, लगाउन दिए पुग्छ । यसको घरमा साह्रै दुःख छ । सौतेनी आमाको कुटाइ खाइरहन्थ्यो । त्यै भएर मात्रै ल्याएको । बरु पछि अलि ठूलो भएपछि यसको पैसा यसैलाई दिनू न हुन्न ?

साहुजीले यसो मनमनै हिसाब लगायो– यसलाई अरू केही काम नभए पनि भाँडा चैँ माझ्न लगाउनुपर्ला ।

साहुजी : अँ खेतराम भाँडा माझ्न त सक्छस् नि ?

खेतराम : घरमा मैले नै भाँडा माझ्ने गर्थें । अलि सफा भएन भने त रामधुलाइ पाइन्थ्यो ।

अम्बर : ल ल, राम्रोसँग काम गर्नू । केही पर्‍यो भने मलाई फोन गर्नू । साहुजीसँग मेरो नम्बर छ ।

खेतराम : टाउको हल्लाउँछ ।

अम्बर : हस् साहुजी, म लाग्छु । यसको साह्रै बिजोग देखेर ल्याइदिएको ।

साहुजी : राम्रोसँग काम गरे उसैको भविष्य बन्छ । चिया-खाजा त खाएर जानुस् । (अम्बरेलाई अनुरोध गर्छ । सित्तैमा काम गर्ने केटो जो ल्याई दिएको छ ।)

अम्बर : होइन साहुजी, म फर्किहाल्नुपर्छ । अलिकति बजारमा किनमेल छ । फेरि गाडी छुट्छ ।

साहुजी : हस त, हस् । अर्को पालि आउँदा चै अलि टाइम लिएर आउनू है ! यसको चिन्ता नलिनू ।

अम्बर : मलाई थाहा छ, तपाईंले राम्रैसँग राख्नुहुन्छ । खेतराम, ल राम्रोसँग बस है, म लागेँ ।

झोला बोकेर अम्बर बाटो लाग्छ । खेतराम अम्बरलाई हेरि रहन्छ । टङ्ग्ग्राङ्ग स्टिलको प्लेट बजारिन्छ । खेतराम झस्किन्छ । छेउको भाँडा माझ्ने फोहोर बाटामा स्टिलका प्लेट, चम्चाहरू माझ्नका लागि साहुनीले थुपारिदिन्छन् ।

साहुनी : ओए फुच्चे, ल यो फटाफट माझ्न बसिहाल् त !

खेतराम : अलमलमा पर्छ, होटेल साहुजीतिर हेर्छ ।

साहुजी : त्यो पोका यतातिर राख । पहिले यति भाँडा माझिहाल् अनि चिया खानू ।

खेतराम : केही नबोली टाउको हल्लाएर 'हस्' भन्दै कलिला पाखुरा सुर्किएर भाँडा माझ्न टुक्रुक्क बस्छ ।

दुई वटा सटरहरू बन्द गरी होटेलमा ताला लगाएर साहुसाहुनी बाइकमा चढेर घर जान लागेका छन् । खेतरामलाई डर लागिरहेको छ ।

साहुनी : ल फुच्चे, हामी घर जान्छौँ । त यो भऱ्याङमुनि सुत्नू । आज चैँ यो कार्टुनहरूमाथि यो बोरा ओछ्याएर सुत् ।

खेतराम साहुजीलाई पुलुक्क हेर्छ । साहुजी बाइक स्टार्ट गरेर साहुनीलाई पर्खिरहेको हुन्छ । हेलमेट लगाएकोले गर्दा उसको अनुहार स्पष्ट देखिएको हुँदैन ।

साहुनी : ल ल, अब के हेरिरहेको ? चाडैँ सुत् । भोलि बिहानै चाडैँ उठनुपर्छ । (साहुनी मोटर बाइकको पछाडीको सिटमा बस्छिन् बाइक अघि बढछ ।)

खेतराम (लामो सास फेर्छ । चिसो छिडी, होटेलको पछाडि माथि जाने भऱ्याङको मुनि उसको सुत्ने व्यवस्था मिलाइएको छ । उसका कलिला हातले

चाउचाउ, बियरका कार्टुनहरूलाई पट्ट्याउँदै आफ्नो ओछ्यान बनाउन थाल्छ । कार्टुन ओछ्याएर एउटा प्लाष्टिकको बोरा ओछ्याउँछ र अर्को जुटको बोरा ओढेर आँखा चिम्लिन्छ ।

साहुनी घर पुगेर ढोका ढकढक्याउँछिन् । साहुजी मोटरबाइक साइडमा पार्किङ्ग गर्न थाल्छ । साहुजीकी आमाले ढोका खोलिदिन्छिन् ।

साहुजीकी आमा : आज त ढिला गऱ्यौ त ?

साहुनी : नयाँ केटो आएको छ । त्यसलाई यसोउसो अह्राउँदा अलि ढिलो भयो । बाबु छैन त ? (छोरालाई खोज्छिन् ।)

आमा : भर्खरै सुत्यो होमवर्क सिद्धाएर । तिमीहरूलाई पर्खिरहेको थियो ।

साहुनी सरासर भित्र कोठामा पस्छिन् । सानो ६ वर्षको छोरा तातो, न्यानो बिछ्यौनामा निदाइरहेको छ । साहुनी उसको निधारमा चुम्मा गर्छिन्, सिरक माथि सम्म ओढाइदिन्छिन्, हातमा भएको रिमोट बिस्तारै निकालेर टेबुलमा राखेर चाल मारेर कोठाबाट बाहिरिन्छिन् ।

साहुजी फ्रेस भएर ओछ्यानमा पल्टिरहेको छ । साहुनी पनि फ्रेस भएर ओछ्यानमा घुस्रिन्छिन् । साहुजी घरी यता, घरी उता कोल्टे फेर्दै छ र साहुनी निदाउन लागेकी छिन् ।

साहुनी : कति चलिरा' ? आफूलाई कस्तो निन्द्रा लागिसक्यो ।

साहुजी : त्यो खेतरामलाई जाडो भयो होला !

साहुनी : आऽ होस् न आज एक दिन, भोलि केही सोचौँला ।

साहुजी : बिरामी हुन्छ कि भन्ने पनि लाग्दै छ ।

साहुनी : हुँदैन, यस्तोहरूलाई बानी परिसकेको हुन्छ । त्यसको घरमा पनि काँ तातो–न्यानो गरेर राखेको थियो होला त ! नत्र भए यहाँसम्म दुःख पाउन किन आउथ्यो र ?

साहुजी : जे भए नि त्यसलाई भोलि दुईचार ओटा लुगा देऊ है !

दुवै जना मौन हुन्छन् । बिहानै पाँच बजेको अलार्म लाग्छ । साहुजी जुरुक्क उठ्छ । तयार भएर होटलतिर जान लाग्छ ।

साहुजी : (साहुनीलाई बिस्तारै कोट्ट्याउँछ) सुन त त्यो फुच्चेलाई लुगा ल्याउन नबिर्सनू है ! म गएँ । (साहुनी केही नबोली कोल्टे फेरेर सिरकले मुख गर्लम्म छोपेर फेरि निदाउँछिन् ।)

साहुनी होटेल जान तयार भएर बाहिर कार्टुनमा पुरानो लुगाहरू एउटा–एउटा छान्दै अलग्याउँदै छिन् ।

साहुजीकी आमा : के खोजेको ?

साहुनी : त्यो नयाँ केटोलाई बाबुको पुरानो लुगा छान्दै छु। बाबु गयो ?

साहुजीकी आमा : अँ गयो भर्खरै, तिमीलाई कोठामा भेट्न गएको थियो। तिमी बाथरुममा थियौ।

साहुनी : खै, छोरासँग भेट्न पनि शनिबार नै पर्खिनुपर्ने भयो।

साहुजीकी आमा : अनि, त्यो नयाँ केटो आठ वर्ष जतिको भनेको हैन ? हाम्रो बाबु त ६ वर्ष को त हो नि ! लुगा ठीक हुँदैन होला !

साहुनी : हुन्छ हुन्छ। (मख्ख पर्दै) हाम्रो बाबु ६ वर्षको भए पनि ज्याङ्गो छ। त्यो फुच्चे आठ-नौ वर्ष भए पनि ६ वर्षजतिको देखिन्छ। दिन खाको, जुँगा नआको। (ओठ लेब्राउछिन्।)

साहुजीकी आमा : छुट्टाइएको लुगाहरूबाट जिन्सको पाइन्ट निकाल्छिन्।) यी, यो हेर त ! अलि च्यातिएको छ, स्कूलमा फुटबल खेल्दा घिस्रिएर घुँडामा सानो-सानो च्यातिएको छ। म सिलाइदिन्छु है ! (सियो धागो लिन भित्र कोठामा पस्न लाग्छिन्।)

साहुनी : भैगो आमा, होस् होस्। मलाई ढिलो भइसक्यो। यो टिसर्ट र त्यो पाइन्ट लगिदिन्छु। त्यति च्यातिएकोले केही हुँदैन। फेरि नयाँ नयाँ लुगा दियो भने त्यस्तै बानी हुन्छ। सधैँ नयाँ खोज्छ। बानी पार्नु हुँदैन। (एउटा पुरानो टिसर्ट र घुँडामा दुवैतिर हल्का रगडिएर च्यातिएको पाइन्ट लिएर बाहिरिन्छन्।)

साहुजीकी आमा 'खई' भन्दै भित्र कोठामा पस्छिन्।)

होटलमा चिया-नास्ता बन्दै छ। साहुजी बिजी छन्। चाउमिन, अण्डा, चना, मःमको अर्डर आएको आएकै छ। अफिसको खाजा खाने टाइम भएको छ। सबै खानमा व्यस्त छ। साहुनी पैसा लिने काउण्टरमा, कहिले चिया दायाँ-बायाँ पसल, अफिसहरूमा ओसार्न व्यस्त छिन्। बिचरा खेतराम पनि सानो-सानो औँलाहरू चम्चा, गिलासमा चलाउँदै आफ्नो खुबीले भयाएसम्म सडक पेटीनिर बसेर मैलो पानीको डल्लो भाँडाको धाराबाट भाँडाहरू पखाल्दै छ, बाटामा राख्दै छ।

'समय झिमिक्कै पर्दै गइसक्यो। आज त अलि घर चाँडै जाम भनेको' सोच्दै साहुनी पैसा गन्न थाल्छिन्। साहुजी ग्याँसको खालि सिलिण्डरहरू एक कुनामा थन्काउन थाल्छ। साहुनी पैसा गनेर ब्यागमा हाल्छिन्। साहुजी सटर बन्द गर्न थाल्छ।

खेतरामको मन ढुक्क फुल्छ– ओ हो ! आज पनि म बाहिर छिँडीमै सुत्नुपर्छ होला। जाडो र डरले मन फेरि एक पटक काम्न थाल्छ तर बोल्न सक्दैन।

साहुनी : ए फुच्चे, ला त यो लुगा ।

खेतराम खुशी हुन्छ, टिसर्ट त ठीकै रहेछ तर पाइन्ट देखेर मन खिन्न गर्छ । बल्ल बल्ल लुगा पाएको, त्यो पनि घुँडा फाटेको ! छिः कस्तो लोभी ! बाहिरबाट नाप्छ ।

साहुनी : ल ल ठिक्क हुन्छ जस्तो छ । भोलि लगाउनु । अब सुत् है ! ओछ्याउने लुगा चैँ ल्याउन भ्याइनँ, भोलितिर ल्याइदिमला ।

खेतराम : हस् भनेर टाउको हल्लाउँछ ।

साहुजी : (लास्टको सटर पनि बन्द गर्छ, ताला लगाउँछ ।) ल आफ्नो ठाउँमा गएर सुत्, भोलि चाँडै उठनुपर्छ ।

साहुजी-साहुनी मोटरबाइकमा सरर घर फर्किन्छन् ।

खेतराम लुगा ओल्टाइ-पल्टाइ हेर्छ । दुवै घुँडामा च्यातिएको जिन्स पाइन्ट, अलि खिन्न हुन्छ तर जिन्स पाइन्ट लगाउन पाएकोले खुशी छ । दुवै घुँडा फाटेर अलिअलि निस्किएको धागोको रेशाहरू साना औँलाहरूले खेलाउँछ, बटार्छ । पछाडिको ब्याक पाकेट देखेर रमाउँछ । कति वेला त्यही कार्टुनको बिछ्यौनामा निदाउँछ, पत्तै पाउँदैन ।

ooo

आज खेतरामका साना हातहरू बहुत छिटो चलिरहेको छ । घुँडा फाटेकै भए पनि आज जिन्सको पाइन्ट जो लगाउन पाएको छ । आजसम्म सिलाएको सुरुवाल, हाफपाइन्टबाहेक उसले देखेको छैन । जे होस्, घुँडामा फाटेकै भए पनि आज जिन्स पाइन्ट जिउमा कसिलो, टपक्क मिलेको छ । लुज सुरुवाल, हाफ पाइन्ट लगाउँदा-लगाउँदाको शरीर आज कसिलो जिन्सको पहिलो अनुभव गर्न पाउँदा औधि खुशी लागेको छ उसलाई ।

साहुजी चाउमीन फ्राई गर्दै यसो कहिले-कहिले तन्किएर खेतरामलाई हेर्दै छ । खेतरामलाई खुशी देखेर सन्तोष लागेको छ उसलाई ।

खेतराम आफ्नो धुनमा सडकपेटीमा छिटो छिटो भाँडा माझ्दै जिन्स पाइन्टतिर आँखा लगाउँदै छ । 'यति घुँडा नफाटेको भए त क्या गजब हुन्थ्यो नि ! गाउँ जाँदा यही लगाएर जान्थेँ ।' बर्बराउँदै मुसुक्क हास्छ । त्यति नै वेला सडकबाट सेतो कारले चर्को आवाजमा हर्न बजाउँछ । ऊ गाडीतिर हेर्छ । गाडीले भुस्याहा कुकुरलाई झण्डै ठक्कर दिएको । कुकुर डरले कुइँकुइँ कराउँछ । खेतरामको छेउमा आएर बस्छ । खेतरामलाई माया लाग्छ । जुठो फोहोरबाट एउटा मःमको बोक्रा (मैदा) निकालेर दिन्छ । भुस्याहा कुकुर कुइँकुइँ गर्दै खान थाल्छ ।

गाडीको पछाडि सिटमा बसेको बालक (त्यस्तै आठ–नौ वर्षको) सम्राट झ्यालको सिसा खोलेर बाहिर हेर्छ ।

सम्राट : कुकुरलाई त केही भएन नि ?

ड्राइभर : भएन बाबु राजा, हर्नको आवाजले डराएजस्तो छ ।

सम्राट : 'ए' भन्दै पछाडि फर्केर हेर्छ ।

कुकुर खाइरहेको छ । खेतराम भाँडा माझ्दै छ । सम्राटको आँखा खेतरामको घुँडा फाटेको ठाउँमा पर्छ । सम्राट बिस्तारै गाडीको सिसा लगाउँछ । उसको आखाँमा खेतरामको घुँडा फाटेको जिन्स पाइन्ट नाचिरहेको छ ।

आज खेतरामको कामबाट साहुजी–साहुनी खुशी देखिन्छन् । खेतराम पनि खुशी नै छ । साहुजीको मनमा सन्तोष छ । जे होस्, केटोलाई पेटभरि खान र लगाउन दिएको छु ।

भोली पनि त्यही समयमा सम्राट गाडस्बाट त्यही बाटो भएर गुज्रिन्छ । सम्राट नचाहँदा नचाहँदै पनि बिस्तारै गाडीको सिसा खोल्छ ।

सम्राट : ड्राइभर दाइ, गाडी अलि बिस्तारै गर्नू न है !

ड्राइभर : 'हस्' भन्दै गाडीको गति बिस्तारै गर्दै मनमनै सोच्न थाल्छ– यस्तो अरबपतिको छोरा, भुस्याहा कुकुरलाई किन खोजेको होला ! त्यो भने कहाँ पुगिसक्यो ! गाडीको बिस्तारै ब्याक मिररबाट सम्राटलाई हेर्छ । सम्राटको आँखा भने पुनः खेतरामको उज्यालो अनुहारमा पर्छ । खेतराम फटाफट भाँडा माझिरहेको छ । सम्राट खेतरामको घुँडा हेर्छ । आफ्नो नयाँ पाइन्टको घुँडा छाम्छ । के नमिलेको, नमिलेको लाग्छ ।

ड्राइभर : बाबुराजा, त्यो कुकुरको सातो गयो जस्तो छ, भागिसक्यो होला ।

सम्राट : अँ हँ हँ होला, होला, जाऊँ ।

ड्राइभर गाडीको गति बढाउँछ । सम्राट झ्याल लगाउँछ । आफ्नो घुँडा छाम्छ । खेतरामको उज्यालो अनुहार सम्झिन्छ । उसको घुँडा फाटेको जिन्स सम्झिन्छ, आफ्नो घुँडा छाम्छ । ठूलो भव्य महलको अगाडि पुग्छ; ठूलो भव्य गेट बिस्तारै खुल्छ । सेक्युरिटी गार्डहरू दायाँबाट सलाम ठोक्छन् । सम्राट उदास छ । गाडी रोकिन्छ । सम्राट गाडीबाट ओर्लिएर हलमा आइपुग्छ । मुमाहजुर सम्राटलाई देखेर खुशी हुँदै 'बाबुराजा' भन्दै नजिक आउँछिन तर सम्राट केही नबोली सरासर आफ्नो कोठाभित्र पस्छ । ड्राइभर सम्राटको स्कूल ब्याग, टिफिन बक्स आदि लिएर भित्र प्रवेश गर्छ ।

ड्राइभर : दर्शन मुमाहजुर !

मुमाहजुर : दर्शन, के भएको आज बाबुराजालाई ? (अलि चिन्तित स्वरमा सोध्छिन् ।)

ड्राइभर : हजुर, अस्ति नै बाटोमा एउटा भुस्याहा कुकुरलाई गाडीले झण्डै ठक्कर दिएको थियो, त्यही भएर हो कि जस्तो लाग्छ ।

मुमाहजुर : ए, ल ल, ठीक छ । ऊ अलि भावुक पनि छ । कुकुरको माया लाग्यो होला ।

ड्राइभर : 'दर्शन' गर्दै फर्किन्छ ।

खेतराम अलि मोटाएको छ । खाना त होटलमै काम गर्ने भएकोले प्रशस्त खान पाएकै छ । 'कम से कम सौतेनी आमाको दुर्व्यवहार सहनुपरेको छैन । बाउ पहिले पनि बाहिरको बाहिरै । कान्छी आमा भनेपछि बाउ हुरुक्कै । आऽ, जे भो ठिकै भो !' बालमस्तिष्क भए पनि समयले परिपक्क बनाइसकेको छ । यस्तै सोच्दै कार्टुनको ओछ्यानमाथि पातलो डसना र पातलो सिरक थपिएको छ । न्यानो को अनुभुति नभए पनि जाडो नै चाहिँ लागेको छैन । आङ तन्काएर यसो बाहिर मोटरबाइक गयो कि गएको छैन, कान ठाडो पार्छ ।

साहुनी भित्र पस्छिन, "ए फुच्चे, सुतिसकिस् ?"

खेतराम : छैन साहुनी, आज त ढिला भएन र ?

साहुनी : आज सय-पचास सानो नोटहरू मात्रै जम्मा भएछ । गन्दागन्दा टाइम लाग्यो । ला त यो लुगा, तँलाई ल्याइदिएको । (एउटा झोला दिन्छिन् ।)

खेतराम : (खुशी हुँदै) हस् हस् (पोका लिएर हेर्न थाल्छ ।)

साहुनी : ल ल, राम्रोसँग बस् है ! चाँडै सुत्, हामी गयौँ ।

खेतराम : (मख्ख पर्दै पोका खोल्छ) ओ हो ! फेरि जिन्स ! आहा !

जिन्स ओल्टाई-पल्टाई हेर्छ । जिन्स त नयाँ नै रै'छ । तर, घुँडामा चैँ दुवैतिर सानो-सानो भ्वाङ परेको रै'छ । यो साहुनी पनि कति अल्छी ! सिलाइदिनु नि ! अब यस्तै लाउनी त होला नि ! मन खिन्न बनाउँछ । तैपनि जिन्सको मोहले गर्दा अङ्गालोमा च्यापेर निदाउँछ ।

आज त्यति खुशी छैन खेतराम । अस्तिको त अलिअलि मात्रै धागो निस्किएको पाइन्ट थियो । आज त झन् प्वालै परेको पाएको छ । तैपनि आऽ जिन्स पाइन्ट भनेको जिन्स नै हो भनेर चित्त बुझाउँदै भाँडा माझ्ने काम गरि रहेको छ ।

सेतो, चिल्लो, लामो कार फेरि सडकमा आइपुग्छ । सम्राट ड्राइभरलाई गाडी रोक्न आदेश दिन्छ । गाडी टक्क खेतरामको अगाडि रोकिन्छ ।

खेतरामलाई केही पत्तो छैन । टुक्रुक्क बसेर भाँडा माझिरहेको छ । सम्राट गाडीभित्रबाट उसलाई हेर्छ । बिस्तारै क्यामेरा झिकेर उसले लगाएको फाटेको जिन्स पाइन्टको फोटो खिच्छ । घुँडा फाटेका विभिन्न साइजका फोटाहरू खिचेर सन्तोषको सास फेर्छ । गाडी अगाडि बढाउने आदेश दिन्छ ।

गाडी घर पुगेपछि घरको मुख्यद्वारमा मुमाहजुर सेतो, सानो कुकुर लिएर प्रसन्न भएर उभिएकी छिन् । छोरालाई खुशी तुल्याउन सधैँ तत्पर छिन् । सम्राट गाडीबाट ओर्लिन्छ । मुमाहजुर प्रसन्न हुन्छिन् ।

मुमाहजुर : राजाबाबु ! मैले हजुरलाई गिफ्ट ल्यादिएको । पचहत्तर हजारमा किनेको । नेपालमा वानपिस मात्र, इङल्याण्डबाट मगाएको पप्पी ।

सम्राट एक नजर पप्पीलाई हेर्छ तर कुनै प्रतिक्रिया दिँदैन । 'दर्शन मुमाहजुर' भनेर सरासर आफ्नो कोठाभित्र पस्छन् ।

मुमाहजुर वाल्ल पर्छिन् । सोचमग्न हुन्छिन् ।

खेतराम साँझ घाम डुब्न लाग्दासम्म कलिला हातहरूले भाँडा माझ्दै छ । अब त बिचरा खेतराम थाकिसकेको छ । बिस्तारै भाँडाहरूले भरिएको बाटा उठाएर होटलभित्र छिर्न लाग्छ । चप्पल चुँडिएर त्यहीँ लड्न पुग्छ । भाँडा छरिन्छ । घुँडा फाटेको जिन्स पाइन्ट घुँडा बजारिएर झन् ठूलो भ्वाङ परेर च्यातिन्छ । केही सिसाको गिलासहरू फुट्छ । साहुनी भित्रबाट चिच्याएर गाली गर्न थाल्छिन् । "अलच्छिना ! खाली नोक्सानमात्रै गराउँछ । त्यही फाटेको पाइन्ट पनि झन् फटायो ! मेरोमा त यस्तै-यस्तैमात्र आइलाग्छ । तलब कटाऊँ भने पनि यसको तलब छैन, वाक्क लागिसक्यो ।"

साहुजी टेबुल पुछ्दै केही नबोली खेतरामलाई हेर्छ । खेतराम बिस्तारै लडेर फुटेका गिलासका टुक्राहरू समेटेर डस्टबिनमा फ्यालिदिन्छ ।

सम्राट स्कूल जान तयार हुँदै छ । नास्ता डाइनिङ टेबुलमा राखेको छ । रमेश (घरको पुरानो रेखदेख गर्ने सहयोगी) सम्राटको कोठामा आउँछ ।

रमेश : बाबुराजा, मुमाहजुरले ब्रेकफास्ट रेडी भयो मर्जी भएको छ ।

सम्राट : ल ल म आए ।

सम्राट : डाइनिङ्ग टेबुलमा ब्रेकफास्ट खान आउँछ ।

सम्राट : दर्शन मुमाहजुर ......

मुमा हजुर : (जुस सर्भ गर्दै) बाबुराजा हजुरलाई हिजो मैले पप्पी गिफ्ट लिएर आउँदा पनि हजुरले वास्ता गरिबक्सेन ।

सम्राट : केही नबोली बाउलमा दूध र चोकोज हाल्न थाल्छ ।

मुमाहजुर : राजा, अरू केही थियो भने मर्जी होस् ।

सम्राट : मुमाहजुर, मलाई त्यो बाटोमा एउटा केटाले लगाएको जस्तो प्यान्ट चाहिएको छ । म नि त्यस्तै लगाउँछु ।

मुमाहजुरलाई बेस्सरी हाँसो उठ्छ । खितिती हास्न थाल्छिन् । तुरुन्तै आफूलाई सम्हाल्दै भन्छिन्, "जाबो यति कुरा ! म पूरै पसल नै किनिदिन्छु तर कस्तो पाइन्ट ?"

पाकेटबाट सानो डिजिटल क्यामेरा निकालेर खेतरामले लगाएको घुँडा फाटेको विभिन्न किसिमको फोटोहरू देखाउँछ ।

मुमा हजुरको मुख रातो हुन्छ । रिसले क्यामेरा पर पुग्ने गरी फ्याकिदिन्छिन् । छेउमै उभिएको रमेश तर्सिन्छ । रमेश क्यामेरा उठाएर हेर्छ– सबै घुँडा फाटेको जिन्सको पाइन्ट देख्छ । उसलाई बेस्सरी हाँस उठ्छ तर एकदमै कन्ट्रोल गर्छ । तैपनि मुस्काउँछ । मनमनै सोच्छ– धनी-गरीब जे भए पनि आखिर बच्चा त बच्चा नै हो ।

"बाबुराजा," जोडले चिच्याउँछिन् । मुमाहजुर रिसाउँछिन् । रमेश झसङ्ग तर्सिन्छ । सम्राट पनि डराउँछ । मुमाहजुरको यस्तो डरलाग्दो रूप कहिले देखेका थिएन सम्राटले । सम्राट पनि डाइनिङ्ग चियरबाट जुरुक्क उठछ ।

हजुरले यो के मर्जी भएको ? यस्तो कूलघरानाको छोरा भएर घुँडा फाटेको जिन्स प्यान्ट लगाउने ! त्यो खाते, एउटा चिया पसलमा काम गर्ने केटोजस्तो भएर हिँड्ने ? जिजुमुमा, बुबाहजुरले सुनिबक्स्यो भने के मर्जी हुन्छ ? अलि नरम स्वरमा फकाउन थाल्छिन् । हजुरलाई म दुबईमा सपिङ्ग गर्न लैजान्छु । हामी सबै विकेण्ड मनाउन त्यहीँ जाऊँ, हुन्न ? फकाउन कोशिश गर्छिन् ।

सम्राट अनुहार फुलाएर केही नबोली रमेशको हातबाट क्यामेरा लगभग खोसेर लैजान्छ । आज होटल साहुजी चाँडै आएर सटर खोलेर सफा गर्दै छ । खेतराम घुँडामा ठूलो भ्वाङ परेको जिन्स पाइन्ट हातमा लिएर टोलाएर बसिरहेको छ । साहुजी खेतरामलाई हेर्छ, माया लागेर आउँछ । पर्सबाट सय रूपैया झिकेर खेतरामलाई दिँदै, "ओए फुच्चे ?"

खेतराम साहुजीलाई हेर्छ ।

साहुजी : तलाई यो पाइन्ट धेरै मन परेको छ हो ?

खेतराम : टाउको 'हो' भन्दै हल्लाउँछ । उसको आखाँचाहिँ सयको नोटमा अडेको छ ।

साहुजी : ऊ त्यो टेलरको पसलमा जा । यसको भित्रबाट यस्तै खाले कपडा हालेर टालिदिनू भन् । तुरुन्तै बनाइदिन्छ । लिएरै आइज ।

खेतराम खुशीले हामफालेर टेलरकोमा जान्छ । खेतराम घुँडा भ्वाङ परेको पाइन्टभित्र त्यस्तै-त्यस्तै कलरको जिन्सको कपडाको टुक्राले टालेर ल्याएको पाइन्ट लगाएर दङ्ग परेर ठूलेठूलो स्वरले गीत गाउँदै भाँडा माझिरहेको छ । 'यो गाउँको ठिटो म कान्छा मेरो नाउँ......... '

सेतो, चिल्लो गाडी आएर टक्क रोकिन्छ । खेतरामको गीत पनि टक्क बन्द हुन्छ । सम्राट खेतरामको टालेको पाइन्ट देखेर झनै लोभिन्छ । गाडीबाट ओर्लिएर फटाफट फोटो खिच्न थाल्छ । केही फोटो खिचेर गाडीभित्र बस्छ । गाडी अगाडि बढ्छ । खेतरामको बोल्ती बन्द हुन्छ । बिस्तारै उठेर गाडी भएकोतिर अकमक्क भएर हेरिरहन्छ ।

साझमा डाइनिङ टेबुलमा जिजुमुमा, बुबाहजुर, मुमाहजुर सम्राटलाई डिनरको लागि पर्खिरहेका छन् । रमेश सम्राटलाई बोलाउन गएको, आएको छैन ।

केहीबेरपछि–

रमेश : (अलि टाढैबाट) हजुर, बाबुराजा डिनर ज्यूनार गरिबक्सन्न मर्जी भएको छ ।

जिजुमुमाहजुर : किन त्यहि हिजोको कुरा ले हो त ?

मुमाहजुर : हजुर, मैले बाबुराजालाई अलि गाली गरेकी थिएँ ।

जिजुमुमाहजुर : खोइ, उसले के मागेको रहेछ ? हामीलाई पनि थाहा होस् ।

मुमाहजुर रमेशलाई इशारा गर्छिन् । रमेश सम्राटको कोठाबाट क्यामेरा ल्याएर मुमाहजुरलाई टक्राउँछ । तीनै जना घुँडा फाटेको विभिन्न किसिमका जिन्सका पाइन्टहरू, जुन खेतरामले भाँडा माझ्दा लगाएको हुन्छ, ती फोटोहरू हेर्न थाल्छन् । सबै जना तीनछक पर्छन् । आज त यो फाटेको पाइन्ट पनि टालिएको रहेछ । तीनै जना गम्भीर भएर एक-अर्कालाई हेरी बसिरहेका छन् । जिजुमुमाहजुर डाइनिङ चियरबाट उठ्दै 'ओके गुडनाइट' छोरालाई हेर्दै 'आइ ह्याभ नो आइडिया, थिङ्क यौरसेल्फ' भनेर मुख बिगारेर आफ्नो कोठातिर लाग्छिन् । बुबाहजुर र मुमाहजुर गम्भिर मुद्रामा देखिन्छन् ।

मुमाहजुर : सुनिबक्योस्, म छोराको मुडअफ भएको हेर्न सक्दिनँ । माइ गड ! सोच्न पनि सक्दिनँ ।

बुबाहजुर : (अलि झिँझो मान्दै) लेट मी थिङ्क, प्लिज ।

मुमाहजुर : डु समथिङ (उठेर आफ्नो कोठातिर जान्छिन् ।)

बुबाहजुर : क्यामेरा हातमा लिँदै, फोटोहरू हेर्दै केही सोचमग्न देखिन्छन् ।

बिहान फष्ट आवरमा बुबाहजुरको अफिसमा इमरजेन्सी मिटिङ कल भएको छ । ठूलाठूला सिइओ/मेनेजर सबै भेला भएका छन् । हल भरिभराउ छ । बुबाहजुरको प्रवेश हुँदा सबै उठेर अभिवादन गर्छन् । अनि, सबैलाई बस्ने इशारा गर्छन र आफू पनि बस्छन् । उनको स्वकीय सचिवले स्लाइड सो तयार पार्छ ।

बुबाहजुर : आज तपाईंहरूलाई मैले यहाँ इमरजेन्सी मिटिङ कल गरेको चाहिँ हामी नयाँ टेक्सटाइलमा पनि हात हाल्दै छौँ । (सबै जना मुखामुख गर्छन् । अचानक किन यस्तो भनेर । बुबाहजुर कन्टिन्यु गर्दै छन् ।) हामी विभिन्न बिजनेशको क्षेत्रमा सङ्लग्न भए पनि टेक्सटाइलमा प्रभुत्तो जमाउनुपर्छ भने लागेको हो । म तपाईंहरूलाई केही डिजाइनहरू देखाउँछु ।

यत्तिकैमा दुई जना मान्छे आएको सूचना उनलाई दिइन्छ ।

बुबाहजुर : आउनूस्, आउनूस । उहाँहरू नेपाली भएर पनि अन्तर्राष्ट्रिय फेसन बजारमा स्थापित हुनुहुन्छ । (सबैले नमस्ते गर्छन्) बुबाहजुर स्लाइड अन गर्ने अनुमति दिन्छन् । स्वकीय सचिवले खेतरामले लगाएको घुँडा फाटेको, भ्वाङ परेको, भ्वाङ टालेको विभिन्न अवस्थाका डिजाइनहरू देखाउँछन् । सबै स्टाफहरू छक्कै-छक्कै पर्छन् । ती दुई आगन्तुक फेसन डिजाइनर मनमनै मुस्कुराउँछन् । सबैले स्लाइड सो सकिएपछि मन नलागी-नलागी ताली बजाउँछन् ।

बुबाहजुर : अब तपाईंहरू आ-आफ्नो काम (सचिवतिर देखाउँदै) उहाँले टेक्सटाइल फ्याक्ट्री निर्माण, रअ मेटेरियल खरिदआदिको जिम्मेवारी सबैलाई दिनुहुनेछ । सोहीअनुरूप छिटोभन्दा छिटो काम अघि बढाएर उत्पादन सुरु गर्नुपर्छ । (फेशन डिजाइनरलाई हेर्दै) ओके, डिजाइन फाइनल गरेर बक कययल बक भेटौँ ।

बुबाहजुर मिटिङ हलबाट बाहिरिन्छन् । सबै जना खासखुस कुरा गर्छन् ।

बुढा बौलाएछ भनेर टीका-टिप्पणी गर्न थाल्छन् । फेशन डिजाइनर दुवै जना एक कुनामा बसेर पेन्सिलले स्केच निकालेर डिजाइन बनाउन थाल्छन् ।

ठूलो सातातारे होटलमा बर्थ डे पार्टी सुरु हुन लागेको छ । ठूलो बडेमानको टेबुलमा बडेमानको केक सजाएर ढाकिएर राखिएको छ । सबै केक काट्ने साइत कुरेर बसिरहेका छन् । सबैको हातमा ड्रिङ्क सर्भ भइसकेको छ । यतिकैमा अनाउन्समेन्ट हुन्छ ।

आज हाम्रो बाबुराजा सम्राटज्युको शुभजन्मदिनको अवसरमा नयाँ प्रोडक्ट बाबु राजालाई गिफ्टको रूपमा लन्च गर्न लागेका छौँ । बाबुराजालाई यो रिमोटले उद्घाटन गर्नको लागि अनुरोध गर्दछु ।

बाबुराजा सम्राट रिमोट हातमा लिएर अन गर्छन। स्टेजको पछाडि बडेमान को स्क्रिनमा विभिन्न डिजाइनका ग्रन्च प्यान्टहरू डिस्प्ले हुन्छ । सम्राट खुशीले चिच्याउँछ। त्यत्तिकैमा उनलाई केक काटनका लागि अनुरोध गरिन्छ। बडेमानको, केक ग्रन्च प्यान्टको आकारको चार तल्लाको केक काटन थाल्छ ।

ह्याप्पी बर्थ डे टु यु का मधुरो धुन पछाडिबाट बज्न थाल्छ । सम्राट खुशी भएको देखेर जिजुमुमाहजुर, मुमाहजुर, बुबाहजुर दङ्ग परिरहेका छन्। जिजु मुमाहजुर ग्रन्च प्यान्टको गिफ्ट लिएर सम्राटको निधारमा चुम्बन गर्दै दिन्छिन् र ड्रेसिङ रुममा गएर चेन्ज गर्ने इशारा गर्छिन् ।

सम्राट घुँडा च्यातिएको तर ब्राण्ड-न्यु पाइन्ट लगाएर हलमा आउँछ । फोटो खिच्नेहरूको लाइन लाग्छ । बुबाहजुर हातमा व्हिस्कीको गिलास लिएर मख्ख पर्दै मनमनै भन्छन्, 'यहि पाइन्ट गरीबले लगाए च्यातिएको, धनीले लगाए ग्रन्च ! वाह !'

अन्तर्राष्ट्रिय बजारका ग्रन्च प्यान्टका विभिन्न डिजाइन चल्न थाल्छ । अरबपति बुबाहजुर संसारकै टपटेन धनीभित्र पर्न सफल हुन्छन् ।

दशैँ आइसक्यो होटल। साहुनी घर गइसकिन्। घरको काम पनि चटारो छ। होटल पनि खाली-खाली भइसक्यो। सबैजसो घर जान थालिसके। खेतराम घरको यादले टोलाएर बाटोतिर हेरिरहेको छ ।

साहुनी : ए फुच्चे ?

खेतराम : (झस्किन्छ) हजुर !

साहुजी : दशैँमा घर जान्छस् ?

खेतराम मुख उज्यालो बनाउँछ, अलिकति मुस्कुराउँछ । साहुजी सटर बन्द गर्छ। ल हिँड भनेर खेतरामलाई लिएर बजारतिर लान्छ। एउटा कपडा पसलअगाडि बाइक रोक्छ ।

साहुजी : दाइ यो बाबुलाई हुने पाइन्ट दखाउनुस् त ।

कपडापसले ग्रन्च पाइन्ट निकाल्छ। ल हेर्नुस्। यो भर्खरमात्र बजारमा आएको, अहिले त सबैले यहीमात्र खोज्छन् ।

साहुजी : कति रूपैयाँ ?

कपडा पसले : पन्ध्र सय त हो नि !

साहुजी : महँगो भएन ?

कपडा पसले : कहाँ यसको ओरिजिनल त पर्छ नि एघार-बाह्र बजार । यो त डुप्लिकेट भएर नि !

साहुजी : ओ हो ! यस्तो महङ्गो ?

पसले : (खेतरामको कम्मर नापेर) नाप्छ ।

साहुजी : कति दिम त ?

पसले : चौध सय दिनु न । (प्याकिङ गर्न थाल्छ ।)

उफ्! फेरि च्यातिएको पाइन्ट ! यो साहुजी पनि कति लोभी ! कम से कम नयाँ किन्दा त च्यातिएको पाइन्ट नकिन्नु नि ! खेतराम दुःखी हुन्छ । खेतरामलाई गाडी चढाइदिएर साहुजी घर फर्किन्छ । खेतराम भोलि पल्ट बिहन नयाँ लुगा ग्रन्च पाइन्ट लगाएर पिङ्ग खेल्न गाउँमा पुग्छ ।

सबै केटा केटीहरू खेतरामलाई देखेर खुशी हुन्छन् । खेतराम पनि साथीहरू देखेर खुशी हुन्छ । उसको अगाडि सबै झुम्मिन्छन् । ती केटाकेटीमध्ये एक जनाले प्वाक्क भन्छ, “काठमाडौँ गएर आउँदा पनि च्यातिएको पाइन्ट लगाएर आएको ?” सबै गलल हाँस्छन् । खेतराम आँखाभरि आँसु पारेर दौडिएर घरतिर लाग्छ ।

■■

(पहिलो महिला छायाँकार)
नख्खु भैँसेपाटी

## दुःखी माइला

# तीन टुक्रा



### मुला

आफ्नो दुनो सोभ्याउँदै छन् कैयौँ-कैयौँ नेता
उपद्रो नै मच्चाउँदै छन् कैयौँ-कैयौँ जेता
कोभन्दा नै कम्ती को छन्, कामका निम्ति जुठा ?
देश खोक्रो बनाउँदै छन् दामकै भोका मूला !

### नहौँ गिर्दो

थोत्रा गाला बजाउनेको सङ्ख्यै लाज लाग्दो
नारा, जुलुस, बन्दीले नै रह्यो दुःखी पार्दो
साँढे, बाच्छा जुधेकै छन् बढ्यो बथान हेर्दो
कोनै सुखी होलान् यहाँ, नहौँ हामी गिर्दो ।

### हाम्रो आशा

विचारको खडेरी भो अहिले जताततै
स्वर गुञ्जाई इमानको जागौँ भन्छ को नै ?
भिर, पाखा, लेक, बेसी आफ्नै मातृभाषा
देशको निम्ति जरुरी छ, जागोस् हाम्रो आशा ।

■■



**प्रेम देवकोटा**

# नेविप्राका इन्जिनियरहरू र क्यानडामा वाङ्मयको इन्जिनियरिङ



नेपाल विद्युत् प्राधिकरणका डाइरेक्टरबाट सेवा समापन गरेर क्यानडा हाँकिएका इन्जिनियर विष्णु उपाध्याय, इलेक्ट्रिकल इन्जिनियर प्रेम देवकोटा अनि मेकानिकल इन्जिनियर कुसुम ज्ञवाली संयोगले एउटै शहर क्याल्गरीमा भेट भए। भेट कुनै विद्युत्को परियोजना डिजाइन वा निर्माण गर्नका लागि थिएन। अहिले तीनै जना इन्जिनियरलाई विद्युत् प्राधिकरणबाट अलग भए पनि नेपाली साहित्यले एकै ठाउँमा ल्याइदिएको छ।

प्राधिकरणमा लगभग नउक्कने गरी जरा गाडेका यी तीनै जना इन्जिनियर हरूले विविध सन्दर्भमा नेविप्रा छोडेको निकै समय भइसकेको थियो । जन्मभूमि नेपाल छोडेको पनि दशक बढी भएको थियो। केही ठूला सपना, अनि केही अनुभवका पोका बोकेर स्वनिर्वासित यी इन्जिनियरहरूलाई एकै ठाउँमा उभ्याउने माध्यम बनेको छ नेपाली साहित्यक समाज, क्यानडा। मिल्ने मन नजोडिईकन रहन सक्दारहेनछन्। सधैँ यसैगरी जोडिरहन सकून् यी हार्दिकताहरू !

'नेपाली साहित्यक समाज, क्यानडा' क्यानडाको ब्रिटिश कोलम्बिया राज्यमा हालसालै दर्ता भएको संस्था हो। यस संस्थाको उद्देश्य नेपाली भाषा र साहित्यलाई बचाइ राख्ने र आउँदो पुस्तामा बिस्तार गर्ने रहेको छ। यस संस्थाको मुहान भेट्न १५/१६ वर्ष पछाडि फर्कनुपर्ने हुन्छ। नेपाली संस्कारमा गण्डकी अञ्चल र वरिपरि भएको रोदी बस्ने परम्पराबाट प्रभावित भएको भान हुन्छ यहाँको साहित्य समाजको इतिहास। कहिले एकल साँझ वा कहिले कोही सर्जक पाहुनाको उपस्थितिमा कविता वाचनसँगै गरिने साङ्गीतिक अन्ताक्षरीबाट सुरु भएको थियो। यसो भनम् न, यो एउटा साहित्यको प्रवासी रोधीघर थियो।

संस्था दर्तापूर्व कहिले नियमित त कहिले छिटपुट जमघटमा केही साङ्गीतिक रमाइलोसँग कविता वाचन गरिँदै आइएको थियो। सन् २०२० को सुरुबाट केही समय असहजताहरू पनि आए। अन्यत्रजस्तै चुनौती नै मौका बनेर आयो, डायोस्पोरिक साहित्यको यो भेगमा पनि । कोभिड १९ ले धेरै

सामाजिक तथा व्यावसायिक व्यवहारलाई भर्चुअलतर्फ घचेटिदिँदा नेपाली साहित्य समाज, क्यानडा पनि अछुतो रहेन । कोभिड-१९ को प्रभावसँगै संस्थाका सम्पूर्ण कार्यक्रमहरू जूममार्फत चल्दै आएका छन् । कार्यक्रम बढी नियमित भएका छन् । कार्यक्रम व्यवस्थापन सहज भएको छ । कार्यक्रममा सहभागिता ह्वात्तै बढेको छ । हरेक महिनाको दोस्रो शुक्रबार हुने यस कार्यक्रममा हाल क्यनडा, अमेरिका, नेपाल, भारत, न्युजिल्याण्ड र अस्ट्रेलियाबाट सहभागिता हुँदैआएको छ । कोभिडले हामीलाई भर्चुअल कार्यक्रममा नधकेल्दो हो त यी आधा दर्जन देशबाट कहाँ हाम्रो कार्यक्रममा सहभागी हुन क्यानडा आउन सम्भव हुँदो हो र ?

इन्जिनियर भनेका साहित्यभन्दा पृथक् मान्ने सोच अचेल बदलिँदै छ । सिर्जना भनेको लजिकल-इम्याजिनेसन हो । डिजाइनरको काम भनेको नितान्त लजिकल इम्याजिनेसन हो । कल्पना गरेका कुरा वैज्ञानिक तथ्य, तथ्याङ्कसहित रिपोर्ट लेख्नेहरूले अलिक प्रेमिल मानस लिएर कविता लेख्नु खासै फरक काम हो जस्तो लाग्दैन । भाषा भनेको माध्यम हो । मातृभाषामा लेख्न त अझै निकै सजिलो छ । इन्जिनियरहरू खासमा सम्भाव्यता अध्येता पनि हुन् । कुनै पनि घटना कति सम्भव छ भन्ने विश्लेषण गर्न सकेपछि स्वाभाविकताको कसीमा सुन्दर देखिन पनि सहज भयो ।

साहित्य समाजमा इन्जिनियर मात्र छैनन्, यो साहित्यिक अभियानका संस्थापक इन्जिनियर मानकाजी ज्येना हुनुहुन्छ । त्यसै पनि बढी आफ्ना पेशागत फाँटका साथीहरू समेटिनु अत्युक्ति होइन । तर, सहभागी सर्जकहरूमा विधागत विविधता छ । कविता, गीत वा कथा प्रस्तुत गर्ने गर्छन् । सहभागितामा क्षेत्रगत विविधता छ । क्यानडाका विभिन्न राज्यमात्र होइन; नेपाल वा अस्ट्रेलियासम्म बाट सहभागिता जनाउनुहुन्छ । कार्यक्रममा भाषाको विविधता छ । नेपाली, इङ्लिस, मैथली, भोजपुरी भाषामा पनि कविता-वाचन गरिन्छ । कार्यक्रममा प्रविधि र माध्यममा पनि विविधता छ । सामाजिक सञ्जाल, युट्युव लगायतबाट लाइभ प्रशारण गर्ने गरिएको छ । विविधता आफैँमा एउटा सौन्दर्य हुन्छ । हामीमा धेरै वटाको विविधताले सौन्दर्य बढाएको छ ।

कोभिड प्रभावको लहरहरूको बीच नोभेम्बेरमा महाकवि देवाकोटालाई समर्पित र डिसेम्बरमा नारायणगोपाल गुर्वाचार्यलाई समर्पित कार्यक्रम सहभागीको प्रत्यक्ष उपस्थितिमा पनि गरियो । नेपाली भाषा, साहित्य र संस्कृतिलाई मलजल गर्नका लागि स्थानीय सरकारले संस्था दर्तापूर्व देखि नै केही अनुदान गर्दै आएको छ । त्यही आनुदानका आधारमा संस्थाले कार्यक्रम गर्दा हल भाडामा लिने, खाना तथा साउन्ड सिस्टमको व्यवस्था गर्ने गर्दछ । क्यानेडियन सरकारी नियम

हेर्दा यस्तो लाग्छ– संसारभरका नेपाली-भाषीहरू एउटै सञ्जालमा जोडिनु अनि सिक्ने/ सिकाउने गर्नु ! आर्थिक मद्दत गर्न सरकार तयार छ ।' यही अलिखित सरकारी नियमले नेपाली साहित्यक समाज, क्यानडालाई आफ्नै वेबसाइट बनाएर सर्जकहरूसङ्‌ जोडिन उद्देलित पारिरहेको छ, जुन अहिले वेभसाइट निर्माणाधीन छ ।

नेपाली साहित्यक समाज, क्यानडाको विगतका अनुभवहरूलाई फर्केर हेर्दा पहिलो पुस्ता, जो नेपालबाट आएको छ र दोस्रो पुस्ता, जो यहीँ जन्मियो– सँगै नहिँडेको जस्तो; अनि जो साहित्यमा लागेको छ, त्यसमा पनि केही छुटेको जस्तो भेटियो । यिनै चुनौतीहरूसँग भिड्नको लागि गत सालको अक्टोबर महिनामा तीनदिने प्रयोगात्मक तालिम सञ्चालन संस्थाले गऱ्यो । त्यो तालिमले एक-दुईवटा सकारात्मक काम गऱ्यो । पहिलो पुस्तालाई मुख्यतः प्रस्तुतिमा र केही मात्रामा रचनामा ध्यान दिनुपर्ने कुरा सिकायो । यसैगरी दोस्रो पुस्तालाई सिकाउने थलो बन्नसक्छ भन्ने आशा जगाएको छ । समग्रमा त्यो तालिमले नेपाली साहित्यक समाज, क्यानडालाई एउटा ऊर्जा प्रदान गरेको छ ।

मलाई अध्यक्षताको जिम्मेवारी छ । यस संस्थाको उपाध्यक्षमा अनिता गिरी, कोषाध्यक्षमा बिना श्रेष्ठ र महासचिवमा डा. मातृका कोइराला हुनुहुन्छ । यसै गरी साहित्यिक समाजको कार्यसमितिमा बालकृष्ण शर्मा, डा. मेघराज ज्ञवाली, रङ्गिता थपलिया, शुष्मा प्रधान र वीरेन्द्र महर्जन हुनुहुन्छ । कार्यसमितिमा आ-आफ्ना लाइसेन्स प्रोफेसनमा व्यस्त मेडिकल डाक्टर, नर्स, इन्जिनियर, एकाउन्टेन्ट, अनुसन्धानविद्‌लगायतका विज्ञहरू हुनुहुन्छ । वहाँहरूका हरेक घन्टा निकै महँगा छन् । तर पनि नेपाली साहित्य, भाषा, संस्कृति र सङ्गीतका लागि व्यावसायिक व्यस्ताबाट उब्रेको समय निकालेर, कार्यक्रम आयोजना गरेर हरेक महिनाको दोस्रो शुक्रबार सञ्चालन हुने कार्यक्रममा हरेक किसिमका कविताहरू वाचन हुन्छन् । ती कविताका गुणस्तरले फेरि संस्थाको काम, कर्तव्य र दायित्यलाई घचघच्याएको जस्तो अनुभूति भएको छ । संस्थाले कर्तव्यबोधका साथ एउटा साहित्यिक गोष्ठीको गृहकार्यमा लागेको छ, जहाँ सर्जकहरूले अग्रज साहित्यकार हरूसँग अन्तरक्रिया गरून्, आफ्ना लेखका त्रूटिहरू सच्याऊन, एकअर्कासँग सिकून र लेखनको अभ्यास डायस्पोरामा राम्रो विकास होस् ।

नेपाली साहित्य समाज, क्यानडाले थुप्रै योजना र कार्यक्रमहरू अगाडि सारेको छ । क्रमबद्ध योजना तालिकाअनुसार काम गरिरहेको छ । साहित्यलाई मात्र होइन, पूर्वीय गौरवशाली वसुधैव कुटुम्वकम्‌को संस्कृति र जीवनशैली नेपाली समुदायमा जीवन्त पार्न प्रयासरत छ ।

■■ *भ्यानकुभर, क्यानडा*

राजु शर्मा

# मोबाइल



*दृष्य १ (विहान)*

मेसेन्जरको घन्टी घन्कियो ट्याङ... ट्याङ... । यताबाट मोबाइल उठ्यो... हेलो... हेलो... हेलो.... ।

उता– ...हेलो ।

यता– ...हेलो..., हेलो... ।

उता– ...हेलो... के छ साथी... ?

यता– ...ठीकै छ... तेरो नि ?

उता– ...ठीकठीकै भन्नुपर्ला ! के गर्दै छेस् ?

यता– ...त्यै त हो नि, माम पकाउँदै छु ।

उता– ...तरकारी के पकाइस त !

यता– ...मटर काउली ।

उता– ...खोइ, देखा त !

यताकीले मोबाइलको स्क्रिन तरकारीमा सोझ्याई । अनि बिस्तारै दालतर्फ मोडाइ... अनि अचार पिस्न ठिक्क पारेको खलमा घुमाई । प्रेशरकुकरले सुइँ... सुइँ... सुइँ... गरेर तीन सिट्ठी फुक्यो ।

उता– ...भात पनि पाक्यो जस्तो छ नि ?

यता– ...भात त बसालेकै छैन । मासु भुटभाट गरेर सिट्ठी लगाउन बसालेकी ।

उता– ...मटर-काउली पकाएको भनेकी थिइस् त ?

यता– ...त्यो त ठीक पारेको छु पो भनेको..., एक थोक तरकारीले चित्त बुझ्ने भए पो !

उता– ...ल...ल.. खा, आफूमात्रै मासु भात ग्वाम-ग्वाम... ।

यता– ...पख न, कुनै दिन तँलाई पनि बोलाउँला नि ! अहिलेदेखि मुख मिठ्याएर बस्... ।

भात पाकेन ? भन्दै भान्छामा तेस्रो व्यक्तिको आगमनपश्चात् यताकीले कुरा टुङ्ग्याई, “ल अहिले राख्छु है !”

*दृष्य २ (बेलुका)*

यता– ...हेलो ।

उता– ...हेलो... हेलो... ।

भित्तामा झुन्ड्याइएको घडीले उन्डाईस चोटि टयाङ्-टयाङ् ठोक्यो ।

उता– ...हेलो... हेलो... के छ ?

यता– ...ठिकै छ, तिम्रो के छ । के गर्दै छौ ?

उता– ...मस्ती... । उसले मोबाइलको स्क्रिन घुमायो । फुच्चे टेबुल देखायो । आधा बोतल विदेशी रक्सी, आधा भरिएको गिलाँस, केही स्न्याक्ससहितका प्लेटहरू ।

यता– ...बाफ रे बाफ ! मस्ती रहेछ त ! भाइकै छ मस्ती ! एक्लै खान कसरी सकेको ? यसो हामीलाई पनि सम्झिएको भए हुन्थ्यो ।

उता– ...कहाँ एक्लै छु... सबै छन्... नि... !

छोरा, छोरी, बूढी सबैको अनुहार वरिपरि मोबाइल घुमाएर देखायो ।

यता– ...सबै परिवारै बसेछौ त... ?

उता– ...अँ, मस्ती गर्न ला'को नि !

यता– ...खै, आफ्नो त मस्तीसस्ती त्यस्तै हो... । तिम्रो भिनाजुलाई मस्तीको 'म' पनि उच्चारण गर्न हुँदैन ।

बूढाप्रतिको दृष्टिकोण प्रस्तुत गरी ।

उता– ...तपाईंको खानपिन भयो त ?

यता– ...भै सक्यो... ।

उता– ...तपाईं एक्लै... ?

यता– ...सबै आ-आफ्नो कोठामा छन् ।

उताकोले आधा गिलाँस रक्सी एकै सासमा रित्यायो । घुटुक्क निल्यो । एक चम्चा सितन चपायो । यी सबै दृश्य यताकीले मोबाइलको स्क्रिनमा हेरिरहेकी थिई ।

यता– ...धेरै नखाऊ है !.......स्वास्थ्य बिग्रिएला ।

उता– ...नखाएचाहिँ बिग्रिन्छ ।

यता– ...हा... हा... हा... त्यस्तो नहोला... ।

रक्सीको नशाले पूरै लठ्ठिएकोले उताको मोबाइल छन्द्र्याङ्ग गरी भुइँमा खस्यो । लाइन काटियो ।

*दृष्य ३ (भोलिपल्ट दिउँसो)*

उता– ...हेलो... हेलो... ।

यता– ...हेलो... हेलो... ।

उता– ...हेलो... हेलो... (आत्तिएको स्वरमा)

यता– ...भन, म बोल्दै छु..., के छ हालखबर...?

उता– ...म त अस्पतालमा छु ।

यता– ...कसलाई के भयो र ?

उता– ...बुबालाई सन्चो नभएर लेराएको ।

यता– ...कैले ?

उता– ...बिहानै सबेरै... एक्कासि श्वास फेर्न गाह्रो भएर... ।

यता– ...अहिले कस्तो छ त ?

उता– ...ल हेर्नुहोस् आफैँ, कस्तो छ, थाहा पाइहाल्नुहुन्छ । (मोबाइलको स्क्रिन घुमायो ।) अस्पतालको बेडभरि अटेसमटेस बिरामीहरू छटपटाइरहेका, जताततै कोलाहल मच्चिएको, बेडमा नअटेर बिरामीहरू भुइँमा समेत लम्पसार परिरहेका, हृदयविदारक दृश्य देखायो ।

यता– ...भयो...भयो... नदेखा । डाक्टरहरू के भन्छन् त ?

उता– ...अक्सिजनको लेवल घटेको छ रे..., फोक्सोमा इन्फेक्सन भएको छ रे !

यता– ...अक्सिजन दिएको छ त ?

उता– ...छैन नि ! अक्सिजन नै छैन भन्छन् ।

यता– ...धैर्य गर... म त्यतै आउँछु ।

उता– ...भयो नआउनोस्... रोग सर्छ... म छँदै छु नि !

बिरामी छटपटिइरहेको थियो ।

"ए डाक्टर साहेब !" ऊ चिच्यायो । ...धेरै गाह्रो भयो जस्तो छ । एकपल्ट जाँचिदिनोस् न !"

डाक्टर– ...पर्ख्नोस् है ! म आइहालेँ.... ।

यता– ...अक्सिजन खोजेर लगा न, के हेरेर बसेको ?

उता– ...हस्पिटलमा अक्सिजन छैन रे !

यता– ...एउटा अक्सिजन पनि राख्न नसक्ने कस्तो हस्पिटल रहेछ !

उता– ...लौन...लौ... के भयो... !

यता– ...के भयो र !

उताको रुवाबासी मोबाइलले यता फालिरहेको थियो । ■■

मातृका पोखरेल

# महानगरभित्र



बिहानको करीब दश बज्दै थियो ।

म दरबारमार्गमा सडक पार गर्ने मौका कुरिरहेको थिएँ । त्यसै वेला कसैले पछाडिबाट मेरो पाखुरामा च्याप्प समातेपछि म झस्किँदै पछिल्तिर फर्किएँ ।

“हजुर, नमस्कार !” एउटा युवक मुसुक्क मुस्कुराइरहेको थियो ।

परिचितजस्तो अनुहार लागे पनि मैले राम्ररी ठम्याउन सकिनँ । तर, उसको हाँसो र उसले मप्रति देखाएको मुक्त व्यवहारले ऊ मेरो नजिकको मान्छे हो भन्ने बुझ्न बेर लाग्दैनथ्यो ।

“मलाई चिन्नुभएन कि क्या हो हजुरले ?” मेरो हात झट्कार्दै भन्यो उसले ।

उसको सोधाइपछि म झनै अलमलिइरहेको थिएँ । छैन भनौँ भने अत्यन्त परिचित जस्तो लागिरहेको थियो उसको अनुहार । चिनेँ भनौँ भने मैले राम्ररी ठम्याउन सकेकै थिइनँ ।

“म उही क्या, साइँला दमाईको छोरो तिलक !” म अकमकाउँदै गर्दा आफ्नो परिचय उसले हत्तपत्त दियो ।

मैले उसको सबै पहिरन हेरेँ । भैरे दमाईको छोरो । यो कसरी हुन सक्छ । ऊ मेरो गाउँको अत्यन्त गरीबको छोरो । घाँटीमा सुनको सिक्री थियो । हातमा अत्यन्तै महङ्गो लाग्ने घडी । उसले लगाएका जुत्ता र कपडाहरू सबै महङ्गाजस्ता लाग्थे ।

“हजुर, जाऊँ, मेरो गाडी ऊ त्यहीँ छ । एउटा रेष्टुरेन्टमा गएर चिया-कफी खाऊँ । मैले हजुरलाई धेरै समयदेखि खोजिरहेको थिएँ । मैले हजुरको फोन नम्बर पनि प्राप्त गर्न सकिनँ । आज भेट भयो । मेरो त भाग्य नै रहेछ नि !” उसले एकै पटक धेरै कुरा भनिसिध्यायो ।

म भने अन्योल र असमन्जस अवस्थामा गुज्रिएको थिएँ । पोहोरको दशैँमा घर जाँदा तिलकको बुबा साइँला दमाईले आफ्नो छोरालाई भेटेर घर जान भनिदिनुपऱ्यो भनी आग्रह गरेको कुरा मेरो मानसपटलमा चलचित्रको दृश्यझैँ घुमिरहेको थियो ।

“मलाई त केही थिएन हजुर, ऊ काठमाडौँमै छ भनेर देख्नेहरूले भनेकै थिए । उसको चिन्ताले तिलककी आमाको हाड र छालामात्र बाँकी छ । ऊ गएको यतिका वर्ष भैसक्यो । हजुरले खोजी गरेर पठाइदिए ठूलो गुन सम्झने थियौँ ।” यति भनिसकेर साइँला दमाईले एक थोपा आँसु भुइँमा खसाएको थियो ।

तिलकले भनेको नमानूँ भने फेरि उसलाई भेट्न नपाइने डर । उसले भनेको मानूँ भने त्रिचन्द्र कलेजमा कक्षा छुट्ने डर । म यही द्विविधामा एकछिन रुमल्लिएँ ।

“के सोचिरहनुभएको ? जाऊँ न हिड्नुस !” उसले मेरो हात समातेर झकझक्यायो ।

मैले पनि त्रिचन्द्रमा आजको कक्षा छाडिदिने विचार गरेँ र उसको पछिल्तिर लागेँ । ऊ मेरो अघिअघि लाग्यो र केही पर बाटोको किनारमा पार्किङ गरिराखेको कारको ढोका खोल्यो । उसले मलाई पछिल्लो सिटमा बस्न हातले इसारा गऱ्यो ।

कार अत्यन्तै अत्याधुनिक र नयाँ मोडेलको थियो । उसले कारलाई नारायणहिटी दरबारअगाडिबाट पूर्वतर्फ नागपोखरीतिर मोड्यो ।

मेरो मनभित्र उसका बारेमा विभिन्न तर्कनाहरू खेलिरहेका थिए ।

“ऊ कसैको निजी ड्राइभर भयो होला या कुनै मोटर वर्कशपमा काम गर्छ होला ।” म उसले चलाइरहेको कारको पछिल्तिर बसेर यस्तैयस्तै सोच्दै थिएँ ।

“तिमी कहाँ बस्छौ ?” मैले कुराको पोयो खोल्ने विचार गरेँ ।

पहिलेपहिले उसलाई तँ भनेरै सम्बोधन गर्थें । गाउँको दलित केटो, त्यसमाथि मेरो कान्छो भाइको उमेरको मान्छे । तर, उसको रवाफ देखेर आज तँ भन्ने आँट गर्नै सकिनँ । तिमी भनेर सम्बोधन गरेँ ।

“मेरो बारेमा एकछिनपछि हजुरले सब थाहा पाइहाल्नुहुन्छ नि !” उसले नागपोखरीबाट बालुवाटारतिर गाडी मोड्दै भन्यो ।

बालुवाटार नपुग्दै मलाई उसले एउटा रेष्टुरेन्टभित्र लिएर गयो । रेष्टुरेन्टभित्र पस्नेबित्तिकै उसले दुई जनामात्र बस्न मिल्ने एउटा सेक्रेट कोठाको माग गऱ्यो ।

“किन चाहियो र सेक्रेट कोठा ? आखिर कोही मानिसहरू त छैनन् ।” मध्यान्न हुन लागेको वेला, खाली रेष्टुरेन्ट देखेर मैले उसलाई भनेको थिएँ ।

मैले भन्दानभन्दै रेष्टुरेन्टको स्टाफले एउटा सेक्रेट कोठा देखाइदियो ।

“यो आफ्नै भाइहरूले चलाएको रेष्टुरेन्ट हो क्या दाइ !” उसले स्पष्टिकरण दियो ।

“के इच्छा छ हजुरलाई ? मम, पिज्जा, सेकुवा ? उसले मेनु पल्टाउँदै भन्यो ।

“होइन, म त भर्खरै खाना खाएर आएको । मलाई त केही पनि खाने इच्छा छैन । तिमीले आफूलाईमात्र मगाऊ ।” मैले आफ्नो स्थिति बताइदिएँ ।

“होइन, चिसो, तातो केही त लिनै पर्छ ।” मलाई उसले कर गर्न थाल्यो ।

“हुन्छ, मचाहिँ एक कप कफी खान्छु । अरू तिमीलाई के इच्छा छ, लेऊ ।” मैले उपाय खोजेँ ।

“मेरो त खाना खाने वेलै भएको छैन । खाना खाँदा दिउँसोको बाह्र–एक बज्छ । बिहानै हेभी ब्रेकफास्ट लिन्छु र जीममा जान्छु ।” मेनुबाट आँखा नउठाईकन उसले भन्यो ।

पाँच वर्ष पहिले उसलाई मैले पहाडमै भेटेको थिएँ । मेरी आमा त्यस वेला बिरामी भइरहनुहुन्थ्यो । त्यस कारण म आफ्नो घर पहाड गइरहन्थेँ । त्यसैले ऊसँग मेरो निरन्तर भेट भइरहन्थ्यो ।

“तर पाँच वर्ष पहिलेको तिलक र अहिलेको तिलकमा आखिर यत्तिका फरक कसरी भइरहेको छ ?” म आफैँ यो प्रश्नमा रुमल्लिरहेको थिएँ ।

यसै बीचमा उसको गोजीमा मोबाइलको घन्टी बज्यो ।

“सानुमैयाँ ! म आइपुग्न अरू एक घण्टा लाग्छ है !” यति भन्दै उसले मोबाइल स्विच अफ गऱ्यो र टेबलमा राख्यो ।

टेबुलमा राखेको उसको मोबाइलमा आँखा पर्नेबित्तिकै पाँच वर्षअघिको अर्को सम्झनाले मलाई तान्यो । त्यस वेला टचस्क्रिन मोबाइलको सुरुवात भएकै थिएन । मैले भरखरै नोकियाको नयाँ सेट लिएर गाउँ गएको थिएँ । त्यस वेला मसँग भएको मोबाइल देखेर ऊ अचम्मित भएको थियो । अझ टाढाटाढाका मानिसहरूसँग त्यसबाट कुरा गर्न सकिन्छ भन्ने थाहा पाएपछि उसको कौतुहलता देखेर मलाई निकै रमाइलो लागेको थियो । यति वेला टेबुलमा राखेको उसको अत्याधुनिक सेट देखेर म भित्रभित्रै लोभिइरहेको थिएँ । सम्पूर्ण क्रियाकलापहरूले उसको समग्र जीवनशैली अत्यन्तै उच्चस्तरको रहेको सहजै अनुमान गर्न सकिन्थ्यो ।

तिलक मसँग केही कुरा गर्न चाहिरहेको छ भन्ने आभास उसका केही भागभङ्गिमाहरूले मलाई दिइरहेका थिए ।

"काठमाडौँमा तिमी के गरेर बसिरहेका छौ ?" उसको समस्यालाई बुझेर मैले नै कुरो सुरु गर्ने विचार गरेँ ।

"यस्तै त हो नि दाजु ! सडकतिर घुमेर दिन बिताएको छु ।" हल्का हाँसो हाँसेर हल्कै जवाफ दियो उसले ।

"सडकमा घुमेर खान पाउनु पनि ठुलै भाग्य हो नि !" मैले पनि हल्कै कुरा गरेँ ।

"पुगेकै छ दाजु !"

"भनेपछि ठुलै प्रगति गरेछौ जस्तो छ ।"

"सामान्य छ ।"

"के गर्छौ त ?"

यिनै संवादका बीच मेरो पछिल्लो प्रश्नपछि ऊ अलिक हडबडायो ।

मतिर हेर्दै ऊ अलिअलि मुस्कुराउने प्रयत्न गऱ्यो ।

त्यसपछि ऊ लामो समय मौन देखियो । मेरो प्रश्नपछि उसको अनुहारमा एउटा त्रासको लहर दौडियो ।

हाम्रो अघिल्तिरको टेबुलमा कफीका दुई वटा कपहरू आइपुगे । ऊ भित्र केही कुराहरू गुम्सिएर रहेका छन् र ती कुराहरू खोल्न उसलाई सकस परिरहेको छ भन्ने मैले अन्दाज गरिरहेको थिएँ ।

उसको मौनताको कारण खोजिरहेको थिएँ म । उसको स्वभाव मौन बस्न रुचाउने खालको थिएन । यो कुरा म राम्रोसँग जान्दथेँ । सानैदेखि चञ्चले स्वभावको थियो ऊ ।

"ए ! घरमा तिम्रो बुबा निकै बिरामी हुनुहुन्थ्यो भन्ने सुनेको थिएँ । अहिले कस्तो छ ?" म ऊबाट छलफलको गति बढाउन चाहन्थेँ ।

"अहिले त ठिकै छ अरे !" ऊ फेरि छोटो उत्तर दिएर अडियो ।

"दाइलाई आज म मेरो घर देखाउन लान्छु । तर, त्यसका लागि दाइसँग मैले केही कुरा गर्नु छ ।" यति कुरा गर्दागर्दै उसको अनुहार लजावती झारझैँ ओइलायो ।

"ए ! तिमीले काठमाडौँमा घर बनाइसक्यौ ?" मलाई पनि अचम्म लाग्यो ।

काठमाडौँमा आएर मैले कलेज पढाउन थालेको पनि दुइ दशक भैसकेको थियो । बल्लबल्ल भक्तपुरको दुवाकोटमा तीन आना जग्गा जोड्नमात्र सकेको थिएँ । मेरो लागि घर बनाउनु त धेरै टाढाको कुरा भयो । उसले घर बनाएको कुरा गर्दा म साँच्चै अचम्मित भएँ ।

“कहाँ बनायौ घर ?” उसको कुरा सुनेपछि मेरो उत्सुकता पनि बढ्दै गयो ।

“लाजिम्पाटमा ।” उसले फेरि छोटकरीमै कुरो टुङ्ग्यायो ।

“लाजिम्पाटजस्तो भिआइपी ठाउँमा तिलकको घर ?” मलाई भित्रैदेखि उसको घर हेर्ने कौतुहलता जागेर आयो ।

“मैले मेरो घरमा मेरो पारिवारिक अवस्थाका बारेमा धेरै कुरा ढाँटेको छु । मैले मेरो ससुरालीतिर सबैलाई म ठकुरी जातको मानिस हुँ भनेर परिचय गराएको छु । मेरी श्रीमतीदेखि सबै जना मेरो कुरामा ढुक्क छन् । हजुरले यो कुरालाई मिलाएर गरिदिनुपर्ला है ! म हजुरलाई मेरो ठूलोबुवाको छोरो दाजु भनेर परिचय गराउँछु ।” सकसका साथ उसले आफ्ना कुरा राम्रोसँग भनिनसक्दै टाउको झुकायो ।

“कसकी छोरी विवाह गऱ्यौ ?” म उसको बारेमा थप कुरा जान्न हतारिएको थिएँ ।

“राणाकी !”

“कति वर्ष भयो विवाह भएको ?“

“चार वर्ष !”

“बच्चाहरू कति भए ?“

“दुई वटा । छोरा र छोरी ।”

सङ्क्षेपमा यिनै संवादहरू भए उसका र मेरा बीचमा ।

“हजुर , जाऊ न त !” ऊ उठ्यो ।

“ऊसँग जाऊ भने झुठो बोल्नुपर्ने, जान्न भन्नलाई पनि ऊ निकै कर गर्ने मुडमा देखिन्थ्यो । म एकछिन रनभुल्लमा परेँ ।

ooo

दरबारमार्गको बाटो लाजिम्पाटतिर मोडिएपछि उसले आफ्नो मोटरलाई छेउतिर लगायो । देख्दैमा अत्याधुनिक लाग्ने बङ्गलाको अघिल्तिर उसले मोटर रोक्यो र लामो हर्न बजायो ।

एउटा अधबैँसे देखिने मानिसले आएर ढोका खोलेपछि हामी त्यो बङ्गलाभित्र प्रवेश गऱ्यौँ ।

बगैँचामा थरीथरीका फूलहरू फुलिरहेका थिए । पारिजात, धुपी, सल्लाका बोटहरूले शहरभित्रको वातावरण पनि प्रकृतिमय थियो ।

काठमाडौँमा त्यो स्तरको अत्याधुनिक बङ्गलामा प्रवेश गरेको मेरो पहिलो पटक थियो ।

"आज किन हजुरले आउन ढिलो गरिस्यो त ?" भित्र कुनै कोठाबाट एउटा नारीस्वर सुनियो ।

"ठुलदाजुसँग भेट भयो । आज त्यसैले ढिला भयो ।" बैठक कोठाबाट उसले चर्को स्वरमा भन्यो ।

"भेट भयो-भयो मात्रै त भन्ने हो नि ! हजुरका मान्छेहरूलाई हामीले कहिले चिनेको होइन क्यारे !" भित्रबाट उही नारीस्वरको एउटा निरस प्रत्युत्तर आयो ।

"आज हाम्रो घरमा दाजु मसँगै आइसेको छ ।" तिलकले निकै उत्साहका साथ भन्यो ।

"ए ! हो र !" भित्रबाट नारीस्वरको प्रतिक्रिया आयो । र, सँगसँगै छिटो गतिमा हामी बसेको ठाउँतिर आइरहेको पाइलाको आवाज आयो ।

त्यो आवाज हामी नजिकनजिक आइरहेको थियो । मैले अन्दाज गरिसकेको थिएँ । त्यो पाइलाको आवाज त्यही नारीस्वरकै हो । मलाई कताकता शरीरमा चिटचिट पसिना आएको महशुस भयो । अब एकछिन पछि मैले पूरै अभिनय गर्नुपर्ने छ र पूरै झुटैझुठ बोल्नुपर्नेछ ।

"यो कसरी हुन सक्छ ?" मलाई मेरो शरीर पूरै ओइलाएको महशुस भयो ।

"म विद्यार्थीहरूलाई पूरै नैतिकवान् बन्न प्रेरित गर्ने गुरु ! तर, यो कसरी ?" यस्तो सोच्दासोच्दै म आफूभित्रभित्रै भूकम्पका झट्काहरूको जस्तो तरङ्ग महशुस गरिरहेको थिएँ ।

"दर्शन दादा !" म अघिल्तिर एउटी महिला ठिङ्ग उभिएकी थिइन् । मैले पनि अभिवादन फर्काएँ ।

"यति नजिकै भएर पनि हजुरसँग भेट्ने साइत आजमात्रै जुऱ्यो । आजको दिन मेरो जीवनमा कस्तो खुशीको दिन भएर आयो ।" मसँग भेट्न पाएकोमा उनी यति फुरुङ्ग थिइन कि उनको अनुहारमा यो खुशी राम्ररी पढ्न सकिन्थ्यो ।

अघिल्तिरको सोफामा तिलक बसिरहेको थियो । म घरीघरी तिलकतिर हेर्थें तर ऊ मोबाइलमा व्यस्त देखिन्थ्यो । अर्थात्, व्यस्त भएजस्तो अभिनय गरिरहेको थियो । एक प्रकारले तिलकसँग मलाई भित्रभित्रै रिस पनि उठिरहेको थियो ।

"मलाई हाम्रो पहाडको गाउँमा जान मन लागेको छ, तर उहाँले केके केके निहुँ निकाल्दै टारिसिन्छ ।" ऊ मेरो अघिल्तिर उभिएर यस्तै-यस्तै मनमा लागेका सबै गुनासाहरू बकिरहेकी थिई ।

मलाई उसको कुरामा ध्यान पुऱ्याउनुभन्दा पनि अब यहाँबाट कसरी चाँडै निस्कने भन्ने कुराको चिन्ता भइरहेको थियो ।

ऊ यस्तैयस्तै भन्दै थिई छेउमा उभिएर । एउटी बालिकाले जुसको ग्लास अघिल्तिर ल्याएर राखिदिई । त्यो बालिकाको रूपरङ हेर्दा काम गर्न राखिएको जस्तो लाग्यो ।

"आज हामी सबै दादाको घर हेर्न जाने !" उसले तिलकतिर फर्किएर भनी ।

तिलक मोबाइलमा व्यस्त भएझैँ अभिनय गरिरहेको थियो ।

घरीघरी मलाई सत्य कुरा गरिदिऊँ जस्तो पनि लाग्थ्यो ।

"आज दाजुलाई एकदमै हतार छ अरे ! अर्को कुनै दिन जाउँला ।" मैले बोल्नुभन्दा पहिले तिलकले हतारिएर उत्तर दियो । मलाई लाग्छ– ऊ यस्ता उत्तर दिन खप्पिस भैसकेको थियो ।

म कुनै उपायले त्यहाँबाट चाँडै बाहिरिन चाहन्थेँ । तिलकको प्रत्युत्तरमा टेकेर त्यहाँबाट तुरुन्तै बाहिरिन उपयुक्त ठानेँ ।

"आज मलाई अत्यन्तै जरुरी काम छ । अर्कोदिन भेटौँला है !" यसो भन्दाभन्दै म सोफाबाट उठिसकेको थिएँ ।

म हतारहतार गर्दै ढोकामै पुगिसकेको मात्र के थिएँ, ऊ दौडिँदै आइ र मेरो घरको ठेगाना मागी । म फेरि के भन्ने, के गर्ने भन्ने द्विविधामा रुमल्लिँदै थिएँ । पछिल्तिरबाट तिलक दौडँदै आयो र उसले मेरो घर देखिसकेको कुरा गऱ्यो । भोलि-पर्सि कुनै दिन मेरो घर लिएर जाने कुरा गऱ्यो ।

"दाजुलाई हतार होला, गाडीमा पुऱ्याइदिइस्यो न !" उसले तिलकलाई भनी ।

"पर्दैन , पर्दैन ! मैले जानुपर्ने ठाउँ यहीँ नजिकै छ ।" कुनै उपायले म त्यहाँबाट छिटोभन्दा छिटो उम्कन चाहन्थेँ ।

सबैसँग बिदा माग्दै तिलकतिर फर्किएर हेरेँ । तिलक मतिर नहेरी अर्कैतिर फर्किएको थियो ।

बाहिर बगैँचामा काम गरिरहेको एकजना मानिसले गेटको ढोका खोलिदियो । म पनि आफू हतारिएको अभिनय गर्दै बाहिर निस्किएँ ।

बाहिर सडकमा आएपछि मैले आफूलाई निकै स्वतन्त्र भएको महशुस गरेँ ।

■■

**गङ्गा अधिकारी**

# नववर्ष



नयाँ वर्ष, नयाँ युग सबैमा जोस-जाँगर
फैलियोस् जगमा शान्ति, ॐ शान्ति निरन्तर
ईर्ष्या, द्वेष, घृणा, कपटले इतिहास मलिन छ
निःस्वार्थी कर्ममा हाम्रो जग अझै कमजोर छ ।

म नै जान्ने, म नै सुन्ने, मेरै भविष्य सुन्दर
यही दुर्भिद्य, दुर्नियत, विद्यमान निरन्तर
सदैव सबैको कार्य जनहित भई रमोस्
यही मार्ग पहिल्याई सत्पथ नै निरन्तर ।

समताभाव यथेष्ठ मात्रै भाषणखातिर
परस्पर भेट हुँदा औपचारिकता नै सीमित छ
हाम्रो जाँगर, अठोट, परिश्रम त्यसै विलीन हुनगयो
नभिभ्ने हाम्रो ज्योति धिपधिप हुँदै मलिन भयो ।

गुम्सिएका भावनाहरूमा अनेकौँ पुष्प गाँसीकन
नयाँ युग नवीनतमको अझै कल्पना गरीकन
जागोस् सबको हृदयमा आत्मीयता भावना
मनसा, वाचा, कर्मणा शुभ होस्, यही शुभकामना !



## कृष्णहरि दाहाल 'अनबहत'

# जीवन



फूलमात्र हैन यो जीवन, सुगन्धमात्र फैलाउने
फलजस्तै हैन यो जीवन, एक सिजनमात्र फल्ने
काँडा, भेल, हुरी सँगसँगै लयबद्ध चल्नुपर्छ
बाह्रैमासेसमेत भई सदाबहार बन्नुपर्छ ।

लज्जावन्तीकै प्रतीक हैन जीवन यो, स्पर्शमै झुक्ने
चुम्बकमात्र रहेन सदा, आकर्षणमै यो तानिने
नाटकीय पात्रसरी छेपारे रङ बदल्नुपर्छ
पाखा, भीर, पहरासँगै उल्टो-पाल्टो हिँड्नुपर्छ ।

खहरे छाँगोमा सदा बज्रने पत्थर नै हो जीवन
सुस्तरी गतिमा निरन्तर बग्ने नदी पनि जीवन
हण्डर ठोकाइबाट समेत सन्तुष्ट बन्नुपर्छ
घुम्ती, पहरामा बराबर रुँदै, हाँस्दै बग्नुपर्छ ।

सूर्योदयको पारिलो ज्योतिमात्रै रहेन यो जिन्दगी
भावी पल पर्सिको हिजो नै हो, निरन्तरको जिन्दगी
जूनताराको अभावमा नाइटभिजन बन्नुपर्छ
भेट्नै नसकिने खुशी र लाभ त्याग्न नै सक्नुपर्छ ।

बाङ्गोटिङ्गो गतिमा हिँडिदिने कुलोको पानी जीवन
सुख-दुःख, समयको त्रिवेणीमात्रै त यो जीवन
खेतबारी, तिर्खाहरूको प्यास मेटाइदिनुपर्छ
अन्तरमन छोई लिपिस्टिकविना नै सज्नुपर्छ ।

हजारौँ मुस्कान आशाको बाधक नबनोस् जीवन
पाइला–पाइला ठेसमा उन्मुक्त बनोस् यो जीवन
धारेहातबाट आशीर्वाद आर्जन गर्नुपर्छ
प्रश्नको अङ्कुरण हैन, समाधान दिनुपर्छ ।

पिँजडाप्रिय सुँगाझैँ भावना बन्दी नबनोस् यहाँ
हाँसो, भलाइमा सधैँ बितोस्, यो छोटो चोला यहाँ
स्वच्छन्द पखेँटा धरी गगनमा सवार गर्नुपर्छ
सत्य, शुद्ध भई मनको, कालो डङ्गुर फाल्नुपर्छ ।

■■

*उपसचिव, निजामती सेवा*
*(पूर्व लेखाअधिकृत, नेपाल विद्युत् प्राधिकरण)*

कमला श्रेष्ठ

# जिन्दगीका मोडहरू



मेरो लामो यात्रामा
माया गर्ने मान्छे मसँग छैन
एक्लै यात्रा दोहोऱ्याउँदै छु
यात्रामा कोसँग भेट हुन्छ र छुट्टिन्छ
थाहा नै हुँदैन रहेछ
यात्राकै क्रममा भेट भयो र छुट्टियो
सायद साथ भएको भए
यात्रा सहज हुनेथियो कि ?

यात्रा न हो
मोडहरू फेरिइरहन्छन्, फेरियो
यी मोडहरू पनि सदा कहाँ रहन्छन् र !
आत्मीयतासँग जोडिएको भेट
तपाईंहरूले दिएको माया
सजिलै कहाँ छुट्टिन्छ र ?
तपाईंहरूसँग भएको भेट र माया
सधैँ याद भएर रहनेछ
सबैलाई आफ्नो प्यारो बनाइराख्न पनि सकिँदैन
प्यारो बनाउनकै लागि आफूलाई गुमाउन पनि सकिँदैन
आत्मीयतासँग जोडिएको छ भने
आफूसँगै हुनुपर्छ भन्ने पनि छैन
सँगै हुन तपाईंहरूको याद नै काफी छ

बाटो परिवर्तन हुन्छ हरेक मोडहरूमा
यात्रामा साथ दिन कोही जोडेकै छैन

आफ्नो बनाउन पनि
आफैँले आफूलाई बनाउन सक्नुपर्छ
अनुहारमा खुशी, ओठमा हाँसो ल्याउन सक्नुपर्छ

मेरो यात्रामा सहयात्री मात्र कहाँ छ र ?
बटुवासँग पनि यात्रा गरेकी छु
कसैबाट सिकेँ, कसैलाई सिकाएको पनि छु
जिन्दगीको यात्रामा रमाएको छु
कसैको लागि रोकिएको छैन, रोकिन पनि चाहन्नँ
आ–आफ्नो जिन्दगीभित्र आफ्नै यात्रा हुन्छ
यात्रीलाई रोक्न नखोज
कसैलाई भनेर कोही रोकिनेवाला छैन
यही यात्रामा माया र याद सदा रहनेछ ।
■■



## दीपक दाहाल

# प्रसङ्गैः प्रसङ्ग



१. एक दिन बाबुछोरा आफ्नो गाउँबाट छिमेकी गाउँ जाँदै थिए । अलि पर पुगेर यसो हेर्दा बाटोको छेउको पोखरीमा अजङ्गको हात्ती सुतिरहेको थियो । एउटा भ्यागुतो हात्तीको सुँढ सकिनसकी आफ्नो मुखमा राखेर खान लागेको देखेर बाबुछोरा छक्क परी हेरिरहे र केही बेरपछि त्यहाँबाट हिँडे । कतै यो कुरा छोराले अरू कसैलाई भन्ने हो कि ! कसैलाई नभनोस् भनेर "बाबू, यो कुरा साँचो भए तापनि हेर, यस्तो पत्याउन नसकिने कुरा कसैलाई नभन्नू है !" भनी सम्झाए । छोराले पनि "हुन्छ" भनेर भन्यो । केही दिनपछि उनीहरू आफ्नो गाउँमा फर्किए । बालक छोराले स्कूलमा एक दिन कुरैकुरामा भ्यागुताले हात्तीलाई सुँढबाट खान लागेको कुरा खुस्काइहालेछ । साथीहरूले कुरा अँठ्याइहाले, "होइन होला, तैँले हामीहरूलाई झुट कुरा सुनाइस् । यो सत्य होइन । कतै भ्यागुताले हात्तीलाई खान सक्छ ?"

उसले फेरि आफ्नो कुरा सही हो भन्दै "यस कुराको साक्षी मेरा बा हुनुहुन्छ, नपत्याए लु हिँड, मेरा बासँग सोधौँ" भन्यो । "म बाजी राख्न तयार छु" भन्दै १।१ रुपैयाँको बाजी थापेर र सबै साथी लिएर आफ्नो बाबुको छेउमा आएर "हामीले भ्यागुताले हात्ती खाएको देखेको हो कि होइन बा ?" भनेर सोध्यो । बाबुले "होइन" भने । छोराले बाजी हार्‍यो । साथीहरूले १ रुपैयाँ बाजी जितेर लिएर गए । ऊ निरास भयो– आफ्नै बाबुले बाजी हराइदिएकोमा । केही दिनपछि उसको घरमा गाई ब्याइन् । बाच्छो भुइँमा खस्नासाथ बाबुले बाच्छालाई नजिकैको पोखरीमा चुर्लुम्म डुबाएर ल्याएर माउका थुनमा लाइदिए । बाच्छाले मस्त दूध पियो । दिनहुँ यही रीतसँग बाच्छो फुकाउनासाथ कुद्दै, पोखरीमा डुब्दै आउँदै आफैँले दूध खान थालेपछि बाबुले छोरालाई बोलाएर "बाबु, लु अब तिम्रा साथीहरूसँग गएर भन कि हाम्रो घरमा एउटा बाच्छो छ, त्यो बाच्छो ननुहाईकन दूध खाँदैन भनेर । अनि, २।२ रुपैयाँको बाजी पनि थापेर आऊ" भने । छोराले पनि स्कूलमा साथीहरूलाई यो कुरा सुनायो । तर, साथीहरूले यो कुरा पत्याएनन् । "नपत्याए लु २।२ रुपैयाँ बाजी थापौँ" भन्दा पहिला पनि यो हारेको

थियो, अहिले पनि हारिहाल्छ भनेर उसका साथीहरूले "ल हुन्छ" भनी बाजी थापेर बाच्छाले नुहाएको र दूध खाएको हेर्न आए । उसले बाच्छालाई फुकाइदियो । बाच्छो दाम्लाबाट फुत्किनासाथ कुद्दै पोखरीमा हामफाल्यो र नुहाएर कुद्दै आएर दूध खान थाल्यो । यो पालि साथीहरूले बाजी हारे र रु २ दिएर गए । ऊचाहिँ अगाडि हारेको रुपैयाँसमेत असुल गरेर खुशी भयो ।

२. एक दिन गुरु नानक चेलाहरू साथ लिएर कतै जाँदै थिए । जाँदाजाँदा कुनै अर्को गाउँमा पुगे । त्यहाँका मानिसले गुरु नानकलाई देख्नासाथ अनेक तुच्छ वचनका गाली गर्दै ढुङ्गामुढा गर्न लागे । तब तिनीहरूतिर फर्केर गुरुनानकले "तिमीहरूको गाउँमा बेलाबेलामा बर्सा भइरहोस् । खान लाउनको कहिल्यै दुःख नपरोस्" भनेर हिँड्नुभयो । केही बेरको हिँडाइपछि फेरि अर्को गाउँमा पुग्नुभयो । त्यहाँका मानिसहरू असाध्यै ज्ञानी र सज्जन रहेछन् । गुरुलाई देख्नासाथ अनेक प्रकारका मेवा-मिष्ठान्न खान दिई अनेक सेवा गर्न थाले । गुरु नानक खुशी भएर उनीहरूतिर फर्केर भन्न थाल्नुभयो, "यो गाउँमा वेलामा पानी नपरोस्; यो गाउँका मानिसहरूलाई खान-लाउन मुस्किल होस्, तिमीहरूलाई संसार डुलेर हिँड्न परोस् ।" यति भनेर त्यहाँबाट हिँड्नुभयो । यो दुवै घटनाका साक्षी भइरहेका चेलाहरूलाई केही सुजबुझ भएन र सोधे "हे महात्मा, यो के भयो ? जहाँका मानिसले दुःख दिए; अनेक नराम्रा गाली गरे– तिनलाई राम्रो आशिष् दिनुभयो । फेरि, जसले सेवा गरे; मीठो खान दिए– तिनलाई यस्तो श्राप किन हजुर ?" गुरु नानकले भन्नुभयो, "यी सज्जन मानिसहरू यो सारा विश्वमा पुगून । यिनीहरू जहाँ जालान्, राम्रो गुण लिएर जान्छन् । राम्रो गुणी मानिसहरूको जमात बढछ । र, यो संसारमा गुणमात्र पाइन्छ । ती बेइमान मानिसहरू यो संसारमा भरिएछन भने यो संसार कस्तो होला ? विचार गर त ।" चेलाहरूले कुरा बुझे र चुपलागेर बसे ।

३. एकादेशमा एउटा अति दुष्ट मानिस रहेछ । उसले कहिल्यै कसैको भलो गरेनछ । कालगतिले समय बित्दै जाँदा ऊ बूढो हुँदै गयो । शक्ति क्षीण हुँदै आयो र एक दिन ऊ ओछ्यानमा पर्‍यो । वरपर उसका छिमेकीले पनि सुने– बूढो ओछ्यानमा परेको र हेर्न आएछन्; बोलाउन आएछन् । त्यस वेला उसले भनेछ, "अब म बाँच्दिनँ । मैलै कहिल्यै तपाईंहरूलाई सुख-सन्चले बस्न पनि दिइनँ । अब म मरेपछि मलाई मेरो चाकबाट घोचो रोपेर घाटमा लानुहोला । यसो गर्नुभयो भने मैले तपाईंहरूमाथि गरेको जो अपराध छ, त्यसबाट म मुक्त हुने थिएँ । मलाई यसै गर्नुहोला" भनेर भोलिपल्टै मरेछ । गाउँलेहरूले सल्लाह गरेछन्– उसको यस्तै माग छ, यो माग पनि पूरा गरिदिऊँ न त भनेर उसको चाकबाट घोचो

घुसारेर घाटतिर लाँदै थिए, बाटोमा सरकारी सेवाका प्रहरी भेटिए। तिनीहरुले "ए, के गरेका हौ ? लौ, यो मानिसलाई तिमीहरूले मारेछौ। अब तिमीहरूले यो ज्यान मारेबापतको सजायँ भोग्नुपर्छ" भनेर पक्राउ गरी थुनामा हालेछन्। दुष्ट मानिसले मरेपछि पनि सुख दिने रहेनछ। उसले आफू मरेपछि पनि यसरी आफ्ना छिमेकीहरूलाई दुःखै दिएर गयो।

४. भगवान् बुद्ध आफ्ना चेलाहरू लिएर सधैँ गङ्गास्नान गर्न जाँदा बाटोमा एक जना वृद्ध गाली गर्दै "ए मुर्ख हो ! यो बुद्ध होइन, यससँग कुनै ज्ञान छैन, ज्ञानी त म हुँ, मेरो पछि लाग, म तिमीहरूलाई स्वर्ग जाने बाटो देखाउन सक्छु, ज्ञान दिन सक्छु, यो बुद्ध त राजा हुन नसकेर हिँडेको; भागेको भगौडा हो, ज्ञानी त म छु," भनिरहन्थे तर बुद्ध यसको कुनै जबाफ-सवाल केही गर्दैनथे; सरासर गङ्गास्नान गर्ने र पुनः आफ्नो कुटीमा गई चेलाहरूमा प्रवचन दिने गर्दथे। यसरी बर्सौं गाली गर्दा पनि बुद्धले कुनै प्रतिक्रिया नजनाएपछि एक दिन ती गाली गर्ने मानिस नै यो बुद्धसँग आफै गएर यसको राज थाहा गर्नुपर्‍यो भनी बुद्धछेउ गएर उनले भने, "ए बुद्ध, मैले तिमीलाई यति धेरै गाली दिइसकेँ तर तिमी त कुनै प्रतिक्रिया नै दिँदैनौ ! यसको के राज छ ?" बुद्ध भन्छन्, "हेर्नुस् बाजे, कसैसँग धन लिए ऋण लाग्छ, गाली लिए रिस उठ्छ। तपाईंले गाली दिनुभयो होला, त्यो गाली मैले त लिएको छैन। त्यसैले मलाई कुनै प्रतिक्रिया नै दिनुपरेन।" बुद्धले यति भनेपछि बाजे पनि "म बुद्ध होइन, तिमी नै बुद्ध; ज्ञानी रहेछौ" भन्दै त्यसै दिनदेखि बुद्ध भगवान्को चेला भएछन्।

५. एक दिन एक किसानले आफ्नो छोरा कत्तिको बाठो भएछ भनी जाँच गर्न छोरालाई बोलाएर भनेछन् "बाबु, यो भेडो लिएर हाटबजार जा। यसलाई बेचेर नुन किनेर, यसैलाई बोकाएर लिएर आइज।" छोरो बजार जान पाएकोमा खुशी थियो। बजार पुग्यो, भेडो बेच्यो, नुन किन्यो। 'फेरि यसैलाई नुन बोकाएर ल्या' भनेको कुरा सम्झ्यो। भेडो त छैन, अब के गर्ने ? आफैँले बोकेर जाऊँ भने बाले 'भेडो खै ?' भनेर कुटपिट गर्छन्। उसलाई फसाद पर्‍यो। सोच्न थाल्यो— यो भेडो लिएर बजार जा, यसलाई बेचेर नुन किन र त्यो नुन यसैलाई बोकाएर ल्या भनेको छ। धेरै बेर सोचेपछि बल्ल बुद्धि पलाएर आयो। त्यो भेडाको रौँ अथवा भुत्ला लामालामा थिए। 'भेडो बेच' भनेको त भुत्ला बेच भनेको पो रहेछ भन्ने बुद्धि सुझेपछि ऊ आफूले बेचेको भेडो फिर्ता लिन गयो र फिर्ता लियो। भेडाको भुत्ला काट्यो र भुत्ला बेच्यो। भुत्ला बेचेको पैसाले नुन किन्यो र त्यो नुन त्यसै भेडालाई बोकाएर घर आयो। यसरी छोराले आफूले सोचेझैँ नै काम गरेर आएकोले बाबुले गम्लङ्ग अँगालो हाले र खुशी भए। छोराले अब म नहुँदा

पनि गरेर खाने रहेछ भनी बाबु ढुक्क भए ।

६. उहिल्यै एक जना टोपी व्यापारी गाउँगाउँमा टोपी बेच्तै हिँड्थे । यही टोपी बेचेको दामले उनको एक छोरा र आफू दुई पति-पत्नीको भरणपोषण गर्थे । एक दिन अरू बितेका दिनभन्दा अलग घटना घट्यो । त्यो के त भने सदाझैँ टोपी बेचेर उनी घरतिर फिर्दै थिए । बाटोमा झम्म परेको वर-पीपलको चौतारामा आइपुगेपछि उनलाई त्यहाँ केही बेर बस्ने इच्छा भयो र उनी त्यहाँ बसे । शीतल हावा पनि चलिरहेको थियो । केही बेरमा नै उनलाई झप्प निन्द्रा लाग्न थाल्यो र उनी सुते । त्यही सुतेको बेलामा एक हुल बाँदर आएर उनको पोकोबाट सबै टोपीहरू बाँदरले लिएर आ-आफ्ना टाउकामा लगाएर वर-पीपलको रुखमा हल्ला गर्दै खेल्न थाले । बाँदरले गरेको हल्लाले टोपी व्यापारीको निद खुल्यो र ब्युँझिएर हेर्दा पोकामा टोपी थिएनन् । सबै टोपी बाँदरले लगाएका थिए । परेन फसाद् ! अब बाँदरबाट कुन जुक्तिले आफ्ना टोपी फिर्ता गर्ने ? सोच्न थाले । र, उनले उठेर यसो तलमाथि हेर्दै आफूले लगाई राखेको टोपी फुत्त आकाशतिर फाले । उनले त्यसरी टोपी फालेपछि सबै बाँदरले पनि आ-आफ्ना टाउकामा भएका टोपी फाल्न थाले र सबै टोपी व्यापारीले जम्मा गरेर पोको पारी मनमन खुशी हुँदै घर आए । आफ्ना पति घर आएको देखेर उनकी पत्नी र छोरा खुशी भए । बेलुका खाना खाने बेलामा दिउँसो घटेको घटना छोरा र पत्नीलाई सुनाए । र, आफूले बाँदरले लगेका सबै टोपी फिर्ता ल्याएकोमा गर्व गरे । समय बित्दै जाँदा एक दिन ती व्यापारीको मृत्यु भयो र उनको छोरो पनि बाबुको पेशा अँगालेर टोपी व्यापारी नै हुन पुग्यो । ऊ पनि बाबुले झैँ गाउँगाउँ गएर टोपी बेच्थ्यो । एक दिन उसको पनि टोपी बाँदरले लगेर लाए । उसले केही सोच्नै परेन । बाबुले जुन कथा पहिले सुनाएका थिए, उसले पनि उसैगरी आफूले लगाइराखेको टोपी आकाशतिर फाल्यो । बाँदरले उसले टोपी फालेको देखेर टोपी त फाले तर टोपी टाउकाबाट झिकेर च्यात्दै, फाल्दै गरे । उसको भारी नोक्सान भयो । किनकि समय अनुसार नै उस्ले पनि सोचेको भए वा आफैँले केही जुक्ति, बुद्धि लगाएको भए सबै टोपी विना हानी-नोक्सानी फिर्ता लिन सक्थ्यो कि ? सधैँ एकनास हुँदैन भनेको सही रहेछ ।

■■

७. कुरा पहिलेकै हो । एक दिन चराहरूको सम्मेलन गर्ने, भनेको मतलब अहिलेको चलनमा महाअधिवेशन गर्ने भन्ने नै हो । सबै चराहरूको मत एकै ठाउँमा आयो । लौ फलाना दिन सम्मेलन गर्ने है भनियो र त्यस दिन आ-आफ्ना बासतिर सबै लागे । सम्मेलन गर्ने भनेको दिन पनि आयो । सबै चराहरू पनि

भेला भए । कुनै पनि भेला, सम्मेलन गोष्ठी आदि जे गर्दा पनि एक सभापतिको आवश्यकता हुन्छ । यहाँ पनि त्यो समस्या भयो । अब सभापति को बन्ने भएपछि सबै चराहरूले मयूरलाई सभापति बन्न अनुरोध गरे । तर, मयूरले आफू सभापति नहरने भन्दै इन्कार गऱ्यो । किन इन्कार ? भन्दा "मभन्दा सभापति हुन त परेवालाई पो सुहाउँछ किनकि उनको शरीर, रूप र निर्णय गर्ने क्षमता पनि छ । तसर्थ परेवालाई सभापति बनाऊँ" भनेर मयूरले प्रस्ताव गऱ्यो । सबैले "लौ हुन्छ" भने । फेरि परेवाले भन्यो, "हुन त हुन्थ्यो तर मेरा खुट्टा यसरी पट्पट फुटेका छन्, त्यसैले म सभापति हुन सुहाउँदिन ।" त्यति खेरको समयमा परेवाका खुट्टा आजका मयूरका जस्ता रहेछन् । तर मयूरकाचैँ त्यो समयमा अहिलेका परेवाका जस्ता रहेछन् । अनि, के भो त ? भन्दा मयूरले भन्यो, "तिमीले सभापति भइन्जेल म मेरा खुट्टा तिमीलाई दिन्छु, हामी खुट्टा साटौँ र यो सम्मेलन सफल पारौँ ।" मयूरको यो प्रस्ताव सबैतिरबाट स्विकृत भयो । यसरी परेवाले मयूरका खुट्टा लिएर सभापति भएर सम्मेलन सकियो । तर, अब परेवामा खुट्टा फिर्ता नदिने लोभी सोच आयो र त्यसै दिनदेखि परेवा गाउँ पस्यो । अरू चराहरू जङ्गलमै छँदै छन् । यसरी परेवाले धोका दिएर मयूरका खुट्टा लिएर फिर्ता नगरे को कारण जब झमझम वर्षा हुन्छ, त्यो वेलामा मयूर 'कि यो पानीमा म मेरा खुट्टा धोएर कति राम्रा बनाउने थिएँ' भन्दै, रुदै गर्छ रे ! पानी परेको वेला मयूर आफ्ना पट् पट फुटेका खुट्टा हेर्दै रोएको अरे ! हामी नाचेको भन्छौँ, त्यो आफ्ना लुगा माथि सारेर धुरुधुरु रोएको हो रे ! परेवाचैँ मानिसको आश्रय लिएर त्यै वेलादेखि गाउँमा बस्न थालेको अरे ! साँच्चै, परेवाका खुट्टा कति राम्रा हगि ?

८. मित्र द्रोहेत पातकम् । धोका दिनु द्रोह हो । माखेसाङ्लोमा अरूलाई पार्नु द्रोह हो । भगवान्सँग नडराउनु, राक्षसी प्रवृत्ति अपनाई अरूलाई पीडा दिनु द्रोह हो । अघिकै समयमा हो– एक पटक काग र मुसाको मित्रता भएछ । काग मुसालाई भन्छ, "मित्र, आज मलाई केही गर्न मन लागेको छैन । तसर्थ म यहीँ बस्छु । तपाईँ आफूलाई चाहिने खानेकुरा लिन जानुहोस् ।"

मुसाले सोध्यो, "किन र मित्र ? तपाईँलाई के भएको छ ?"

कागले भन्यो, "आज मलाई भोक लागेको छैन ।"

मुसा भन्छ, "पछि बेलुकातिर त लाग्ला नि !"

"खै, त्यो वेलाको कुरा अहिले म कसरी भनौ ? तसर्थ मित्र मुसा, तपाईँ जानुहोस् ।"

"लौ त, उसोभए म खानेकुरा खोज्न हिँडेँ" भनेर मुसो हिँड्यो । काग त्यहीँ बसिरह्यो । कागको मनमा खोट थियो । ऊ मित्रद्रोह गर्न लागेको थियो ।

उसले सोचेको थियो कि– आज म यो मुसालाई खान्छु। ऊ यही सोचमा मग्न थियो । बेलुकी पख मुसो आयो, काग बसेकै थियो । मुसाले आउँदा-आउँदै सोध्यो, "के सन्च भएन ?" कागमा पापीमन पलाइसकेको थियो ।

"अँ त, हेर्नु न !" भन्दै छेवैमा आयो र कागले मुसालाई क्वाप्प पारेर खाइहाल्यो । मुसाले ऐय्या भन्न पनि पाएन । तसर्थ, मित्रता कागले कागसँगै र मुसाले मुसैसँग गरेको राम्रो हुनेरहेछ। असमान वर्गको मित्रता दीर्घकालसम्म चल्दैन। यो कुरा काग र मुसाको असमान मित्रताले जन्माएको धोकाबाट छ्याङ्ग भएको छ। मित्रद्रोह गर्नाले काग पातकी भएको हो ।

९. एक जना किसानले आफ्नो बगैँचामा नानाथरिका बोटबिरुवा रोपेर हराभरा बनाएका थिए । त्यसभित्र एउटा सुन्तलाको बोट पनि थियो । उसमा अरू बिरुवाको भन्दा बढी नै घमण्ड भएकोले ऊ हावा चल्दा अन्य बिरुवाको झैँ झुक्तैन थियो। ऊ हावासँग भन्थ्यो, "ए, तँ मलाई झुकाउन खोज्ने ? लौ त म झुक्तै झुक्तिनँ, म निहुरिन्नँ। लौ त, कसरी मलाई त झुकाउँछस् ।" यस्तै गरी ऊ अरू बिरुवासँग पनि तिमीभन्दा म राम्रो, असल भन्दै ठूला कुरा गर्ने गर्थ्यो। वरिपरि उसको कसैसँग पनि राम्रो सम्बन्ध थिएन। एवम् रीत समय बित्दै गयो। अरू बोटचाहि हावा आउँदा जता हावाले ठेल्छ, उतै ढल्किन्थे। उनीहरूका जराले पनि अनेक बल, जुक्ति पुर्‍याई शक्ति सञ्चय गरेर आफ्नो रक्षा गरेका हुन्थे । र, अरू सबै बढेर अग्ला पनि थिए। पोषण पुग्नाले हरिया र राम्रा पनि थिए । यस्तैमा एक दिन ठूलो हावा चल्यो। अरू बिरुवा लचिला हुनाले लच्किँदै, उठदै गरेर भाँचिएनन् तर त्यो म निहुरिन्नँ; झुक्तिनँ भन्ने बिरुवा अथवा बोटचाहिँ त्यही दिनको हावाले कत्रक्क भएर भाँचियो । बिचरा, उसले पनि आफूलाइ लचिलो बनाई अरू सोसरह हुँ भन्ने ठानेर आफूसँग नभएको बुद्धि सोधेर मिलनसार भएर बसेको भए भाँचिने पनि थिएन, अरू बिरुवा फल्दा उसमा पनि फल लाग्ने थियो। घरका मानिसहरू आएर आहा कति मिठो फल भन्दै पाकेपछि टिपेर खान्थे। यो प्रशंसा सुन्दा कति मन खुशी हुन्थ्यो होला। तर, उसले यो स्वाद घमण्डी हुनाले लिनै पाएन। घमण्ड गर्नु त राम्रो होइन रहेछ नि !

■■

सूर्यविनायक ४, भक्तपुर

नवराज लामिछाने

# श्रीगणेशपुराणे दूर्वाया महत्त्वकथनम्



## १. विषयपरिचयः

श्रीगणेशपुराणम् उपपुराणमस्ति । यथा अष्टादश महापुराणानि संस्कृतवाङ्मये प्रसिद्धानि सन्ति तथैव अष्टादश उपपुराणानि च प्रसिद्धानि सन्ति । एतेषु उपपुराणेषु मध्ये श्रीगणेशपुराणम् अतीव महत्त्वपूर्णम् उपपुराणं मन्यते । गणनायकस्य श्रीगणेशस्य साङ्गोपाङ्गचरितस्य वर्णनम् अस्मिन् उपपुराणे समुपलभ्यते । यदि विघ्नबाधायाः संहारकर्ता यः कोऽपि देवो वर्तते चेत् स देव श्रीगणेशो वर्तत इति निर्देशनमेव अस्य उपपुराणस्य प्रामुख्यमुद्देश्यमस्ति । श्रीगणेशस्य उपासको जन एव विघ्नबाधाभिः सर्वाभिर्बहिर्भवितुं शक्नोतीति सिद्ध्यर्थमत्र अनेकानेकोपाख्यानरूपाः कथाः संवर्णिताः प्राप्यन्ते । आसु उपाख्यानरूपासु कथासु मध्ये दूर्वामहात्म्यनिरूपणप्रसङ्गे या याः कथाः समागच्छन्ति तासु कथासु दूर्वाङ्कुरसमर्पणात् श्रीगणेशः प्रसन्नीभूय कीदृशानां पापकर्मरतानां जनानां च समुद्धार ोऽभवदिति निर्देशनमतीव महत्त्वपूर्णमस्ति । अतोऽस्य लेखस्य प्रामुख्यो विषय एव श्रीगणेशपुराणानुसारं दूर्वाया महत्त्वप्रतिपादनमस्ति ।

## २. विषयप्रवेशः

श्रीगणेशपुराणे द्वौ खण्डौ विराजेते । एक उपासनाखण्डोऽपरश्च क्रीडाखण्डः।प्रथमे खण्डे द्विनवत्यध्यायास्(९२) तथा क्रीडाखण्डे पञ्चपञ्चाशदधिकशता- (१५५) ध्यायाः सन्ति । द्वयोः खण्डयोरध्यायसङ्ख्यामेलनेन अस्मिन् पुराणे सप्तचत्वारिंशदधिकद्विशता- (२४७) ध्यायाः सन्ति । अस्य पुराणस्य समग्रश्लोकसङ्ख्या द्वादशसहस्रं (१२०००) वर्तते । इदं पुराणं भार्गवपुराणनाम्ना च प्रसिद्धमस्ति । भृगुनाम्ना ऋषिणा सोमकान्तनाम्ने राज्ञे उपदेशप्रदानात् पुराणमिदं भार्गवपुराणमिति नाम जग्राह इति मतं समीक्षकाणामस्ति । कूर्मपुराणानुसारम् इदं पुराणं 'भार्गवम्' इति नाम्ना अष्टादशतमे स्थाने समागतं दृश्यते । वाल्मीकिना प्रणीते आनन्दरामायणे तु 'विनायकम्' इति षोडशतमे स्थाने समागतं दृश्यते । एष

प्रसङ्गोऽत्रैव तिष्ठतु । लेखस्यास्य मुख्यमुद्देश्यं दूर्वाया महत्त्वं श्रीगणेशपुराणे कुत्र कुत्र प्रतिपादितमस्तीति अन्वेष्टुमस्ति । अतोऽस्मिन् प्रसङ्ग एव एष लेखो नीतो वर्तते ।

## ३. दूर्वापरिचयः

दूर्वा संस्कृतशब्दो वर्तते । एष शब्दो घासविशेषरूपमर्थं बोधयति । एषा दूर्वा नेपालीभाषायां 'दुबो' इति कथ्यते । शब्दोच्चारणे जनरसानाः सरलतायाः पक्षपातिन्यो भवन्तीति भाषाविदां मतमस्ति । अतः संस्कृतभाषेतरा जनरसना इमं संस्कृतदूर्वाशब्दमेव अपभ्रंशरूपेण वदन्ति । यथा, प्राकृतभाषावादिन्यो जनरसनाः 'दुब्बो' इति समुच्चारयन्ति । एवञ्च नेपालीभाषावादिन्यो जनरसनाः 'दुब्बो' इति स्थाने 'दुबो' इति समुच्चारयन्ति । एवञ्च हिन्दीभाषावादिन्यो जनरसनाः 'दुबो' इति स्थाने 'दूब्' इति समुच्चारयन्ति । एवञ्च आङ्गलभाषावादिन्यो जनरसनाः 'दुबो' इति स्थाने 'बहामाग्रास', 'कोचग्रास', 'डेभिल्सग्रास', 'दुबग्रास', 'बरमुडाग्रास' इति नाम्ना समुच्चारयन्ति ।

## ४. दूर्वाया नामानि

अमरवाणाविरचिते अमरकोशे दूर्वाया एते शब्दाः पर्यायरूपेण प्राप्यन्ते– शतपर्विका, सहस्रवीर्या, भार्गवी, रूहा, अनन्ता च । अमरकोशानुसारं एतानि सर्वाणि नामानि हरितायाः दूर्वायाः सन्ति । अस्मिन् कोशे श्वेतदूर्वायाश्च नामानि प्राप्यन्ते । यथा– गोलोमी, शतवीर्या, गण्डाली, शकुलाक्षका च । अस्य कोशस्यानुसारं दूर्वे द्वे प्रकारके भवत इति अनुमातुं शक्यते । एका हरिता दूर्वा अपरा च श्वेता दूर्वा । अस्यैव अमरकोशस्यानुसारं हरिता दूर्वा सहस्रवीर्यात्मिकी तथा श्वेता दूर्वा शतवीर्यात्मिकी भवतीति च ज्ञातुं शक्यते । चन्द्रराजभण्डारी– (विशारदः) महोदयेन सम्पादिते वनौषधिचन्द्रोदयनामके ग्रन्थे दूर्वाया एतानि अन्यानि नामानि च समुल्लिखितानि दृश्यन्ते । यथा– अमरी, अमृता, अनुवल्लिका, असितालता, बहुवीर्या, भूतहन्त्री, ज्या, महौषधिः, महायरी, मङ्गला च । एवञ्च योगिना धर्ममहारसमहोदयेन सम्पादिते महारसनिघण्टुनामके ग्रन्थे चोक्तानि अधिकांशनामानि दूर्वायाः पर्यायनामरूपेण सङ्गृहीतानि दृश्यन्ते । दूर्वाया ल्याटिननाम अर्थात् वैज्ञानिकं नाम– 'सिनोडोन', 'डेक्टिलोन' इति विहितञ्च दृश्यते ।

## ५. दूर्वाया मानवजीवने उपयोगिता

मानवस्य शरीरं रोगगृहमस्ति । अतो मानवशरीरस्य रोगहरणार्थं यथा आधुनिकैश्चिकित्सकैरनेके उपाया अवलम्बिता दृश्यन्ते

तथैव प्रचीनकालिकैश्चिकित्सकैरपि रोगहरणार्थमनेकेषां वनस्पतीनाम् अध्ययनम् अनुसन्धानञ्च विधाय आयुर्वेदशास्त्रस्य प्रणयनं कृतमासीत्। यच्च आयुर्वेदशास्त्रमधुनापि विराजते । यथा घासविशेषस्य ब्राह्मीनाम्नो (घोरताप्रे) घासस्य रोगनिवारणार्थं महत्त्वमस्ति तथैव दूर्वाया अपि वर्तते । वनौषधिचन्द्रोदयनामकग्रन्थानुसारं दूर्वाघासो मानावानां वा जन्तूनां एतान् रोगान् निवारयितुं समर्थो भवति। यथा- मूत्रकृच्छ- मूत्रजलन- पित्तवमन- ज्वर- मलेरियानामकज्वर- मूत्ररुधिरप्रस्रवण- जलोदर- रक्तप्रदर- आमातिसारादयो रोगा दूर्वाघासेन निवार्यन्ते । एतेषु रोगेषु दुर्वायाः प्रयोग उपयुक्तो भवतीति निर्देशनं महारसनिघण्टुनामके ग्रन्थे च प्राप्यते ।

## ६. श्रीगणेशपुराणे दूर्वाया महत्त्वकथनम्

अस्य पुराणस्य द्वयोरेव खण्डयोर्दूर्वाया महत्त्वप्रतिपादनात्मिक्यो विस्मयकारिण्यः कथाः समुपलभ्यन्ते । अस्य पुराणस्य प्रथमोपासनाखण्डस्य द्विषष्ठीतमे, त्रिषष्ठीतमे, चतुःषष्ठीतमे, षष्ठषष्ठीतमे, सप्तषष्ठीतमे तथा षष्ठसप्ततितमे अध्याये दूर्वाया सुन्दरो महत्त्वाधायको विविधकथाप्रसङ्गः समायाति । तासु कथासु मध्ये सुलभनाम्नः क्षत्रियस्य, सुमुद्रानाम्न्याः स्त्रियस्तथा मधुसूदननाम्नो ब्राह्मणस्य कथा दूर्वाया महत्त्वप्रतिपादने समुल्लेखनीयास्ति ।

प्राचीनकाले भारतदेशस्य दक्षिणभागस्थायां जाम्बानगर्यां एकः सुलभनामा क्षत्रियो निवसति स्म । स दानी, गुणी, धनी, बलवान, विवेकी, ब्रह्मण्यश्चासीत् । स गणेशस्य नित्यभक्त आसीत । तस्य पत्नी सुमुद्रा आसीत् । एषापि सर्वगुणसम्पन्ना चासीत् । कस्मिंश्चित् काले एतौ दम्पती स्नानं विधाय पुराणश्रवणार्थं उष्यमानौ आस्ताम् । अत्रैवान्तरे भीक्षाभिलाषी मधुसूदननामा ब्राह्मणस्तत्रागतः । अस्य ब्राह्मणस्य वस्त्राणि मलिनानि छिन्नभ्रष्टानि चासन् । एनं दृष्ट्वा सुलभोऽपि प्रणामकर्म विहितवान् । परं मोहवशात् वा तस्य छिन्नभिन्नमलिनवस्त्रस्य दर्शनात् उपहासभावेन स क्षत्रियो जहास । ततः एतावते उपहसिताय तस्मै क्षत्रियाय स ब्राह्मणः 'दुर्वुद्धे ! त्वं हलकर्षणको वृषभो भव' इति शापं प्रदत्तवान् ।

अनेन ब्राह्मणेन पत्युः कृते प्रदत्तं शापमाकर्ण्य सुलभपत्नी अपि तस्मै ब्राह्मणाय 'त्वमपि गर्धभो भव' इति शापं प्रदत्तवती । स्वंप्रति एनं शापमाकर्ण्य स बाह्मणोऽपि तस्यै कृते 'त्वं चाण्डाली भव' इति शापं प्रदत्तवान् । एवं परस्परशापप्रदानकारणात् ते सर्वे शापक्रमानुसारं सुलभो वृषभस्य, मधुसूदनो गर्दभस्य तथा सुमुद्रा चाण्डाल्या रूपत्वेन जनिं लेभिरे ।

जाम्बा नगरस्य दक्षिणभागे एकं श्रीगणेशस्य सुन्दरं मन्दिरमासीत् । यत्र मनोरथपूरणाय अनेके जनाः समागछन्ति स्म । कस्मिंश्चित् काले अटमानया तया

चाण्डाल्या इदं श्रीगणेशमन्दिरं दर्शितम् । अत्रैवान्तरे तत्र मन्दिरे भाद्रचतुर्थीतिथौ गणेशोत्सवो जनैः समारब्धो मानितश्च । अस्मिन्नेव काले विशाला वर्षा सञ्जाता । अनया वर्षया पीडिता सा चाण्डाली आश्रयार्थं यत् यत् गृहं गच्छति स्म तस्मात् तस्माद् गृहात् निरस्ता वा तिरस्कृता भवति स्म । एवं निरूपाया सा चाण्डाली शुष्कतृणानि सङ्कलय्य तस्य एव श्रीगणेशस्य मन्दिरस्य सन्निधौ तानि तृणानि प्रज्वाल्य तेभ्य तृणेभ्य समुत्पन्नमग्निं तप्यमाना आसीत् । दैववशात् वा भाग्यवशात् तेषु तृणेषृ मध्ये दूर्वाघासोऽपि विद्यमान आसीत् । दैवयोगात् सा दूर्वा वायुमाध्यमेन श्रीगणेशस्य मस्तके पपात । दैववशात् स ब्राह्मणरूपो गर्धभस्तथा क्षत्रियरूपो वृषभोऽपि तत्राजगाम । तत्र गर्धभवृषभयोरन्तराले महान् युद्धः सञ्जातः । चाण्डालीद्वारा तत्र आनीतानि तृणानि ताभ्यां भक्षितानि आसन् । दैवयोगात् परस्परशृङ्गयुद्धरतयोः तयोर्मुखात् एका एका दूर्वा श्रीगणेशस्य शुण्डे चरणे च पतिता बभूव । मन्दिरे एवं विधं दृश्यं दृष्ट्वा पार्श्वस्था जनाः तत्रागत्य चाण्डालीं गदर्भं वृषभञ्च ताडितवन्तः । ताडनात् ते आर्तस्वरेण क्रन्दमाना आसन् । तेषाम् आर्तनादेन श्रीगणेशस्य मनसि दया जागृता बभूव । एतेषां माध्यमेन मम अनेकवारं पूजाराधना सञ्जाता । अज्ञानवशादपि एभिर्मम अनेकवारं परिक्रमा विहितास्ति । यो भाद्रशुक्लचतुर्थ्यां माम् एकं दूर्वाङ्कुरं समर्पयति स मम कृते अत्यन्तप्रियो भवति । यः प्रदक्षिणां करोति स च मम प्रियो भवति । एवं विधं कर्म एभिरज्ञानवशादेव भवतु तथापि कृतमतः सर्वान् एतान् मम धाम्नि प्रेषयामीति चिन्तयित्वा सर्वान् तान् श्रीगणेशः स्वधाम्नि नीतवान् ।

उपर्युक्तकथाप्रसङ्गात् मानवजीवने दूर्वायाः कीदृशं महत्त्वमस्तीति ज्ञातुं शक्यते । चाण्डाली-गर्दभ-वृषभानाम् अज्ञानवशात् समर्पणसञ्जातायाः दूर्वाया एतादृशं महत्त्वं भवति चेद् ज्ञानवशात् कृतस्य दूर्वाप्रयोगस्य महत्त्वं कीदृशं भवितुं शक्नोतीति ज्ञानम् उपयुर्क्तकथाप्रसङ्गो मानवेभ्यो ददाति ।

एवञ्च दूर्वाया महत्त्वप्रतिपादने कालानलासुरकथाप्रसङ्गश्च अतीव महत्त्वपूर्णो वर्तते । अस्य पुराणस्य उपासनाखण्डस्य त्रिषष्ठीतमेऽध्याये दूर्वायामहत्त्वं देवता मुनयश्च सम्पूर्णरूपेण वर्णयितुम् असमर्था भवन्तीति कथनं समुपलभ्यते । अस्मिन्नेवाध्याये स्वकीयां पत्नीम् आश्रयां प्रति कौडिन्यनाम्ना ऋषिणा कालानलासुरस्य कथाप्रसङ्गो दूर्वाया महत्त्वप्रतिपादनार्थं प्रस्तावितो दृश्यते ।

श्रीगणेशपुराणनुसारं कालानलासुरो दानवो धर्मराजस्य वीर्यात् समुत्पन्न आसीत् । वेदपुराणानुसारं दानव उग्रकर्मा भवत्येव । अस्य दानवस्य उग्रकर्मतो सकलसंसारस्था जनाः पीडिता बभूवुः । सर्वेषां देवानां प्रार्थनातः प्रसन्नीभूय श्रीगणेश एनं कालानलासुरनामानं दानवं पीतवान् । अस्य दानवस्य पानप्रसङ्ग

उपासनाखण्डस्य चतु:षष्ठीतमेऽध्याये समायाति । अनलासुरस्य पानपश्चाद् तदग्निना श्रीगणेशस्य उदरे कण्ठे च अतीव सन्तापः समुत्पन्नः । श्रगणेशस्य एनं सन्तापं शान्त्यर्थं इन्द्रेण चन्द्रः समर्पितः । चन्द्रोऽपि तं सन्तापं संहर्तुं असमर्थो बभूव । अत्र श्रीगणेशस्य तं सन्तापं संहर्तुम् अनेके देवा अनेकान् उपायान् कृतवन्तः । तथापि तैरूपायैः श्रीगणेशस्य कण्ठे उदरे च स्थितः सन्तापः शान्तो नैव जात । तत्पश्चात् अष्टअष्टाशीतिसहस्रैः (८८०००) ऋषिभिः श्रीगणेशस्योपरि एकविंशति–एकविंशतिसङ्ख्यात्मिक्यो दूर्वाः समर्पिताः । अनेन कारणेन श्रीगणेशस्य कालानलासुरपानप्रसङ्गेन इन्द्रियेषु समुत्पन्नः सन्तापः शान्तो जातः । अस्मात् कथाप्रसङ्गादपि मानवजीवने दूर्वाया महत्त्वम् अतीव अस्तीति ज्ञायते । एवञ्च अस्य एव पुराणस्य द्वितीयस्य क्रीडाखण्डस्य षष्ठविंशतितमे अध्याये दूर्वायाः समपर्णात् पिङ्गलनाम्नो व्याधस्य तथा भीमनामकस्य राक्षस्य मुक्तिकथाप्रसङ्गश्च समुपवर्णितो वर्तते ।

**सन्दर्भग्रन्थाः**


१. गौतम, कुलचन्द्र, सम्पा. (...), अमरकोशः (अमर वाणा), वाराणसी : हितचिन्तक प्रेस ।

२. ढकाल, वेणिमाधव, (२०७२ वि.सं.), श्रीगणेशपुराणम्, काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार ।

३. भण्डारी, चन्द्रराज ‘विशारदः’, (२०५७), वनौषधिचन्द्रोदयः (भाग १–५), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

४. योगी, धर्ममहारस, (२०७६), महारसनिघण्टु, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।


■■


*आचार्यः, इतिहासपुराणम्, वाल्मीकिविद्यापीठम्*
*नेपालसंस्कृतविश्वविद्यालयः*

# कविता-वाचन एवं 'अमर ज्योति'लोकार्पण



'नेपाल विद्युत् प्राधिकरण विद्युत्कर्मी साहित्यिक समाज'ले आयोजना गरेको 'तीन तियाँ' कवि गोष्ठी एवम् 'अमरज्योति साहित्यिक त्रैमासिक' को ५२ औँ अङ्क लोकार्पण कार्यक्रम सम्पन्न भएको छ ।

प्राधिकरणको प्रधान कार्यालय रत्नपार्कस्थित रुफटप हलमा २०७८ पुस १६ गते शुक्रबार कविता-वाचन एवं पुस्तक लोकार्पण कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' पूर्वअध्यक्षद्वय कुलप्रसाद पराजुली र पुण्य घिमेरे, नेविप्राका निर्देशकद्वय बेलप्रसाद शर्मा र शिव अधिकारी एवम् आमन्त्रीत तीन जना कविहरूले 'अमरज्योति साहित्यिक त्रैमासिक' को ५२ औँ अङ्कको संयुक्त रूपमा लोकार्पण गरेका थिए ।

कार्यक्रममा वाल्मीकि विध्यापीठका 'प्राक्शास्त्री प्रशिक्षक' नवराज लामिछाने तथा नेपाल विद्युत प्राधिकरणका स्रष्टाद्वय रीता खत्री र विष्णुप्रसाद आचार्य 'अतृप्त' ले ३/३ थान विविध भावभूमिका जम्मा ९ थान कविता-वाचन गरेका थिए ।

विद्युत्कर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमालले उपस्थित साहित्य अनुरागीहरूलाई न्यानो स्वागत गर्दै 'तीन तियाँ' कवि गोष्ठी आयोजनाको औचित्यमाथि प्रकाश पारेका थिए ।

कार्यक्रममा वाल्मीकि विध्यापीठका प्राक्शास्त्री प्रशिक्षक लामिछानेले अलग–अलग छन्दमा रचित व्यवहारोपयोगी भावका तीन वटा कविता सुमधुर स्वर लहरीमा वाचन गरेका थिए । कवि रीता खत्रीले समसामयिक विषयवस्तुलाई सम्बोधन गरेर लेखिएका तीन वटा कविता वाचन गरेकी थिइन् भने अर्का कवि एवम् 'अमरज्योति त्रैमासिक'का कार्यकारी सम्पादक विष्णुप्रसाद आचार्य 'अतृप्त'ले छोटा ३ थान कविता प्रस्तुत गरेका थिए ।

समाजका अध्यक्ष कृष्णदेव रिमालले कोभिड सङ्क्रमणका कारण केही समय यता भौतिक रूपमा कार्यक्रमहरू सञ्चालन हुन नसकेको सन्दर्भमा यो नौलो कार्यक्रममार्फत विद्युत्कर्मी साहित्यिक समाज पुनः साहित्यिक गतिविधिमा सक्रिय हुन थालेकोमा खुशी व्यक्त गरे ।

कार्यक्रम सञ्चालन समाजकी कार्यसमिति सदस्य शारदादेवी भट्टराईले गरेकी थिइन् ।

■■

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव- कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छेटौं एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युत्कर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गःसी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमील्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५१११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३

३०. ध्रुवराज भट्टराई–
३१. रमापति पराजुली– ९८४२०२७७५६
३२. विन्दु शर्मा– ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य– ९८५१०५४३६०
३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान– ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल– ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक– ९८४१२७८६५८
४०. सरोज अर्याल– ९८४६०८८२३१
४१. यादवराज घले– ९८४१३६१६९६
४२. उषा सिंह– ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल– ९८४१८३५६८५
४६. राजु शर्मा– ९८४१४२६४६२
४७. रीता खनाल– ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई– ९८४९३६५९९७
४९. सुभाष दाहाल– ९७५१००८२२६
५०. सिन्धु यादव–
५१. नवराज भट्ट–
५२. रङ्गराज सिंखडा–
५३. भोजराज पौडेल–
५४. अनिरुदप्रसाद यादव– ९८४१५०२३५८
५५. हरिकृष्ण शाह– ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय– ९८४१३९०१९३
५७. दीपक दाहाल– ९८४९१७४७९९
५८. आर.आर. चौलागाई– ९८४५३५१०००
५९. कृष्णहरि दाहाल– ९८५११९९००२
६०. गोसाईं के.सी.– ९८५१०१२२५३
६१. मधुकर थापा–
६२. ओमप्रकाश घिमिरे– ९८४१६३५९१९
६३. सुजाता थापा– ९८४१३८९४३१
६४. दीपकराज आचार्य–
६५. गङ्गालाल श्रेष्ठ–
६६. राजकुमार रमण– ९८४१२३४३५३
६७. उमा घिमिरे– ९८४१९३२५४२
६८. रीता खनाल– ९८४१६०२१७२
६९. समीरा नेपाल–
७०. दीपक ढकाल– ९८४३८४८८९५
७१. शङ्कर खड्का– ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु– ९८४१८१८२५७
७३. प्यारु राणा– ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी– ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ– ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल– ९८५११९०६७५
७९. कोमल कौशिक– ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने– ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी– ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल– ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित– ९८५११०४५६७
८४. केशवराज वाग्ले–
८५. राजु के.सी.– ९८४१४०२७३५
८६. चण्डिका रायमाझी– ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी– ९८४१४०२८३६
८८. तारादत्त भट्ट– ९८५११३५३९२
८९. शारदा पराजुली– ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट– ९८४८०२४९६५
९१. कपिलदेव महतो– ९८४१२७२७६६
९२. थर्कबहादुर थापा– ९८४१२२४९३९
९३. इन्दिरा पौडेल–
९४. शारदादेवी भट्टराई– ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ– ९८१०३६३९३०
९६. टीकाराज कार्की– ९८५१०६९५६८
९७. प्रकाश आचार्य– ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान– ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना– ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल– ९८४१५४८३९३
१०१. शिव राई– ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी– ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई– ९८४१२२८४५९

१०४. सुशीला लामा- ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती- ९८५१०३६७७६
१०७. चूडामणि आचार्य- ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम- ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल- ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'- ९८४९४४७४८९
१११. बलराम पुडासैनी- ९८४१४०५००७
११२. केदारराज सिलवाल- ९८५१०९४४५९
११३. भरतकुमार खड्का- ९८५१०३४६७५
११४. भोला शर्मा- ९८४१३३७७७२
११५. उर्मिला शर्मा- ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाईं- ९८४३०५१४५०
११८. बलराम चौलागाई- ९८४९२३५४९६
११९. मनोज सिंह- ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल- ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित- ९८४१७६२९४०
१२३. देवीमाया दाहाल- ९८४१३३३७९४
१२४. निर्मला सुवेदी- ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने- ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी- ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल- ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल- ९८४१५४८३७८
१३०. कल्पना कोइराला- ९८४१८०३२००
१३१. थीरकुमार खत्री- ९८४१५७०९२२
१३२. सोमराज शाह- ९८४१०२७९२७
१३३. सङ्गीता कार्की- ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती- ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले- ९८४१५१०५४७
१३९. प्रशून अधिकारी- ९८५११६६८१०
१४०. रामहरि गौतम- ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल- ९८४५४६०५२
१४२. मदन तिम्सिना- ९८५११९८३४५
१४३. हरराज न्यौपाने- ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र- ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी- ९८४१४७५२८७
१४६. मनोज सिलवाल- ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल- ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी- ९८४१२४२६५५
१५०. शम्भु बस्नेत- ९८५१०७४००४
१५१. हरिहर बराल- ९८४१३०५२४२
१५२. केदार प्र. धिताल- ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर- ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा- ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी- ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल- ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई- ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई- ९८४१३२०३१०
१६२. मणिराज नेपाल- ९८५१०४००५६
१६३. दीपा खकुरेल- ९८४१४४८५३०
१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५

१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७
१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११
१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०

२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शमशेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी..............................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६४. मधुकर बस्नेत - ९८४१७९०७४८
२६५. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६६. हरिबहादुर थापा - ९८४९००२१२३
२६७. सुमनराज मानन्धर - ९८४९३९३१६९
२६८. तेजकान्त उपाध्याय -९८५५०३१९६४
२६९. रञ्जित शाह - ९८४९१२४५९०
२७०. विवेक तिम्सिना - ९८५११९९२७३
२७१. सरस्वती केसी - ९८४१८२७७५१
२७२. दीपकराज श्रेष्ठ , ९८४१०९५८७९
२७३. दीपक चौधरी, ९८५११-६२६५०
२७४. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७५. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७६. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७७. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७८. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७९. सुनिता खड्का, ९८४५०३०९९९
२८०. उपेन्द्र सिंह, ९८४१३०००२६
२८१. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८२. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८३. सुलोचना आचार्य, ९८४१८६१८१९
२८४. एलिना कार्की, ९८४३४७३६५९
२८५. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८६. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८७. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८८. सोबित थपलिया, ९८४१८९८७२३
२८९. अनिल पुडासैनी, ९८४१४४६५६५
२९०. शोभा दर्लामी, ९८४९१२८४५७
२९१. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९२. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९३. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९४. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९५. भक्ती चौलागाईं, ९८६५११५४३९८
२९६. छविलाल अधिकारी, ९८५६०४१९९९
२९७. बबिता पौडेल, ९८४६१३४६०२
२९८. सूर्यप्रसाद पौडेल,  ९८४६०७८२२४
२९९. राजु बराल, ९८५६०४६४०८
३००. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३०१. कृष्णप्रसाद ढकाल, ९८..........
३०२. निरोज पौडेल, ९८५११९१९२६
३०३. कबिन्द्रकुमार झा, ०९६८२१४६४२
३०४. सन्तबहादुर कुवर, ९८५६९६१८०
३०५. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०६. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०७. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०८. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०९. अर्जुन तिवारी, ९८४६०९७६४२
३१०. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३११. अनिल अर्याल, ९८४६१२२६०२
३१२. किशोर घिमिरे, ९८५७०६६६८१
३१३. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१४. सुदिप पौडेल, ९८४६१९९१०४
३१५. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१६. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१७. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१८. नमराज रिमाल, ९८४०७३९१७५
३१९. विकाश चौधरी, ९८५६०३११९१
३२०. किरण चौधरी, ९८४६९४०५०३
३२१. कृष्णप्रसाद पौडेल, ९८४३७३५८१
३२२. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२३. सन्तोष गौतम, ९८४१३७८९५१
३२४. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | |
|---|---|---|---|
| १. बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. यथार्थ प्रतिबिम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ |
| २. मोहनबहादुर कायस्थ | २०६८ |
| ३. पुष्पनाथ शर्मा | २०६९ |
| ४. विष्णुबहादुर सिंह | २०७० |
| ५. कृष्णमोहन जोशी | २०७१ |
| ६. केशव रूपाखेती | २०७२ |
| ७. वीरेन्द्र पाठक | २०७३ |
| ८. पुण्य घिमिरे | २०७४ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. भुवनचन्द ठकुरी | २०७५ |
| ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. पुष्कर पुरी | २०७५ |
| १३. जुजुकाजी रञ्जित | २०७६ |
| १४. देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. कमला श्रेष्ठ- | २०७७ |
| १६. आर.आर. चौलागाईं | २०७८ |



विद्युतको अधिकतम प्रयोग गरौं ।
इन्धन परनिर्भरता कम गरौं ।।
नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
नेपाल विद्युत प्राधिकरण
'उज्यालो नेपालको संवाहक'